जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १० • २०८३ साल जेठ १६ गते शनिबार (30 May, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कृषि, स्वास्थ्य र सुशासनमा केन्द्रित नीति तथा कार्यक्रम



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम निकै महत्वकांक्षी रहेको देखिन्छ।

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गरेका छन् ।

प्रदेश प्रमुख डा. कर्णले सदनमा प्रस्तुत गरिएको आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रम कृषि, व्यवसाय, स्वास्थ्य, र सुशासनमा केन्द्रित रहेको छ।

मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले पहिलोपटक मधेश प्रदेशको अपनत्व हुने खालको नीति तथा कार्यक्रम ल्याएको देखिन्छ । मुख्यमन्त्री यादव नेतृत्व सरकारको टीममा अर्थमन्त्री युवराज भट्टराई समीर र आयोगका नवनियुक्त नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले मधेश प्रदेशका आमजनको आवश्यकतालाई पहिचान गरी नीति तथा कार्यक्रम ल्याइएको टिप्पणी हुन थालेको छ।

पहिलोपटक मधेश प्रदेश सरकारले प्रदेशको आवश्यकतालाई पहिचान हुने गरी कृषि, व्यवसाय, स्वास्थ्य र सुशासनलाई प्राथमिकतामा दिएको छ।

प्रदेश सरकारले ल्याएको नीति कार्यक्रममा बाल विवाह र दाइजो प्रथा न्यूनीकरण गर्न चेतनामूलक कार्यक्रम प्राथमिकतालाई समेत समेट्न खोजिएको छ । 'मेड इन मधेश, समृद्ध प्रदेश' भन्ने नारा मध्येनजर गर्दै उत्पादनशील मधेश आत्मनिर्भर देश अभियान अघि बढाइने भएको छ।

खाद्यान्नमा आत्मनिर्भर बढाउन कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, कृषिजन्य आयात न्यूनीकरण तथा निर्यात प्रवर्द्धन गरी कृषिलाई प्रादेशिक अर्थतन्त्रको मेरुदण्डका रूपमा विकास गरी फिड द नेसनलाई थप प्रभावकारी गराइने उल्लेख गरिएको छ।

मधेश प्रदेशका विशिष्ट रैथाने बाली पहिचान, संरक्षण र व्यावसायिक प्रद्धर्वनको नीति अवलम्बन गरी धान,गहुँ, मकै,कोदो तेलहन र दलहन बालीको बिउमा पूर्ण आत्मभर्निर बनाउन बीज प्रवर्द्धन परियोजना सञ्चालन गरिनेछ।

प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा उखुको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खेती भइरहेका क्षेत्रफल विस्तार गर्न मल बीउ आधुनिक उपकरण सिचाइँको खेती प्रवर्द्धन सुधार योजना सञ्चालन गरिनेछ।

खेतीयोग्य जमिन बाँझो राख्न नपाइने नीति लागू गर्दै त्यसलाई उत्पादनमूलक कार्यमा लगाउन प्रदेश भूमि बैंकको अवधारणा ल्याइने भएको छ । कुपोषणमुक्त प्रदेश निर्माणका लागि दुग्ध र दुग्धजन्य उत्पादनमा जोड दिइएको छ । स्वदेशी दूध तथा खाद्यान्नमा आधारित प्राकृतिक पोषण संकल्पका साथ पञ्जीकरण विभाग र दिवा खाजा कार्यक्रम बजेटलाई एकीकृत गरी उत्पादन गर्ने उद्योग स्थापना गर्ने नीति कार्यक्रममा उल्लेख गरिएको छ।

त्यस्तै आफ्नै प्रदेश आफ्नै रोजगारी भन्ने नारालाई सार्थक बनाउन स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना गरिने, कम्तीमा एक हजार जनालाई रोजगारी प्रदान गर्ने रोजगारदाता तथा उद्योगलाई प्रदेश सरकारका तर्फबाट रोजगारदाता सम्मान प्रदान गर्ने कार्यक्रम ल्याइनेछ । त्यस्तै प्रदेशको संवैधानिक अधिकार उद्योग तथा लगानी सेवा केन्द्र स्थापना गरिने भएको छ।

मधेश प्रदेशका व्यावसायिक उत्पादनहरूलाई 'मेड इन मधेश ब्रान्ड' अन्तर्गत प्रशोधन प्याकेजिङ र प्रमाणीकरण गरी अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने स्वदेशी उत्पादनको बिक्री-वितरणका लागि प्रमुख सहरमा खरिद-बिक्री केन्द्र स्थापना गरिनेछ।

### बालेन सरकारको बजेट सार्वजनिक

## आगामी आव ०८३/८४ को बजेट २१ खर्ब २४ अर्ब ३४ करोड विनियोजन

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्षका लागि सरकारले २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट विनियोजन गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आवका लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सदनमा सार्वजनिक गरेका छन् ।

चालु आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा २५.२ प्रतिशतले वृद्धि गरिएको यस बजेटमा खर्चको तुलनामा आम्दानीको स्रोत कम हुँदा साढे ६ खर्ब रुपैयाँभन्दा बढीको घाटा रहेको देखिएको छ।

कुल विनियोजनमध्ये सबैभन्दा ठूलो हिस्सा चालु खर्चमा छुट्याइएको देखिन्छ । चालुतर्फ १२७० अर्ब ५८ करोड रुपैयाँ अर्थात् ५९.८ प्रतिशत विनियोजन गरिएको छ।



त्यस्तै विकास निर्माणका लागि पुँजीगततर्फ ४३१ अर्ब १० करोड (२०.३ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ ४२२ अर्ब ६४ करोड रुपैयाँ (१९.९ प्रतिशत) बजेट व्यवस्था गरिएको छ । बालेन्द्र साह नेतृत्वको सरकारले विकास खर्चको तुलनामा साधारण खर्च र ऋणको सावाँ-ब्याज भुक्तानीमा ठूलो रकम खर्च गर्नुपर्ने अवस्था बजेटले देखाएको छ।

आगामी आवका लागि अनुमान गरिएको कुल खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट १४०५ अर्ब ३१ करोड रुपैयाँ र वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड रुपैयाँ संकलन हुने लक्ष्य राखिएको छ।

राजस्व र अनुदानबाट प्राप्त हुने रकमले खर्च धान्न नसक्ने भएपछि बजेटमा ६५७ अर्ब २ ९ करोड रुपैयाँ न्यून रहेको छ । ठूलो घाटा बजेटको मुख्य चुनौतीका रूपमा रहेको देखिए पनि ऋणमार्फत पूर्ति गर्ने सरकारको योजना रहेको बताइएको छ।

बजेटको न्यून पूर्ति गर्न सरकारले वैदेशिक ऋणबाट २४७ अर्ब २८ करोड रुपैयाँ परिचालन गर्ने लक्ष्य राखेको छ। राजस्व र वैदेशिक सहायताबाट नपुग हुने बाँकी ४१० अर्ब रुपैयाँ रकम आन्तरिक ऋणबाट उठाइने भएको छ।

यद्यपि आगामी आव २४५ अर्ब ८९ करोड आन्तरिक ऋणको सावाँ भुक्तानी गर्नुपर्ने भएकाले सरकारको खुद आन्तरिक ऋण परिचालन १६४ अर्ब ११ करोड रुपैयाँ मात्र हुने बजेट वक्तव्यमा उल्लेख गरिएको छ।

चालु आवको बजेटमा करका दरमा व्यापक पुनरावलोकन गरिएको छ। अर्थमन्त्री डा. वाग्लेले अर्थतन्त्रको स्वरुप फेर्ने र पत्यारिलो नीतिगत प्रबन्धको घोषणा गरेका छन् । अन्तःशुल्क र अनावश्यक ३१ संरचना खारेज गरिएको छ । पूर्वाधार क्षेत्रमा फड्को मार्न 'सन सेट' कानुन ल्याउने, केही नेपाल ऐनमार्फत असान्दर्भिक कानुन खारेज गरिने भएको छ।

विकास र वातावरणबीच सामाञ्जस्य गर्ने प्रस्ताव गरिएको बजेटमा अश्वर वण्ड, एआइ फ्याक्ट्री, मातृभूमि कोष, रुग्ण उद्योगलाई निजी सरकारी साझेदारी, सूचना प्रविधिको विस्तारमा अर्जुनदृष्टि, नेपाललाई 'टेक हब'जस्ता अति महत्वकांक्षीसहित नयाँ कार्यक्रम समेटिएको छ।

## बजेटको प्राथमिकतामा मधेश



**सुभाष कर्ण**

जनकपुरधाम । बालेन्द्र साह नेतृत्वको सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको बजेटले मधेश प्रदेशलाई विशेष प्राथमिकतामा दिँदै पूर्वाधार, स्वास्थ्य, कृषि, पर्यटन, खानेपानी र खेलकुद क्षेत्रमार्फत दीर्घकालीन विकासको योजना समेटिएको छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय संसद्‌को संयुक्त बैठकमा प्रस्तुत गरेको बजेटमा मधेशका विगतका योजनालाई निरन्तरता दिँदै नयाँ रणनीतिक विभिन्न परियोजना थपिएको छ। यसले प्रदेशको आर्थिक तथा सांस्कृतिक संरचनामा महत्वपूर्ण परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

यसपटकको बजेटको सबैभन्दा चर्चित र बहसको केन्द्रमा रहेको विषय जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गर्ने घोषणा छ। सरकारले ऐतिहासिक जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाउने औपचारिक तयारी गरेको छ । धार्मिक आस्थाको केन्द्र जनकपुरधामलाई विश्व मानचित्रमा स्थापित गर्ने उद्देश्यसहित सरकारको योजनामा यसलाई 'विवाह गन्तव्य' का रूपमा ब्राण्डिङ गर्ने अवधारणा समेटिएको छ।

सोही लक्ष्यलाई समर्थन गर्न रामजानकी पथ र रामजानकी परिक्रमा सडकको स्तरोन्नतिका लागि समेत आवश्यक बजेट विनियोजन गरिएको छ। सरकारको योजना अनुसार जनकपुरधामलाई धार्मिक पर्यटनसँग मात्र होइन, सांस्कृतिक पहिचान र अन्तर्राष्ट्रिय आकर्षणसँग पनि जोड्ने प्रयास गरिएको देखिन्छ।

पर्यटन विकासको दायरालाई अझ फराकिलो बनाउँदै सरकारले सप्तरीको सखडा, धनुषाको धनुषाधाम र बाराको गढीमाई क्षेत्रलाई धार्मिक-पर्यटन करिडोरका रूपमा विकास गर्ने घोषणा गरेको छ । यी क्षेत्रलाई एकीकृत धार्मिक मार्गसंग जोडेर आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने लक्ष्य बजेटमा समेटिएको छ।

रेलमार्ग विस्तारलाई पनि सरकारले यसपटकको बजेटमा प्राथमिकतामा राखेको छ। बर्दिबास-काठमाण्डु द्रुत रेलमार्गको कामलाई अघि बढाइने, निर्माणाधीन बर्दिबास-विराटनगर रेलमार्गका लागि बजेट सुनिश्चित गरिने तथा जनकपुर-जयनगर-बर्दिबास रेलमार्गको बाँकी काम सम्पन्न गर्न आवश्यक रकम विनियोजन गरिएको छ । यसलाई मधेशको व्यापारिक गतिविधि विस्तार, सीमा व्यापार सुदृढीकरण र यातायात सञ्जाल सुदृढीकरणसँग जोडेर हेरिएको छ।

खेलकुद पूर्वाधारतर्फ सरकारले ४ अर्ब ३ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । मधेश प्रदेशमा आयोजना हुने प्रस्तावित ११ औँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै आवश्यक पूर्वाधार निर्माण गरिने भएको छ । आगामी तीन वर्षभित्र कम्तीमा ८ हजार दर्शक क्षमताका १० वटा फुटबल रंगशालालाई फ्लडलाइटसहित स्तरोन्नति गर्ने योजना पनि समावेश गरिएको छ। यसका साथै विराटनगर, लहान, काठमाण्डु, पोखरा, सुर्खेत र धनगढीमा २ हजार दर्शक क्षमताका इन्डोर मल्टिपर्पोज स्टेडियम निर्माण गरिने घोषणा गरिएको छ।

तर बजेट सार्वजनिक भएसंगै मधेशका दुई प्रमुख खेल संरचना–जनकपुरधामस्थित राम जानकी रंगशाला र वीरगञ्जको नारायणी रंगशाला–को विषयले व्यापक चर्चा पाएको छ। यी ऐतिहासिक रंगशालालाई स्तरोन्नतिका लागि स्पष्ट कार्यक्रम नसमेटिएको भन्दै स्थानीय स्तरमा आलोचना बढेको छ।

खेल पूर्वाधारको सन्दर्भमा लहानमा दुई हजार दर्शक क्षमताको इन्डोर मल्टिपर्पोज स्टेडियम निर्माण गरिने योजना भने बजेटमा समावेश गरिएको छ, जसलाई क्षेत्रीय खेलकुद विकासको प्रारम्भिक कदमका रूपमा हेरिएको छ।

स्वास्थ्य क्षेत्रतर्फ मधेशको वीरगञ्जस्थित नारायणी अस्पताल, राजविराजको गजेन्द्रनारायण सिंह अस्पताल तथा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकासलाई तीव्रता दिने घोषणा गरिएको छ। मधेश प्रदेशमै मिर्गौला उपचार केन्द्र र ट्रमा सेन्टर स्थापना गर्ने योजना पनि अघि बढाइएको छ।

कृषि तथा सिचाइँ क्षेत्रलाई समेट्दै सिरहा-सप्तरीमा उत्पादन हुने आँपलाई औद्योगिक रूप दिने उद्देश्यसहित प्रशोधन केन्द्र स्थापना गरिने भएको छ भने सर्लाहीमा गोलभेडा प्रशोधन केन्द्र निर्माण गरिने योजना समावेश गरिएको छ।

तराई-मधेशको जलचक्र सन्तुलन कायम गर्न पोखरी निर्माण, तटबन्ध, पहिरो नियन्त्रण र पानीका स्रोत संरक्षणका लागि करिब १ अर्ब रुपैयाँ छुट्याइएको छ । यसले दीर्घकालीन रूपमा जलस्रोत व्यवस्थापनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

खानेपानी संकट समाधानलाई पनि सरकारले प्राथमिकतामा राखेको छ । सुख्खा मौसममा देखिने पानी अभाव कम गर्न सामुदायिक स्तरमा डिप बोरिङसहितका आयोजना विस्तार गरिने भएको छ। 'आर्सेनिक मुक्त तराई अभियान' सञ्चालन गर्ने घोषणा गरिएको छ भने अधुरा रहेका २८० खानेपानी आयोजनालाई सम्पन्न गर्न २ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको छ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले बजेटबारे प्रतिक्रिया दिँदै आगामी आवको बजेट आकर्षक देखिए पनि कार्यान्वयन पक्ष कमजोर हुन सक्ने आशंका व्यक्त गरेका छन् ।

त्यस्तै नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष विजय साहले भने बजेटले मधेशलाई प्राथमिकतामा राखेको भन्दै सकारात्मक प्रतिक्रिया दिए। स्वास्थ्य, पर्यटन, कृषि र सिँचाइ क्षेत्रमा भएको लगानीले निजी क्षेत्रलाई समेत प्रत्यक्ष फाइदा पुग्ने उनको भनाइ छ। उनले कर छुट, अन्तःशुल्क छुट, डिजिटल भुक्तानी प्रोत्साहन, व्यवसायिक वातावरण सुधार र उद्योग सञ्चालन सहज बनाउने सरकारी घोषणाले व्यवसायिक वातावरण सुधार हुने विश्वास व्यक्त गरेका छन् ।



# पत्रकार महासंघ मधेशको भवन निर्माण शुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिको आफ्नै कार्यालय भवन निर्माण कार्य अघि बढाएको छ।


जनकपुरधाम उपमहानगरपालिका-४ स्थित महासंघको स्वामित्वमा रहेको जग्गामा एक कार्यक्रमकाबीच भवनको शिलान्यास गर्दै निर्माण कार्य पक्रिया अघि बढाएको हो।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतो र पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जाराले संयुक्त रुपमा पूजा अर्चना गर्दै शिलान्यास गरेका हुन्।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महतोले पत्रकार महासंघको भवन निर्माण कार्य सम्पन्न गर्न प्रदेश सरकारको पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले मधेश प्रदेश सरकारले यसअघि नै भवन निर्माणका लागि २० लाख रुपैयाँ बजेट विनियोजन गरिसकेको उल्लेख गर्दै आगामी बजेटमा समेत आवश्यक रकम छुट्याइने स्पष्ट पारे। सञ्चार क्षेत्रको सुदृढीकरण तथा पत्रकार हरूको संस्थागत विकासका लागि सरकार सकारात्मक रहेको भने।

नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले भवन निर्माणका लागि गुठी संस्थानबाट ४ कठ्ठा जग्गा लिजमा प्राप्त गरेको जनाएको छ। जनकपुरधाम-४ स्थित तैनाथी गुठीको उक्त जग्गामा अब महासंघको आफ्नै भवन निर्माण हुने भएको हो। शिलान्यास कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाबाट सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

# राजनीतिक मतभेदभन्दा माथि उठेर राष्ट्रिय सहकार्य गर्नुपर्ने



काठमाण्डु। नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले राजनीतिक मतभेदभन्दा माथि उठेर राष्ट्रिय सहकार्य आवश्यक भएको बताउनुभएको छ।

गणतन्त्र दिवसका अवसरमा शुक्रबार शुभकामना सन्देश जारी गर्दै उहाँले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा नेपालीको पहिलो जिम्मेवारी भएको बताउनुभएको छ।

सन्देशमा उहाँले जनताको सङ्घर्षबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै समृद्ध, न्यायपूर्ण र आत्मनिर्भर नेपाल निर्माणमा सबै एकजुट हुनुपर्नेमा जोड दिनुभएको छ। देशलाई राजनीतिक स्थायित्व, सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धितर्फ अघि बढाउन सबै राजनीतिक शक्ति र नागरिकबीच एकता अपरिहार्य नेता दाहालले सन्देशमा उल्लेख गर्नुभएको छ। रासस

# मल संकट र पर्यावरणीय चुनौती चिर्न 'जलवायु च्याम्पियन' अभियान

सिरहा। यही जेठ ७ गते कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गतको कृषि विकास महाशाखाले एउटा सार्वजनिक सूचना जारी गऱ्यो। पश्चिम एसियामा जारी द्वन्द्वका कारण रासायनिक मलको विश्वव्यापी आपूर्ति शृंखला खण्डित भएको र वर्षे धान बालीको सिजनमा रासायनिक मलको समस्या हुनसक्ने सरकारी प्रक्षेपण उक्त सूचनामा जनाइएको छ।

सरकारले रासायनिक मलको विकल्पमा गँड्यौला मल, गोठेमल र हरियो मल (ढैँचा)जस्ता वैकल्पिक उपायहरूको प्रयोग गर्न किसानहरूलाई आह्वान गरेको छ। तर प्रश्न उठ्छ, के केवल सरकारी सूचनाको भरमा वर्षौंदेखि रासायनिक मलमा आश्रित किसान रातारात आत्मनिर्भर बन्न सक्छन् ?

यो नीतिगत र व्यावहारिक खाडललाई चिर्न मधेस प्रदेशका किसानले एउटा नयाँ मार्गचित्र कोरेका छन्, जसको नाम हो- 'जलवायु च्याम्पियन' अभियान। अब किसानहरू केवल प्रविधिको प्रयोगकर्तामात्र रहेनन्, उनीहरू आफ्नो हक, दिगो कृषि र अनुकूल नीतिका लागि आफैँ आवाज उठाउने नीतिगत अभियन्ताका रूपमा बदलिँदै गएका छन्।

मन्त्रालयले जारी गरेको सूचनामा गँड्यौला मल (भर्मिकम्पोष्ट)ले प्रतिहेक्टर पाँच टन प्रयोग गर्दा १६३ केजी युरियाबराबरको काम गर्ने विशिष्टता उल्लेख गरिरहँदा सिरहाको धनगढीमाई नगरपालिका-१० दनुवारी टोलकी अनिता महतो र सुगन्धादेवी सिंहले विगत छ महिनादेखि यसलाई व्यवहारमै उतारिसकेका छन्। राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको अगुवाइ एवं केयर नेपालको आर्थिक सहयोगमा सञ्चालित 'जलवायुमैत्री गाउँ परियोजना'मार्फत उनीहरू आबद्ध 'महारानी महिला कृषक समूह'ले अहिले व्यावसायिक रूपमा गँड्यौला मल उत्पादन गरिरहेको छ।

"विगतका वर्षहरूमा वर्षे बाली भित्र्याउने सिजन नजिकिँदै गर्दा रासायनिक मल नपाएर खेतमै बाली सुक्ने हो कि भन्ने ठूलो चिन्ता हुन्थ्यो। मलका लागि डिलर र बजारमा दिनभर लाइन बस्दा पनि रित्तो हात फर्कनुपर्ने बाध्यता थियो। तर, परियोजनामा जोडिएपछि हाम्रो सोच र बानी दुवै फेरिएको छ। अहिले मलको खोजीमा बजारतिर भौँतारिनु पर्दैन, हाम्रै खोर र आँगनको फोहरबाट बन्ने गँड्यौला मलले माटोको स्वास्थ्य (कार्बन) पनि सुधारेको छ र बजारको परनिर्भरता पनि तोडेको छ", अनिता महतोले भन्नुभयो।



त्यस्तै, सिरहा र सप्तरीका विभिन्न पालिकाहरूमा मल्चिङ प्रविधि, थोपा सिँचाइ, छोपुवा विधि र सोलार प्रणालीको प्रयोग बढ्दो छ। तर, यो अभ्यास केही सीमित समूह र गाउँमा मात्र सीमित छ। यसलाई समुदायस्तरमा व्यापक रूपमा विस्तार गर्न अब प्राविधिक ज्ञानमात्र होइन, 'नेतृत्व र पैरवी' को आवश्यकता छ।

## 'जलवायु च्याम्पियन'मार्फत ज्ञान आदानप्रदान

परम्परागत रूपमा कृषि प्रविधि हस्तान्तरण गर्ने जिम्मा सरकारी संयन्त्रको मात्र मानिन्थ्यो। तर, राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको छातामुनि सिरहाको धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा यो अभियान सञ्चालन गरिएको छ। यी छवटा पालिकामा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्ने लक्ष्यका साथ कृषक पाठशालादेखि 'जलवायु च्याम्पियन क्षमता विकास अभिमुखीकरण तालिम' र अन्तर पालिका सिकाइ आदानप्रदान कृषक भ्रमणसम्मका कार्यक्रमले परम्परागत परिपाटीलाई तोडिदिएका छन्। छवटा पालिकाका अगुवा महिला किसानहरू अब आफ्नै समुदायका लागि 'प्राविधिक र सचेतक' बनेका छन्।

कृषिको दिगो विकास र प्रविधि विस्तारका लागि परम्परागत सरकारी प्रसार प्रणालीभन्दा किसान आफैँ सक्रिय हुने मोडल बढी प्रभावकारी हुने विज्ञहरूको ठहर छ। मन्त्रालयले जारी गरेका प्राविधिक सूचनाहरू वा परियोजनाले भित्र्याएका आधुनिक प्रविधिहरू तबमात्र भुइँ तहसम्म संस्थागत हुन्छन्, जब किसान आफैँ प्रशिक्षक बनेर गाउँगाउँ पुग्छन्।

यही नीतिगत र व्यावहारिक पाटोलाई केलाउँदै राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल, 'जलवायुमैत्री गाउँ परियोजना'का वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापा भन्नुहुन्छ, "किसानलाई केवल प्रविधि हस्तान्तरण गरेर वा अनुदान बाँडेरमात्र कृषिमा दिगोपन आउँदैन। वास्तविक रूपान्तरण तब सम्भव हुन्छ, जब किसान आफैँले सिकेको ज्ञान र अनुभव अर्को किसानलाई सिकाउँछ। यो 'किसानबाट किसानमा ज्ञान हस्तान्तरण'को मान्यताले सिकाइको गतिलाई तीव्र त बनाउँछ नै, साथै समुदायस्तरमा अपनत्व र नेतृत्वसमेत स्थापित गर्छ।"

यही रूपान्तरणलाई पुष्टि गर्दै लक्ष्मीपुर पतारीकी अगुवा कृषक दुर्गी चौधरी भन्नुहुन्छ, "पहिले खेती गर्दा मौसमले ठग्यो भन्दै पीडा सहेर बस्ने गर्थ्यौं। तर, यो दिगो कृषिको अभ्यासले हामीलाई 'जलवायु च्याम्पियन'को नयाँ जिम्मेवारी र पहिचान दिएको छ। अब हामी हानिकारक रासायनिक मल घटाउन र माटोको स्वास्थ्य सुधार्न आफ्ना समूहका अरू दिदीबहिनीलाई प्राविधिक रूपमा सिकाउने मात्र छैनौं, आफ्नो अधिकारका लागि आफैँ अगाडि बढेर महासङ्घको अगुवाइमा वडा कार्यालय र पालिकास्तरमै पुग्नेछौँ। त्यहाँ जलवायु अनुकूलनका लागि आवश्यक नीति बनाउन र बजेट छुट्याउन स्थानीय सरकारलाई प्रत्यक्ष दबाब र पैरवीसमेत गर्नेछौँ।"

## वडा र पालिकाको अपनत्व

जलवायुमैत्री कृषि अब केवल प्राविधिक विषय रहेन, यो नीतिगत र राजनीतिक पैरवीको सवाल बनेको छ। सिंहदरबारमा बन्ने नीतिले मधेसको खेतको माटो बुझ्दैन भन्ने भाष्य यहाँको जनमानसमा रहेको पाइन्छ। त्यसैले 'जलवायु च्याम्पियन'हरूले अब स्थानीय तहबाटै हस्तक्षेप सुरु गर्ने रणनीति बनाएका हुन्।

जलवायु च्याम्पियनहरूले तयार गरेका विस्तृत कार्ययोजनाअनुसार यी महिला नेतृत्वहरुले आआफ्नो वडा कार्यालय र स्थानीय सरकार (पालिका)मा गएर जलवायुमैत्री योजनाका लागि पैरवी गर्नेछन्। यस्ता कार्यक्रम सफल हुन स्थानीय सरकारले यसलाई आफ्नै नीति र वार्षिक बजेटमा समावेश गर्नुपर्छ। च्याम्पियनहरूले पालिकाको कृषि शाखासँग समन्वय गरी स्थानीय स्रोत परिचालनमा दबाब दिनेछन्।

किसानहरू सधैँ अनुदान र दयाका पात्रमात्र बन्ने परिपाटीको अन्त्य गर्दै, उनीहरूलाई आफ्नो अधिकारका लागि आफैँ बोल्न सक्ने बनाउनु नै महासङ्घले सञ्चालन गरेको यो अभियानको मुख्य लक्ष्य रहेको कार्यक्रम अधिकृत थापाको भनाइ छ। उहाँका अनुसार यो अभियानको अर्को महत्त्वपूर्ण आयाम किसानको वर्गीकरणसँग जोडिएको छ। सीमान्तकृत, साना र महिला किसान जलवायु परिवर्तनको सबैभन्दा ठूलो मारमा छन्, तर राज्यको अनुदान र प्रविधिमा ठूला किसानहरूको मात्र हालीमुहाली देखिन्छ।

जलवायु अनुकूलनका प्रविधि र अभ्यासहरू कागजमा जति उत्साहजनक देखिन्छन्, तिनलाई भुइँ तहका आमकिसानको पहुँचसम्म पुर्याउन र दिगो बनाउन उत्तिकै ठूला व्यावहारिक चुनौतीहरू छन्। परियोजना सञ्चालन हुन्जेल किसानले सहयोग पाए पनि त्यसको दिगोपन र बजार सुनिश्चितता नभएसम्म यस्ता अभियानहरू बीचैमा रोकिने खतरा रहन्छ।

यही स्थलगत चुनौती र आगामी उपायहरूबारे केलाउँदै कृषि प्राविधिक तथा लक्ष्मीपुर पतारीका फिल्ड सुपरिवेक्षक उमेशनन्दन चौधरी आफ्नो प्राविधिक अनुभव यसरी सुनाउनुहुन्छ, "मैदानमा काम गर्दा हामीले के देख्यौँ भने मल्चिङ, थोपा सिँचाइ र टनेल हाउसजस्ता प्रविधि उपयोगी भएर पनि अझै धेरै साना र सीमान्तकृत किसानको आर्थिक पहुँचभन्दा बाहिर छन्। त्यसैले परियोजना सकिएपछि पनि यी प्रविधिको निरन्तर विस्तारका लागि स्थानीय सहकारी वा कृषक समूहहरूलाई 'बीउ पुँजी'को व्यवस्था गर्न स्थानीय सरकारले ठोस नीति नै बनाउनु पर्छ।"

प्राविधिक चौधरी अगाडि थप्नुहुन्छ, "अबको मुख्य पाटो बजारको हो। रासायनिक मललाई प्रतिस्थापन गर्दै किसानले उत्पादन गरेको गँड्यौला मल वा जैविक विधिबाट उत्पादित 'अर्ग्यानिक' कृषि उपजलाई बजारमा छुट्टै पहिचान (ब्राण्डिङ) दिन आवश्यक छ। किसानले आफ्नो मिहिनेतको उचित मूल्य पाउने सुनिश्चितताका लागि ठाउँठाउँमा 'सङ्कलन केन्द्र' खोल्ने र सिधै बजारसँग पहुँच सुदृढ गर्ने संयन्त्र पालिकाले बनाइदिनुपर्छ। साथै, खडेरी वा अतिवृष्टिका कारण हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि किसानलाई वित्तीय साक्षरतासहित 'जलवायु बीमा'मा जोड्नुपर्छ र मोबाइल एप वा सामाजिक सञ्जालमार्फत समयमै मौसमी पूर्वसूचना दिने संयन्त्र पालिकास्तरमै बन्न सक्यो भनेमात्र महासङ्घले थालनी गरेका 'जलवायु च्याम्पियन'हरूको अभियानले पूर्णता पाउनेछ।"

मल सङ्कटको यो घडीमा नेपाल सरकारको कृषि मन्त्रालयले जारी गरेको वैकल्पिक मलको सूचनालाई कार्यान्वयन गर्ने एउटा उपर्युक्त माध्यम 'जलवायु च्याम्पियन' अभियान पनि बनेको छ। यो अभियानलाई वडा र पालिकास्तरबाटै अपनत्व दिलाई देशव्यापी रूपमा लैजान सकेमात्र किसानको खस्कँदो उत्पादकत्व जोगिनेछ र वैदेशिक रोजगारीमा जाने युवालाई स्वदेशमै रोक्न सकिनेछ।

रैथाने र दिगो पर्यावरणीय खेतीपातीको यो अभियान भुइँ तहका वास्तविक किसानहरूको सक्रियता र सामूहिक आवाजबाट मात्र अगाडि बढ्न सक्ने राष्ट्रिय कृषक समूह महासङ्घ नेपालका राष्ट्रिय अध्यक्ष पञ्चकाजी श्रेष्ठको भनाइ छ। यसका लागि महासङ्घले देशभर सचेतना अभियान सञ्चालन गर्नुका साथै अभियानको अगुवाइ गर्न आफ्ना संरचनाहरू परिचालन गर्ने अध्यक्ष श्रेष्ठले बताउनुभयो। रासस

# राजनीतिक परिवर्तनले मात्र युगका अपेक्षा पूरा हुँदैनन्, राज्यसत्ताको चरित्र र आचरणमा बदलाब ल्याउनुपर्छ: राष्ट्रपति पौडेल

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिक व्यवस्था र शासकीय संरचनामा हुने परिवर्तनबाट मात्र युगका अपेक्षा पूरा नहुने बताउनुभएको छ।

गणतन्त्र दिवसका अवसरमा सैनिक मञ्चमा शुक्रबार आयोजित विशेष समारोहमा उहाँले त्यसका लागि राज्यसत्ताको चरित्र, आचरण, राजनीतिक निष्ठा र मूल्यमान्यतामा पनि परिवर्तन ल्याउन आवश्यक भएको बताउनुभयो। "अन्यथा, व्यवहारले राजनीतिक परिवर्तनलाई पुष्टि गर्दैन", राष्ट्रपति पौडेलले भन्नुभयो।

गणतन्त्रको मर्यादालाई बचाउन र यसलाई अझ समृद्ध बनाउन राजनीतिक निष्ठा, मूल्यमान्यता एवं आचरणमा परिवर्तनसहित एकताबद्ध भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो। "यसका आफ्नै मूल्यमान्यता र नैतिक दायराहरू हुन्छन्, त्यसलाई बिर्सिएर हामीले इतिहासको अभिभारा पूरा गर्न सक्दैनौँ", राष्ट्रपतिले भन्नुभयो।

सामाजिक न्याय, विकास र समृद्धि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उच्चतम र सार्थक अभ्यासमा अगाडि बढ्न तथा राजनीति, राज्य र राजकाजलाई नैतिकता, निष्ठा र मूल्यमान्यताको सीमाभित्र आबद्ध गर्न आजका दिनले प्रेरणा दिने उहाँले विश्वास व्यक्त गर्नुभयो।

मुलुकमा उत्पन्न विषम परिस्थितिपछि प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएर बलियो जनादेशसहितको सरकार बनेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले जनचाहनाअनुसार समृद्धिका लागि सुशासन, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र सामाजिक उन्नतिलाई आफ्नो आधारभूत मार्गदर्शनका रुपमा अगाडि बढाउने निर्णय गरेको बताउनुभयो।

उहाँले शासकीय सुधारका एक सय कार्यसूचीलाई पूर्ण कार्यान्वयन गर्दै सीमारहित अर्थतन्त्र, तौलरहित व्यापारको निमित्त संरचनागत र कानूनी सुधार गर्ने सरकारको निर्णय कार्यान्वयन भई जनतामा आशा जागृत हुने विश्वास व्यक्त गर्नुभयो।



ढिलासुस्ती, अनियमितता र बेथिति प्रमुख सत्रु भएको जनाउँदै राष्ट्रपतिले लोकतान्त्रिक गणतन्त्रको सुन्दर सपना बोकेका नागरिकलाई यीनै वेथितिले निराश नबनाउने भन्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो। "जबसम्म प्रत्येक नागरिकका जीवनमा आशाको दियो बल्नेछैन, त्यो बेलासम्म हामीले रगत र पसिनासँग साटेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लक्ष्य पूरा हुँदैन", राष्ट्रपतिले भन्नुभयो।

नागरिकले सुशासनसहितको समृद्धि खोजिरहेको भन्दै उहाँले यसका लागि हाम्रा स्रोतको उच्चतम् प्रयोग गर्न आवश्यक भएको बताउनुभयो। "आर्थिक विकास र समृद्धिबाट शासन व्यवस्थालाई नागरिकको जीवनसँग जोड्न सक्छौँ, यो नै आजका लागि हाम्रो ऐतिहासिक अभिभारा हो", उहाँले भन्नुभयो।

परिवर्तनलाई नागरिकको जीवनसँग जोड्न राजनीतिक उपलब्धि मात्रै पर्याप्त नहुने भन्दै राष्ट्रपतिले शासकीय चरित्रसँगै राजनीति, पार्टी र नेताको चरित्रलाई पनि बदल्नुपर्ने धारणा व्यक्त गर्नुभयो। "गणतन्त्रको उत्कृष्टताको सार्थकता प्राप्त गर्न हाम्रो राजनीति, हाम्रो शासकीय शैली, राजनीतिक दल र जनप्रतिनिधिमूलक संस्थाहरूलाई पूर्ण लोकतान्त्रिक, निष्पक्ष, प्रतिस्पर्धात्मक, न्यायपूर्ण र प्रभावकारी बनाउन ढिलो गर्न हुन्न भन्ने म ठान्दछु", उहाँले भन्नुभयो।

राष्ट्रपति पौडेलले प्राप्त उपलब्धिलाई सबल बनाउन सम्पूर्ण त्याग र विनयशीलताका साथ प्रयत्न गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले राजनीतिक अधिकारको जगमा सामाजिक न्यायसहितको आर्थिक र सामाजिक समृद्धि सुनिश्चित गर्नुपर्ने धारणा राख्नुभयो।

"हाम्रा राजनीतिक दल, हाम्रो सरकार, हाम्रो नेतृत्व सृजनशील, विनयशील र जनउत्तरदायी तथा चरित्रवान र आचरणशील हुनैपर्दछ, हाम्रा शासकीय संरचना र राज्यअङ्गहरूलाई गतिशील र परिणाममुखी बनाउनै पर्दछ, हामीले सशासनको प्रत्याभूति दिनै पर्दछ", राष्ट्रपतिले भन्नुभयो।

राष्ट्रपति पौडेलले स्थानीय र प्रदेश सरकारले संविधानबमोजिमको जिम्मेवारी निर्वाह गरिरहेको उल्लेख गर्दै शासकीय व्यवस्थामा जनताका घरआँगनबाट सार्वभौमिकताको अभ्यास भइरहेको बताउनुभयो। "नागरिकको गुनासो भए शासकीय संरचनाबाट नै सम्बोधन गर्न सकिने उदार, उन्नत लोकतान्त्रिक अभ्यास भइरहेको छ, यसले लोकतन्त्रको जग बलियो बनाउँछ", उहाँले भन्नुभयो। रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | जीवनसाथीसंगको सम्बन्ध मधुर रहनेछ। |
| वृष : | स्वास्थ्यमा सुधार आउनेछ। पुराना शत्रु र प्रतिस्पर्धीहरु परास्त हुनेछन्। |
| मिथुन : | बौद्धिक र रचनात्मक कार्यमा रुचि बढ्नेछ। |
| कर्कट : | पारिवारिक विषयलाई लिएर केही मानसिक चिन्ता बढ्न सक्छ। |
| सिंह : | तपाईको हिम्मत र पराक्रममा वृचि हुनेछ। |
| कन्या : | आर्थिक दृष्टिकोणले दिन राम्रो छ। |
| तुला : | सामाजिक प्रतिष्ठा र मान-सम्मान बढ्नेछ। |
| वृश्चिक : | खर्चको मात्रा बढ्न सक्छ, त्यसैले आर्थिक बजेट बनाएर चल्नु होला। |
| धनु : | आजको दिन निकै भाग्यशाली साबित हुन सक्छ। |
| मकर : | कार्यक्षेत्रमा तपाईको वर्चस्व बढ्नेछ। नयाँ पदोन्नति वा जिम्मेवारी पाउने योग छ। |
| कुम्भ: | भाग्यले पूर्ण साथ दिनेछ। धार्मिक र आध्यात्मिक कार्यमा मन जानेछ। |
| मीन: | आजको दिन अलि सावधानी अपनाउनु पर्ने देखिन्छ। |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नेपाल सरकारद्वारा प्रस्तुत आ.व. २०८३/०८४ बजेटको पूर्णपाठ

**प्रतिनिधिसभाका सम्माननीय सभामुख महोदय**
**राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष महोदय,**

१. आधुनिक नेपालका प्रथम अर्थमन्त्री श्री सुवर्ण शमशेरबाट करिब ७५ वर्षअघि (२००८ साल माघ २१ गते) प्रारम्भ भएको मुलुकको आय र व्यय विवरण पेश गर्ने प्रणालीलाई निरन्तरता दिँदै यो सम्मानित सदनमा उभिँदा गौरवान्वित छु। "जनताको जीवनस्तर बेहतर" पार्ने तत्कालीन उद्देश्य आजपनि उत्तिकै सान्दर्भिक छ। यस अवसरमा नागरिक स्वतन्त्रता, लोकतान्त्रिक अधिकार, सामाजिक न्याय र समुन्नत नेपालका लागि भएका विभिन्न आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै आन्दोलनमा आहत नागरिकहरूप्रति समानुभूति व्यक्त गर्दछु।

२. उत्तरदायी शासन, सदाचार र नागरिक सम्मानको पक्षमा उठेको परिवर्तनकामी युवाशक्तिको जागरणबाट स्थापित नयाँ राजनीतिक जगमा प्राप्त विपुल जनादेशले वर्तमान सरकारलाई असाधारण जिम्मेवारी सुम्पिएको छ। अर्थमन्त्रीका रूपमा मैले यसलाई केवल संवैधानिक औपचारिकताको रूपमा मात्र होइन, राज्यको चरित्र, शासकीय संस्कार र अर्थतन्त्रको स्वरुप फेर्ने दायित्वका रूपमा ग्रहण गरेको छु। यो बजेट स्वदेश र विदेशमा रहे बसेका सम्पूर्ण नेपालीहरूले उत्पादनमुखी अर्थतन्त्र, अन्तर्राष्ट्रिय प्रतिष्ठा र प्रविधिमैत्री परिवर्तनबारे राखे गरेको जायज अपेक्षाको पत्यारिलो नीतिगत उपकरण बन्नेछ भन्ने विश्वास लिएको छु।

३. नेपालको राजनीतिमा उमेरको पुस्तान्तरणसँगै राष्ट्रिय जीवनका सबै आयाममा रुपान्तरणको उत्कट प्रतीक्षा छ। अप्रतिगम्य परिवर्तनले ल्याएको यो अनुकूलतालाई आत्मसात् गर्दै नीति, कानून, संस्था, पद्धति, प्रक्रिया, नेतृत्व र नियतमा परिष्कारपूर्वक सुशासनका मानक स्थापित गर्न हामी कटिबद्ध छौं। नीतिगत अन्योल, ढिलासुस्ती, संस्थागत कब्जा र राज्यस्रोतको दोहनको अन्त्य गर्दै परिणाम दिने शासन प्रणाली निर्माण गर्नु आजको आवश्यकता हो। वर्तमान संविधानले सामाजिक तथा सांस्कृतिक बहिष्करणको चक्र तोड्ने महत्वपूर्ण आधार तयार गरेको भएपनि आर्थिक अवसरहरूमा समान पहुँचका लागि अझ गहिरो संरचनागत सुधार आवश्यक छ।

४. सूचना तथा सञ्चार एवम् कृत्रिम बुद्धिमत्ता, वित्त, व्यापार र लगानीको विशिष्टीकृत विविधिकरण र त्यसको निःसीम विस्तार, संसारभर फैलिएको नेपाली समुदायको सामूहिक सामर्थ्य र प्रविधिकरणको आक्रामक उपयोगले जन्माएका चुनौती र अवसरहरूलाई पर्गेल्ने समय आएको छ। समन्यायिक आर्थिक वृद्धिको सुचक्र निर्माण गर्ने जिम्मेवारी हाम्रै काँधमा छ। यस यात्रामा रचनात्मक सुझाव र सहकार्यका लागि सङ्घीय संसद, राज्यका सबै निकाय, नागरिक समाज तथा सम्पूर्ण नेपाली जनतासमक्ष सरकारका तर्फबाट हार्दिक अनुरोध गर्दछु।

५. मुलुकको विद्यमान आर्थिक अवस्थाका परिसूचकहरू, प्रगतिका अवरोध तथा तिनको समाधानका सम्भावित मार्गहरूबारे "वर्तमान आर्थिक स्थितिपत्र २०८३" सार्वजनिक गरिसकेको छु। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताबाट सरकारको सारभूत नीतिगत दिशाबारे प्रकाश पारिसकिएको छ। त्यसैगरी विस्तृत तथ्याङ्कीय चित्रणको दस्ताबेज "आर्थिक सर्वेक्षण, २०८२/८३" संसदमा पेश भइसकेको छ।

६. मुलुक अहिले बृहत् आर्थिक सुधारको निर्णायक मोडमा उभिएको छ। राजनीतिक अस्थिरताको दुष्चक्र समाप्त भएको छ। अधिकांश समष्टिगत आर्थिक परिसूचक सुधारोन्मुख छन् । सुदृढ विदेशी विनिमय सञ्चितिसहित वित्तीय प्रणालीमा पर्याप्त तरलता छ, स्वच्छ ऊर्जा उत्पादन र नयाँ प्रविधिमा विशाल सम्भावना छन् भने युवा जनसाङ्ख्यिक शक्ति ठूलो पुँजीका रूपमा उपस्थित छ। यद्यपि, अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खलाको अस्थिरता, आन्तरिक बजारको शिथिलता, उत्पादनशील क्षेत्रमा न्यून लगानी तथा सार्वजनिक संस्थाप्रतिको अविश्वास चुनौतीका रूपमा रहेका छन्। यस बजेटको ध्येय यी चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै राज्यको सेवाप्रदायन क्षमता, निजी क्षेत्रको आत्मविश्वास र नागरिकको भरोसालाई एकैसाथ उकास्नु हुनेछ ।

**सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,**

शुरुमा म आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत बसाल्न खोजिएको थिति र सर्वाङ्गीण विकासको जगसँग सम्बन्धित केही उल्लेख्य सुधारहरुको घोषणा गर्दछु।

७. उद्यम व्यवसायलाई राहत तथा मध्यम वर्गको विस्तार गरी समग्र अर्थतन्त्रलाई गतिशील बनाउन करका दरमा बृहत पुनरावलोकन गरेको छु।

(क) करको बोझ घटाउन आयकर छुटको सीमा दोब्बर गरी व्यक्तिका लागि दश लाख रुपैया पुयाएको छु। व्यक्तिगत आयकरको अधिकतम दरलाई दश प्रतिशत विन्दुले घटाएको छु।

(ख) औद्योगिक कच्चा पदार्थको भन्सार महसुल तयारी मालवस्तु भन्दा कम्तिमा एक तह न्यून हुने गरी २७३ प्रकारका कच्चा पदार्थमा भन्सार दर घटाएको छु। विद्यमान एघार तहको भन्सार दरलाई सात तहमा सीमित गरेको छु।

(ग) हाल ३६० वस्तुमा लागिआएको अन्तःशुल्क खारेज गरेको छु। भन्सार विन्दुमा संकलन हुने पूर्वाधार विकास कर, सडक मर्मत तथा सुधार दस्तुर जस्ता छरिएका करलाई एकीकृत गरी हरित करमा समाहित गरेको छु।

(घ) प्राकृतिक व्यक्तिको मृत्यु पश्चातको अस्वैच्छिक निःसर्ग एवम् निकायमा भएको स्वामित्व परिवर्तनको कारणले नियन्त्रित निकायमा हुने स्वामित्व परिवर्तनमा आयकर ऐन, २०५८ को दफा ५७ आकर्षित नहुने व्यवस्था गरेको छु।

(ङ) सूचीकृत कम्पनीका धितोपत्र बिक्री गर्दा लाग्दै आएको पुँजीगत लाभकर अन्तिम हुने व्यवस्था मिलाएको छु।

(च) डिजिटल भुक्तानीको माध्यमबाट उपभोक्ताले गर्ने खरिदमा बीजक जारी हुँदाकै समयमा मूल्य अभिवृद्धि करको दश प्रतिशत छुट पाउने व्यवस्था कार्यान्वयन गर्नेछौं। मूल्य अभिवृद्धि कर फिर्ता गर्ने प्रणाली स्वचालित बनाउनेछौं। वस्तु वा सेवाको खरिद बिक्रीमा बीजक लिने दिने संस्कृति प्रोत्साहन गर्न लट्री जस्ता आकर्षक कार्यक्रम सुरु गरिनेछ ।

(छ) मूल्य अभिवृद्धि करमा बहुदरको सान्दर्भिकताबारे अध्ययन गरी सुझाव पेश गर्न उच्चस्तरीय सुझाव समिति गठन गर्नेछौं।

(ज) कर परिपालनलाई दण्ड होइन, विकासको सहयात्री बनाउने नीति लिएका छौं। कानुनी अस्पष्टता र करदाताको अज्ञानताका कारण लामो समयदेखि सिर्जित कर विवादलाई निरूपण गरी व्यवसायिक वातावरण तयार गर्न कर छुट तथा सहुलियत सम्वन्धी विशेष योजना ल्याएको छु।

(झ) सरकार वा करदाता पक्षबाट अदालत वा न्यायिक निकायमा पुगी विचाराधीन रहेको कर विवाद समाधान गर्न निर्धारित कर रकममा एक प्रतिशत थप गरी तोकिएको म्याद भित्र बुझाएमा मुद्दा फिर्ता लिई शुल्क, जरिवाना, थप दस्तुर, विलम्ब शुल्क वा व्याज मिनाहा हुने व्यवस्था मिलाएको छु।



८. नेपाल सरकारको विद्यमान बोझिलो संगठन संरचना अब चुस्त बन्नेछ। सङ्घीय मन्त्रालयको संख्या २२ बाट १८ कायम भइसकेको परिप्रेक्ष्यमा विभाग, कार्यालय र दरबन्दी कटौतीबाट बचत हुने रकम प्रशासनलाई दक्ष बनाउन उपयोग गर्ने नीति लिएको छु। ३१ निकाय खारेजी, ६ निकाय मर्जर, ६ निकाय हस्तान्तरण तथा १८ निकायको पुनःसंरचना गर्नेछौं। कर्मचारीतन्त्रलाई मर्यादित जीवनयापन गर्न सक्षम, उच्चस्तरीय कार्यसम्पादन कुशल र जवाफदेही बनाउने उद्देश्यले निजामती, जङ्गी, प्रहरी र शिक्षकको सेवा सुविधा सम्मानजनकरुपले निरन्तर वृद्धि हुने प्रबन्ध मिलाएका छौं।

९. लागत न्यूनीकरण र दक्षता अभिवृद्धि संस्थागत सुधारको अर्को आयाम हुनेछ। यसका लागि अभूतपूर्व मितव्ययिता र विनियोजन कुशलता कायम गर्दै साधारण खर्च नियन्त्रण गर्नेछौं। कार्यालय सञ्चालन खर्च उल्लेख्य रूपमा घटाएको छु। तालिम केन्द्र बाहिरका तालिम खर्च, क्यामेरा, टेलिभिजन लगायतका उपकरणमा विनियोजन हटाएको छु। विभिन्न कोष खडा गरी सुविधा दिने प्रचलन बन्द गर्नेछौं। सम्बन्धित संस्थानका पदाधिकारी र कर्मचारीलाई सो संस्थानबाट उत्पादित वस्तु तथा सेवा खरिदमा प्रदान गरिएका छुट हटाएको छु। गाभिएका र खारेज भएका निकायको दरबन्दी मिलान र दायित्व व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न नभएसम्मका लागि उक्त निकायलाई छुट्याइएको रकम रोक्का गरेको छु। यी कदमबाट करिब रू. २० अर्ब बचत हुने प्रारम्भिक अनुमान छ।

१०. लगानी प्रवर्द्धन, आर्थिक सुधार र सहज सेवा प्रवाहको समुचित नीतिगत तथा कानुनी प्रबन्ध गरिनेछ। यसका लागि दर्जनौं ऐन, नियम, कार्यविधि र निर्देशिकाको निर्माण, प्रतिस्थापन वा परिमार्जन गर्नेछौं। यसअघि नै घोषणा गरिएका १५ वटा कानून तुरुन्त खारेज गर्न केही नेपाल ऐन संशोधन विधेयक संसदमा प्रस्तुत गर्नेछौं।

(क) कम्पनी कानूनमा संशोधन गरी स्वार्थको द्वन्द्व र विवरण खुलासा लगायतका विषयमा स्पष्टता कायम गर्दै कम्पनी खारेजी प्रक्रियालाई सहज बनाउनेछौं। थप मुलुकसँग विदेशी लगानी संरक्षण र दोहोरो कर मुक्ति सम्झौता गर्नेछौं। दामासाही सम्बन्धी ऐन, २०६३ मा संशोधन गरी उपभोक्ता, लघु, साना तथा मझौला उद्योगका समेत वित्तीय समस्या समाधान गर्नेछौं। लगानी प्रवर्द्धनका लागि सीमित दायित्वको साझेदारी कानून तर्जुमा गर्नेछौं जसबाट एन्जेल ईन्भेष्टमेण्टलाई भेञ्चर क्यापिटल तथा प्राइभेट ईक्विटी फण्डमा लगानी गर्न प्रोत्साहन हुनेछ।

(ख) नेपाली नागरिकले विदेशमा लगानी गर्न पाउने व्यवस्थालाई सहज बनाउनेछौं। औद्योगिक व्यवसाय ऐन संशोधन गरी उद्योगको क्षमता वृद्धि, स्वामित्व परिवर्तन, पुँजी वृद्धि लगायतका विषयमा उद्योग विभागलाई जानकारी मात्र गराए पुग्ने व्यवस्था गर्नेछौं। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा संशोधन गरी लगानी फिर्ताका लागि नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु नपर्ने र जानकारी दिए पुग्ने व्यवस्था गर्नेछौं। वैदेशिक लगानीको दायराभित्र कन्भर्टिवल उपकरणहरू, परियोजना आबद्ध फण्डिङ लगायत अन्य हाइब्रिड उपकरणलाई समेट्नेछौँ। वैदेशिक लगानीको स्वचालित स्वीकृति प्रक्रियामा पूर्वस्वीकृतिको व्यवस्था हटाउनेछौं। विदेशमा सेवा शुल्क भुक्तानी, रोयल्टी र प्रविधि वापतको रकम पठाउने प्रक्रिया सरल बनाउनेछौं।

(ग) उधारो असुली सम्बन्धी कानूनी व्यवस्था गर्नेछौं। बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी कानून छिटै निर्माण गर्नेछौं। विगतको समग्र आर्थिक गतिविधिलाई विश्लेषण गरी व्यक्ति तथा व्यवसायीको साख मूल्याङ्कनका आधारमा कर्जा दिन सक्ने व्यवस्था गर्नेछौं। व्यापारिक विवादको शीघ्र समाधानका लागि छुट्टै न्यायाधिकरण स्थापना गर्नेछौँ। मेलमिलाप ऐनमा सुधार गर्नेछौं।

(घ) गैर-आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा सहभागी गराउन विदेशी लगानी स्वीकृति, लगानीको लेखाङ्कन, नाफा फिर्ता र पुँजीगत लाभकर सम्बन्धी कानूनी व्यवस्थामा परिमार्जन गर्नेछौं।

(ङ) मुलुकी देवानी संहिता, २०७४ मा संशोधन गरी नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ता, अन्तर्राष्ट्रिय संघसंस्था, बहुराष्ट्रिय कम्पनीका शाखा वा आवास प्रयोजनका लागि जम्मा एकाइको २५ प्रतिशत भन्दा नबढ्ने गरी आवास क्षेत्रका भवन वा सरकारले तोकेको स्थानमा अपार्टमेन्ट दीर्घकालीन लिजमा लिन सकिने व्यवस्था गर्नेछौं।

(च) साना तथा मझौला उद्योगीलाई वित्तीय पहुँच सुनिश्चित गर्न 'फर्स्ट लस रिकभरी' हुने गरी कर्जा सुरक्षण गर्नेछौं।

११. कार्यगत सुधारको आक्रामक शृङ्खला सुरु गरी पुँजीगत खर्चको गति र लय फेर्न प्रतिबद्ध छौं। खरिद प्रक्रियामा सुधार, रकमान्तर सहित स्रोत व्यवस्थापनमा लचकता, वैकल्पिक वित्त परिचालन एवम् आयोजना प्रमुखको स्थिरता सुनिश्चित गरी तोकिएको लागत र समयमै आयोजना सम्पन्न गर्न "मिशन मोड" मा काम गराउनेछौं। चालु आर्थिक वर्षभित्रै विकास आयोजना सम्बन्धी सनसेट कानून संसदमा पेश हुनेछ। मोबिलाइजेशन पेश्कीको रकम सम्बन्धित आयोजनामा मात्र खर्च गर्न पाउने गरी ट्रयाकिङ्ग गर्ने व्यवस्था मिलाउनेछौं। हाइब्रिड यान्युटी मोडलमा निर्माण गर्न सकिने पूर्वाधार आयोजनाको प्रारम्भिक पाइपलाइन तीन महिनाभित्र तयार हुनेछ। मध्य पूर्वको द्वन्द्वबाट इन्धन, बिटुमिन लगायत निर्माण सामग्रीमा भएको मूल्य वृद्धिबाट निर्माण व्यवसायीलाई परेको कठिनाईको यथोचित सम्बोधन गर्नेछौं।

१२. सफा सहर, सहज यातायात र सुरक्षित सडक चलायमान अर्थतन्त्रको अभिन्न अङ्ग बनाउनेछौं। सडक, यातायात, खानेपानी, सरसफाई र आर्थिक पहुँच पूर्वाधारलाई एकीकृत रुपमा विकास गर्नेछौँ। आगामी पाँच वर्षभित्र सबै जिल्ला सदरमुकाम जोड्ने सडक तथा पुलको स्तरोन्नति गर्नेछौं। यात्रा सुरक्षा र सडकस्तर सुधार गरी दुर्घटनाबाट हुने मानवीय क्षतिलाई न्यूनीकरण गर्नेछौं।

१३. विकास र वातावरणबीच द्वन्द्व हैन सामञ्जस्य स्थापित गर्नेतर्फ सरकार सचेष्ट रहनेछ।
यसका लागि वातावरण संरक्षण ऐन, २०७६ र वन ऐन, २०७६ परिमार्जन गरिनेछन् । स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित वनको क्षेत्रफल वा कटान हुने रूखको संख्या घटेको अवस्थामा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न नपर्ने व्यवस्था गर्नेछौं। वन क्षेत्रको स्वीकृति र रूख कटानको आदेशसम्मका निर्णयको बहु-शृङ्खलालाई उल्लेख्य रुपमा घटाउनेछौं।

१४. नवीन एवम् वैकल्पिक वित्तीय उपकरणको प्रबन्धमार्फत सरकारको वित्तीय चाप घटाइनेछ । यस क्रममा, सरकारको ब्यालेन्स सिट बाहिरबाट नै पुँजी परिचालन गरी सार्वजनिक लगानी एवम् प्रविधि भित्र्याउन नयाँ वित्तीय उपकरण प्रस्ताव गरेको छु। पूर्वाधारमा निजी लगानी परिचालन गर्न वैकल्पिक विकास वित्त कोष सम्बन्धी कानून प्रतिनिधिसभाबाट पारित भैसकेको छ। अन्तर्राष्ट्रिय बजारमा नेपाली मुद्रा मै अफसोर बण्ड शीघ्र जारी हुनेछ। स्वच्छ ऊर्जा बण्ड र डायस्पोरा बण्ड जारी गर्ने र उपलब्ध जलवायु कोषको अधिकतम उपयोग गर्ने नीति लिएको छु।

१५. हाल वैदेशिक मुद्राको सुविधाजनक सञ्चिति रहेको अवस्थामा केही प्रतिशत रकम 'सोभरेन वेल्थ फण्ड' का रुपमा परिचालन गर्ने नीति लिएका छौं। कम्तीमा तीन महिनाको इन्धन भण्डारण, एआई फ्याक्ट्री लगायतका रणनीतिक महत्वका आयोजनामा लगानी गर्न 'मातृभूमि कोष' स्थापना गर्नेछौं। विदेशी ऋण वा लगानीका आयोजनामा हुने विनिमय जोखिम न्यून गर्न आगामी आर्थिक वर्षदेखि उपयुक्त प्रिमियममा हेजिङ सेवा दिने व्यवस्था मिलाएको छु। पहिलो र दोस्रो सार्वभौम क्रेडिट रेटिङबाट प्राप्त नतिजामा सुधार हुने गरी अनुकूल आर्थिक वातावरण सिर्जना गर्नेछौं। नेपाललाई सम्पत्ति शुद्धीकरण सम्बन्धी "ग्रे-लिस्ट" बाट यथासक्य छिटो हटाउनेछौं।

१६. सार्वजनिक संस्थानलाई बलियो बनाउन केहीमा पुँजी वृद्धि र अन्यमा सरकारी शेयर विनिवेश गर्ने प्रबन्ध गरेको छु। राष्ट्रिय वाणिज्य बैंकमा नेपाल सरकारको पुँजी वृद्धि गर्ने प्रस्ताव गरेको छु। नेपाल वायुसेवा निगमलाई कम्पनीमा रुपान्तरण गरी व्यवस्थापन सुधार तथा रणनीतिक साझेदारीको उपयुक्त विधि पहिचान गर्नेछौं। राष्ट्रिय जीवन बीमा कम्पनी र विशाल बजार कम्पनीको शेयर सर्वसाधारणमा निष्काशन गर्नेछौं। जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडलाई उद्देश्य मिल्ने वित्तीय संस्थासँग गाभी पूर्वाधार क्षेत्रको विशिष्टीकृत निकाय बनाउनेछौं। गोरखकाली रबर उद्योग लगायत सातवटा सार्वजनिक संस्थानको सम्पत्ति तथा दायित्व मूल्याङ्कन (डीडीए) गरी निजी-सार्वजनिक साझेदारी मोडेलमा लगानी व्यवस्थापनको काम आगामी वर्षभित्र सम्पन्न गर्नेछौं।

१७. सूचना प्रविधि पूर्वाधारको विस्तारमा सरकारको अर्जुनदृष्टि रहनेछ। नेपाल टेलिकममा सङ्घीय सरकारको ६६ प्रतिशत शेयर कायम राखी बाँकी शेयर पुस मसान्तभित्र जनस्तरमा विक्री गर्ने र प्राप्त रकम नेपाललाई 'टेकहब' बनाउन उपयोग गर्नेछौं। सूचना प्रविधि सेवा क्षेत्र विस्तारका लागि विदेशमा लगानी खुला गर्ने प्रबन्ध गरेको छु। नेपालमा बसेर विदेशी रोजगारदाताका लागि काम गर्न पाउने तथा रिमोट वर्कलाई आकर्षित गर्न स्पष्ट कानूनी प्रबन्ध मिलाउनेछौँ। सरकारी निकायमा प्रयोग हुने सूचना प्रविधि सफ्टवेयरको खरिद एकै निकायबाट गर्ने व्यवस्था मिलाउनेछौं। डिजिटल सार्वजनिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्नेछौं। नेपाल राष्ट्र बैंकको सुपरिवेक्षणमा फिनटेक मार्केटप्लेस स्थापना गर्नेछौं। नागरिक एपमा दर्जनौ सरकारी सेवाहरु आबद्ध हुनेछन् ।

१८. नेपाललाई एआई (आर्टिफिसियल इन्टेलिजेन्स) को युगमा आत्मविश्वासका साथ प्रवेश गराउन विशेष पहल सुरु गरेका छौं। काठमाडौंको स्यूचाटारमा देशकै पहिलो 'सार्वभौम एआई कम्प्युट केन्द्र' स्थापना गर्नेछौं। हजारौं एआई प्रोसेसिङ युनिट खरिद गरी एआई उद्यमी र स्टार्टअपलाई सहुलियतपूर्ण कम्प्युट क्षमता उपलब्ध गराउनेछौ। स्वच्छ जलविद्युत ऊर्जालाई उच्च मूल्यको एआई कम्प्युट सेवामा रूपान्तरण गर्ने प्रस्ताव गरेको छु। नेपालको विद्यमान अपार ऊर्जा शक्तिलाई कृत्रिम बुद्धिमत्ताको विकासमा प्रयोग गरी सीपयुक्त रोजगारी, डिजिटल निर्यात र एआईमा आधारित आर्थिक रूपान्तरणको जग निर्माण हुने विश्वास गरेको छु। आगामी आर्थिक वर्ष एआईको क्षेत्रमा अन्तर्राष्ट्रिय ख्याति बनाइरहेका कम्तीमा पन्ध्रजना नेपाली शोधकर्तालाई प्रतिष्ठित फेलोसीप प्रदान गरी नेपाल फर्केर योगदान गर्न आमन्त्रण गर्नेछौं। एआईको युगमा महत्वपूर्ण भूमिका हुने गणित लगायतका शैक्षिक विधालाई उच्च प्राथमिकता दिनेछौं।

१९. लामो समयदेखि थाती रहेको नेपाल विद्युत प्राधिकरणको पुनःसंरचना सम्पन्न गरिनेछ। नेपाल विद्युत प्राधिकरणलाई विद्युत उत्पादन, प्रसारण र वितरण तथा व्यापारका लागि तीन छुट्टाछुट्टै कम्पनीमा विभाजन गर्नेछौं। विद्युत खरिद सम्झौता भएका तर निर्माण सुरु नगरेका आयोजनाको अनुमतिपत्र खारेज गरी 'टेक अर पे' विधिमा नयाँ पीपीए गर्ने प्रबन्ध गर्नेछौं। दश मेगावाटभन्दा कम क्षमताका विद्युत आयोजनाको तत्काल पीपीए गर्नेछौं। सुक्खा याममा घटाघटमा विद्युत खरिद दर निर्धारण गरी खरिद सम्झौता गर्ने व्यवस्था मिलाउनेछौं।

२०. निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा विद्युत व्यापार गर्न पाउने व्यवस्था मिलाउनेछौं। प्रसारण लाइन बनाउने र ह्विलिङ्ग चार्ज लिई विद्युत व्यापार गर्न सक्ने कानूनी व्यवस्था समेत मिलाउनेछौं। जलविद्युत आयोजनाको अनुमति अवधिपछि आयोजनाको स्वामित्व नेपाल सरकारमा हस्तान्तरण हुँदा वनको जग्गा भोगाधिकार र रुख कटान वापतको शुल्क समायोजन गर्ने व्यवस्था मिलाउनेछौं। ठूला तथा जलाशयुक्त आयोजनाको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्न प्रवर्द्धकले शतप्रतिशत रकम जलाशययुक्त आयोजनामा लगानी गर्ने सुनिश्चित गरेमा पहिलो वर्ष नै चालीस प्रतिशतसम्म शेयर सर्वसाधारणलाई बिक्री गर्न दिने नीति लिनेछौं।

**सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,**

२१. आर्थिक वृद्धिको उत्तम संभावना भएका ग्रामीण एवम् सहरोन्मुख क्षेत्रको चतुर्दिक् प्रादेशिक विकासमा लगानी बढाउनेछौं। यस्ता क्षेत्रलाई ग्रोथ पोल र क्वाड' का रुपमा विकसित गर्न नीतिगत र भौतिक पूर्वाधारको एकीकृत योजना कार्यान्वयन गर्नेछौं।

(क) सुनकोशी मरिन डाइभर्सनबाट सिञ्चित हुने १ लाख २२ हजार हेक्टर कमाण्ड क्षेत्रलाई आधार बनाउँदै हुलाकी र पूर्व-पश्चिम राजमार्ग विस्तारका बाँकी काम सम्पन्न गरी कृषि र उद्योग क्षेत्रको मध्य-मधेश चतुर्भुज (क्वाड्याङ्गल) बनाइनेछ ।

(ख) मध्यपहाडी (पुष्पलाल) लोकमार्ग, कर्णाली राजमार्ग, भेरी कोरिडोर र रारादेखि जुम्ला हुँदै फोक्शुण्डोसम्मको 'कर्णाली चतुर्भुज' मा जडीबुटी, जलविद्युत, पर्यटन र खानीजन्य क्रियाकलापले प्रश्रय पाउने व्यवस्था मिलाइनेछ ।

(ग) पूर्व-पश्चिम राजमार्गको बुटवल-नारायणगढ खण्ड र मुग्लिङ-दमौली-पोखरा खण्ड शीघ्र सम्पन्न गर्नेछौं। सिद्धार्थ राजमार्गको अन्तर्राष्ट्रिय स्तरको रुपान्तरण सुरु गरी कालीगण्डकी सभ्यताको उद्गम क्षेत्रलाई तीर्थाटन र स्वच्छ उद्यम-व्यवसाय केन्द्रित 'गण्डकी चतुर्भुज' बनाउनेछौं। त्रिवेणीधाम, देवघाट, रुरुक्षेत्र (रिडी), कागवेनी, मुक्तिनाथ र दामोदर कुण्डलाई एकीकृत गर्दै "शालिग्राम पथ" विकास गर्नेछौं।

(घ) लुम्बिनी-मुक्तिनाथ धार्मिक-सांस्कृतिक मार्गमा आधारित "निर्वाण पथ" प्रवर्द्धन गर्दै ध्यान, साधना, योग, बौद्ध-वैदिक दर्शन तथा मनाङ, मुस्ताङ र म्याग्दीको हिमाली सांस्कृतिक अनुभवलाई एकीकृत गर्नेछौँ। मध्य पहाडी राजमार्गसँग ओलाङ्चुङगोला, किमाथाङ्का, तातोपानी, रसुवागढी, कोरला, हिल्सा जस्ता उत्तरी पर्या-व्यापारिक गन्तव्यहरूसँग जोड्ने लक्ष्य राखेका छौ।

(ङ) कोशीटप्पुदेखि कञ्चनजङ्गासम्मको क्षेत्रलाई समेटी जैविक विविधता संरक्षण र स्वच्छ ऊर्जा विकास केन्द्रित कोशी कोरिडोरको योजना अगाडि बढाउनेछौं।

(च) रामारोशन, खप्तड, बडिमालिका, शैलेश्वरी, उग्रतारा र मल्लिकार्जुन क्षेत्र समेटी सुदुरपश्चिममा विशिष्ट 'पर्यटकीय चतुर्दिक्' विकास अघि बढाउनेछौँ।

२२. भिजन काठमाण्डौ, २०४० को दीर्घकालीन योजना कार्यान्वयन सुरु गर्नेछौं। काठमाडौँ उपत्यकाको समग्र सहरी सेवा व्यवस्थापनका लागि अण्डरपास, फ्लाइओभर, इन्टरसेक्सन सुधार, नदी कोरिडोरको पूर्वाधार, पार्क निर्माण, फोहोरमैला व्यवस्थापन, युटिलिटी डक्ट, विद्युतीय तार भूमिगत गर्ने सहितको एकीकृत पूर्वाधार बनाउनेछौं। प्रदेश र स्थानीय तहसँगको सहकार्यमा वित्तीय प्रोत्साहन सहित खुला क्षेत्रको संरक्षण र विस्तारका लागि विशेष पहल लिनेछौं। काठमाडौं उपत्यकामा विद्युतीय सार्वजनिक बस सञ्चालन, चार्जिङ्ग स्टेशन, ट्रयाकिङ प्रणाली, स्मार्ट बसपार्क, सुदृढ संस्थागत व्यवस्था सहितको स्मार्ट अर्बन मोबिलिटी कार्यक्रम शुरुवात गर्नेछौं। पोखरा उपत्यकामा पनि सार्वजनिक बसलाई विद्युतीय बसले प्रतिस्थापन गर्न इ-मोविलिटी सेवा छिट्टै शुरुवात गर्नेछौं।

२३. भिजिट नेपाल वर्ष २०८५ र नेपाल आरोग्य वर्ष २०२७ सफल बनाउन सघन तयारी गर्नेछौं। उच्च मूल्यका पर्यटकलक्षित रिसोर्ट तथा होटल निर्माण र सञ्चालनलाई भौतिक एवम् वित्तीय प्रोत्साहन दिने व्यवस्था गरेको छु। पर्यटन गतिविधिहरूलाई "आरोग्य पर्यटन" को मूल विषयवस्तुमा ब्राण्डिङ गरी पर्यटकका स्रोत मुलुकहरुमा विविधीकरण गरिनेछ। नेपाललाई युरोपियन युनियनको एयर सेफ्टी लिष्ट' बाट बाहिर निकाल्न आगामी पुसभित्र नागरिक उड्डयन प्राधिकरणको पुनःसंरचना गरी नियामक र सञ्चालकको पृथक भूमिका स्थापित गर्नेछौं।

२४. कृषि क्षेत्रको पुनरूत्थान सरकारको शीर्ष प्राथमिकतामा रहेको छ। कृषि उत्पादन, प्रशोधन, वितरण र बजारीकरणको सम्पूर्ण इकोसिस्टममा सुधार गर्नेछौं। व्यावसायिक कृषकलाई आकर्षित गर्ने र कृषिमा उत्पादकत्व वृद्धि गर्न प्रोत्साहित गर्ने नीति लिई कृषिलाई सम्मानजनक र लाभमुखी व्यवसायका रूपमा रूपान्तरण गर्नेछौं।

(क) न्यूनतम रू. २ करोडसम्म कृषि तथा पशुजन्य उत्पादनका लागि प्रारम्भिक पुँजी लगानी गर्ने कृषकलाई सरकारले ४० प्रतिशतसम्म प्रोत्साहन अनुदान उपलब्ध गराउने पाइलट कार्यक्रमको तयारी गरेको छु। उत्पादन सुरु भएको मितिबाट लगातार चार वर्षसम्म यस्तो अनुदान वार्षिक १० प्रतिशतका दरले शोधभर्ना हुनेछ । वास्तविक कृषकलाई उन्नत बीउ, मल, सिँचाइ, विद्युत तथा कृषि बीमामा सहयोग उपलब्ध गराउँदै कृषि अनुदानको दुरुपयोग रोक्नेछौं। कृषि र पशु बीमामा ८० प्रतिशतसम्म प्रिमियम अनुदान उपलब्ध गराउँदै अन्य अनुदान क्रमशः हटाउदै लैजाने दिशा तय गरेको छु।

(ख) ठूला र निर्माणाधीन सिँचाइ आयोजनाहरू यसै आर्थिक वर्षभित्र सम्पन्न हुने गरी स्रोत व्यवस्था गरेको छु। देशभर साना तथा मझौला सिँचाइ आयोजना विस्तार गर्न नेपाल सरकारको लगानीमा च्यालेञ्ज फण्ड स्थापना गरी स्थानीय तहलाई प्रतिस्पर्धा गराउने व्यवस्था मिलाउनेछौं।

(ग) किसानबाट सिधै कृषि उपज खरिद गर्दा सहुलियतपूर्ण ऋण, व्याज अनुदान जस्ता सहुलियत उपलब्ध गराउने नीति लिएको छु। दुर्गम क्षेत्रमा स्थापना हुने र अर्गानिक, उच्च मूल्य र बौद्धिक सम्पत्तियुक्त (जी.आइ.) वस्तुको प्रशोधन गर्ने उद्योगलाई उत्पादन र ब्राण्डिङमा सहयोग उपलब्ध गराउनेछौं।

(घ) कृषि सेवा प्रणालीलाई 'किसान केन्द्रित सेवा प्रणाली'मा रूपान्तरण गरी पुनःसंरचना गर्नेछौँ। वषैभरी कृषि प्राविधिक सेवा, डिजिटल कृषि सूचना तथा निजी सेवा प्रदायकमार्फत कृषकको घरदैलोमै कृषि सेवा पहुँच विस्तार गर्न प्रत्येक स्थानीय तहमा आवश्यक प्राविधिक जनशक्ति परिचालन गर्नेछौं।

(ङ) देशभरिका कृषि अनुसन्धान तथा विकास केन्द्रहरूलाई पुनरुत्थान गरी उन्नत बीउ विकास, स्थानीय हावापानी अनुकूलको जात, कृषि जैविक प्रविधि तथा उत्पादकत्व वृद्धि केन्द्रित अनुसन्धानलाई प्राथमिकतामा राखेको छु।

(च) कृषि उपजको उचित मूल्य सुनिश्चितता, किसान र क्रेताबीच करार, अनुदान तथा नियमनसहितको कानूनी व्यवस्था गर्न कृषि विधेयक संसदमा शीघ्र पेश गर्नेछौं।

२५. वन तथा प्राकृतिक स्रोतलाई संरक्षणको सीमित दायराबाट बाहिर निकाली हरित औद्योगिकीकरण, रोजगारी सिर्जना र आयात प्रतिस्थापनको आधार बनाउनेछौं। दिगो काठ उत्पादन, वनमा आधारित उद्योग, जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रशोधन र हरित उद्यम प्रवर्द्धन गर्नेछौं। स्वदेशी काठ उद्योगको प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्न विकास निर्माणका क्रममा संकलित कच्चा काठको बिक्री मूल्य पुनरावलोकन गर्नेछौं। वन पैदावारको कटानी, संकलन, ढुवानी र विक्री वितरणसम्बन्धी अनुमति प्रणालीलाई पूर्ण डिजिटल तथा एकद्वार प्रणालीमा रूपान्तरण गरी प्रक्रियागत झन्झट हटाउनेछौं। सामुदायिक वन उपभोक्ता समूहलाई उत्पादन, प्रशोधन, ब्रान्डिङ र उद्यम सञ्चालनमा थप स्वायत्तता प्रदान गर्नेछौं। वन, वातावरण, उद्योग, ऊर्जा र पूर्वाधारसम्बन्धी कानून तथा नीतिबीचको असंगति हटाउनेछौं। वन क्षेत्रको कार्बन स्टक, इकोसिस्टम सेवा तथा प्राकृतिक पुँजीको आर्थिक मूल्याङ्कन गरी बजेट तथा योजना प्रणालीमा समावेश गर्नेछौं।

२६. 'लगानी एक्सप्रेस' को अवधारणा कार्यान्वयन गर्न आगामी तीन महिनाभित्र स्वचालित रुट प्रणाली लागू गर्नेछौं। कम्पनी र उद्योग दर्ता, वित्तीय सेवा, करप्रणालीमा सहभागिता, भिसा आवेदनसम्मका सबै सेवा आबद्ध गरी सूचना प्राप्ति, अनुपालना प्रतिवेदन र जोखिममा आधारित परीक्षण हुने व्यवस्था गर्नेछौं। लगानी बोर्डबाट स्वीकृत भएका परियोजनामा पुनः अन्य निकायबाट स्वीकृति लिनु नपर्ने कानुनी व्यवस्था गर्नेछौं। स्वीकृत परियोजनाको लगानी सम्बद्ध अध्ययन अनुसन्धानका लागि लगानी भिसा उपलब्ध गराउनेछौं। शेयर हस्तान्तरण, करचुक्ता, सम्पत्ति मूल्याङ्कन, ऋण भुक्तानी, लाभांश वितरण र लिक्विडेशन प्रक्रियालाई सरल बनाई लगानी र मुनाफा फिर्ता सहज बनाउनेछौं।

२७. उद्योग र औद्योगिक नवप्रवर्तनमा सरकार दत्तचित्त रहनेछ। गुणस्तरीय औद्योगिक पूर्वाधार विस्तार गर्ने नीति अनुरूप मोतीपुर र मयूरधाप जस्ता औद्योगिक क्षेत्र निजी क्षेत्रले निर्माण र सञ्चालन गर्नेछन्। पाँचखाल विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई प्राथमिकता दिनेछौं। महिला उद्यमीलाई कर्जा प्रवाहमा थप सहुलियत प्रदान गर्नेछौं। विशेष आर्थिक क्षेत्रलाई कर, भन्सार, आयात, निर्यात र लगानीको सम्पूर्ण निर्णय एकैथलोबाट हुने "विशेष आर्थिक प्रशासन क्षेत्र" को व्यवस्था मिलाउनेछौं।

(क) उत्पादनमूलक उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विद्युतको डिमाण्ड शुल्क पुनरावलोकन गर्दै विद्युत महसुलमा छुट दिने व्यवस्था गर्नेछौं। उद्योगीहरूले औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा लिजमा उपलब्ध गराइने जग्गामा निर्मित संरचनालाई बैंकिङ प्रयोजनका लागि धितो राख्न सक्नेछन् ।

(ख) पुँजी अभावका कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका उद्योग तथा व्यवसायलाई "व्यावसायिक पुनरुत्थान कर्जा उपलब्ध गराई क्षमता विस्तार र वृद्धिमा प्रोत्साहित गर्नेछौं।

२८. नवउद्यम (स्टार्ट-अप), नवप्रवर्तन र उद्यमशीलतालाई आर्थिक रूपान्तरणको दह्रो आधार बनाउनेछौं। नवउद्यमलाई पहिचान, सीप, बजार र वित्तीय पहुँचसँग अनुकूलित गर्दै नाफा-आबद्ध कर सहुलियत, सार्वजनिक खरिदमा प्राथमिक पहुँच, डिजिटल दर्ता तथा नियामकीय सहजीकरणमार्फत नव उद्यम सञ्चालन प्रणालीलाई सुदृढ बनाउनेछौं। नवउद्यम वित्तपोषणलाई केवल ऋणमा आधारित मोडेलमा सीमित नराखी प्रारम्भिक

(बाँकी पृष्ठ ४ मा)

# नेपाल सरकारद्वारा प्रस्तुत...

चरणमा अनुदान, सम्भाव्यता प्रमाणित उद्यमका लागि सहुलियतपूर्ण कर्जा तथा विस्तार चरणमा वृद्धि पुँजीको व्यवस्था गरिनुका साथै निजी क्षेत्र र गैरआवासीय नेपालीको सह-लगानी प्रोत्साहित गर्नेछौं। विज्ञान प्रविधि अनुसन्धान र नवप्रर्वतनका लागि पुँजीगत खर्चको न्यूनतम एक प्रतिशत रकम विनियोजन गरेको छु।

२९. व्यक्तिगत क्रेडिट स्कोरिङ प्रणाली लागू गर्दै "पियर-टु-पियर (पिटुपि) लेनदेन" लाई नियमनसहित सञ्चालन गर्नेछौं। कृषि, उद्योग, पर्यटन र जलविद्युत क्षेत्रमा दीर्घकालीन स्थिर ब्याजदरमा कर्जा प्रवाह गर्न नीतिगत व्यवस्था गर्नेछौं। बैंकिङ क्षेत्रमा बढ्दो खराब कर्जा तथा गैर बैंकिङ सम्पत्तिको प्रभावकारी व्यवस्थापन गर्न विशेष कानुनी अधिकारसहित राष्ट्रिय सम्पत्ति व्यवस्थापन कम्पनी पुस मसान्तसम्म स्थापना गर्नेछौं।

३०. समग्र शैक्षिक इकोसिष्टममा प्रणालीगत पुनःसंरचना गर्नेछौ। राष्ट्रिय विद्यालय नक्साङ्कन र पूर्वाधार अडिट, शिक्षक क्षमता परीक्षण, एआई तथा एड-टेक तत्परता मूल्याङ्कन समेतका आधारमा नवप्रवर्तन तथा सीप केन्द्रित शिक्षा विस्तार गर्न विद्यालय शिक्षामा लगानी बढाउनेछौं।

(क) शिक्षा प्रणालीलाई "विद्यालय केन्द्रित प्रणाली" मा रूपान्तरण गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि र पूर्वाधार निर्माणमा अभिभावकीय सहयोग स्वीकार गर्ने नीति लिएका छौं। विद्यालय व्यवस्थापन समितिलाई गुणस्तरीय शिक्षा सुनिश्चितताको माध्यम बनाउनेछौं। सम्पूर्ण शैक्षिक संस्थामा "सफा शौचालय अभियान" सञ्चालन गर्नेछौं। उच्च शिक्षालाई अनुसन्धान, नवप्रवर्तन, ज्ञान उत्पादन र राष्ट्रिय क्षमता निर्माणको केन्द्रका रूपमा पुनःसंरचना गर्नेछौं।

(ख) चिकित्सा, नर्सिङ, सूचना प्रविधि लगायत उच्च शिक्षाका विभिन्न विधामा हाल लगाइएको कोटालाई चालु आर्थिक वर्षभित्र पुनरावलोकन गरी उल्लेख्य वृद्धि गर्नेछौं।

(ग) उद्योग तथा श्रम बजारसँग प्रत्यक्ष आबद्ध मागमा आधारित सीप प्रणाली विस्तार गर्नेछौं। राष्ट्रिय योग्यता ढाँचा तथा पूर्व सिकाई मान्यता लागू गरी प्रवासी, अनौपचारिक तथा अनुभवी श्रमिकको सीपलाई औपचारिक मान्यता दिनेछौं। पारिश्रमिकसहितको इन्टर्नसिप प्रणालीलाई संस्थागत गरिनेछ।

३१. यो बजेटले स्वास्थ्य सेवामा नीतिगत फड्को मार्ने लक्ष्य लिएको छ। दक्ष स्वास्थ्य जनशक्ति, प्रयोगशाला, अत्यावश्यक औषधि, डिजिटल स्वास्थ्य प्रणाली तथा प्रभावकारी रेफरल सेवा सहितका आधारभूत संस्थाहरुलाई स्वास्थ्य सेवाको प्रथम विन्दु बनाउने दीर्घकालीन लक्ष्य लिएका छौ। सरकारले निःशुल्क उपलब्ध गराउनेमध्ये कम्तीमा २५ प्रकारका औषधि उत्पादन गर्न नेपाल औषधि लिमिटेडलाई सक्षम बनाउनेछौं। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय स्तरको विश्वविद्यालयको रूपमा विकास गरी विदेशी विद्यार्थी समेतलाई शिक्षा प्रदान गर्न सक्षम बनाउनेछौं। सार्वजनिक-सार्वजनिक साझेदारी मोडेल अन्तर्गत सातवटै प्रदेशका प्रमुख सरकारी अस्पताललाई चरणबद्ध रूपमा शिक्षण अस्पताल तथा विशिष्टीकृत स्वास्थ्य सेवा केन्द्रमा रूपान्तरण गरिनेछ। कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषमा रहेको लगानीयोग्य स्रोतलाई स्वास्थ्य पूर्वाधार, मेडिकल शिक्षा र विशिष्टीकृत सेवा विस्तारमा परिचालन गर्नेछौ।

३२. स्वास्थ्य बीमा कार्यक्रमको व्यापक पुनःसंरचना गर्नेछौं। छरिएर रहेका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम र स्वास्थ्यसम्बन्धी दायित्वलाई एकीकृत गर्दै एकल भुक्तानी विधि अपनाउनेछौं। स्वास्थ्य बीमाको सर्वव्यापीकरणबाट आगामी तीन वर्षमा ९० प्रतिशत नेपाली स्वास्थ्य बीमाको दायरामा आउने र व्यक्तिगत उपचार खर्चमा उल्लेख्य कटौती हुने अपेक्षा राखेका छौं। राष्ट्रिय ट्रमा नीति तर्जुमा गरी सडक दुर्घटना र आकस्मिक ट्रमाबाट हुने जनधनको क्षति न्यूनीकरण गर्नेछौं।

३३. आगामी पाँच वर्षभित्र स्मार्ट वितरण प्रणालीबाट चौबीसै घण्टा स्वच्छ पिउने पानी सुनिश्चित गर्नेछौं। आगामी तीन वर्षभित्र ६५ प्रतिशत र पाँच वर्षभित्र शत प्रतिशत नागरिकलाई सुरक्षित र स्वच्छ खानेपानी सेवा उपलब्ध गराउनेछौं। खानेपानी आपूर्तिको गुणस्तर, शुल्क संरचना, तथा सेवा दायित्व सुनिश्चित गर्न नियमन प्रणाली सुदृढ पार्नेछौं। काठमाडौं उपत्यकामा दिगो खानेपानी सेवा सुनिश्चितताको लागि विद्यमान महसुल संरचनाको पुनरावलोकन गर्नेछौं। काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय र खानेपानी तथा सरसफाई सेवा महसुल निर्धारण आयोगलाई गाभी एउटै संरचना बनाउनेछौं।

३४. सामाजिक सुरक्षा प्रणालीलाई थप न्यायोचित र लक्षित बनाउनेछौं। आर्थिक रूपमा सक्षम नागरिकलाई सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रूपमा त्याग्न सक्नेले छोडौं, नसक्नेलाई जोडौं" भन्ने राष्ट्रिय अभियान सञ्चालन गर्नेछौं। त्यस्तो योगदानलाई अन्तर-पुस्तागत न्याय र राष्ट्रिय ऐक्यबद्धताको उदाहरणका रूपमा सम्मान गर्नेछौं। देशैभरिका दलित बालबालिकालाई उपलब्ध गराइएको बालपोषण भत्तालाई दोब्बर गरी मासिक एक हजार रूपैया बनाएको छु। उच्च गरिबी भएका र मानव विकास सूचकाङ्कमा पछाडि रहेका मुख्यतः मधेश, कर्णाली र सुदुरपश्चिम प्रदेशका २५ जिल्लाका बालबालिकाले पाउने पोषण भत्तालाई निरन्तरता दिएको छु।

३५. श्रमिक र रोजगारदाता अनिवार्य रूपमा श्रम रजिष्ट्रीमा आबद्ध हुनुपर्ने व्यवस्था गर्नेछौं। यसबाट सुरक्षा गार्ड र घरायसी कामदारका अतिरिक्त निर्माण, कृषि, आतिथ्य, ढुवानी तथा औद्योगिक श्रमिक आपूर्ति गर्न इजाजतप्राप्त संस्थाले प्रदान गर्ने बीमा, आवास र डिजिटल गुनासो व्यवस्थापन जस्ता सेवाको मापदण्ड निर्धारण हुनेछ। श्रम क्षेत्रमा लिखित सम्झौता, न्यूनतम ज्याला, बीमा, कार्यस्थल सुरक्षा मापदण्ड तथा बैंकमार्फत पारिश्रमिक भुक्तानी अनिवार्य गर्नेछौं। कार्यस्थल दुर्घटनामा अनिवार्य क्षतिपूर्ति र बीमा दावी प्रणाली थप प्रभावकारी बनाउनेछौं। पुस मसान्तभित्र श्रम न्यायाधिकरण मार्फत श्रम विवादको शीघ्र समाधान गर्ने र सम्झौता उल्लङ्घन, ज्याला ठगी तथा श्रम शोषणलाई आर्थिक अपराधसरह कानुनी दायरामा ल्याउने प्रणाली विकास हुनेछ। अनौपचारिक र असंगठित क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्न विशेष अभियान सञ्चालन गर्नेछौं।

३६. पुँजी बजारलाई मर्यादित र लगानीमैत्री बनाउन नियामकको क्षमता अभिवृद्धि, प्रविधिमैत्री कारोबार प्रणाली र लगानीकर्ता संरक्षण संयन्त्र सुदृढ गर्नेछौं। नेपाल स्टक एक्सचेन्जको पुनःसंरचना अघि बढाई इन्ट्राडे, सर्ट सेलिङ र डेरिभेटिभ जस्ता उपकरणको चरणबद्ध शुरुवात गर्नेछौं। शेयर कर्नरिङ, इन्साइडर ट्रेडिङ जस्ता पुँजी बजारमा हुने अवाञ्छित गतिविधि विरुद्ध शून्य सहनशीलताको नीति लिनेछौं। नेपालको धितोपत्र बजारमा सूचीकृत कम्पनीलाई तोकिएको प्रक्रिया पुरा गरी विदेशी धितोपत्र बजारमा सूचीकृत हुने गरी ग्लोबल डिपोजिटरी रिसिट जारी गर्न सक्ने व्यवस्था मिलाउनेछौं।

३७. सौम्य शक्तिको विस्तार गर्दै डायस्पोराको सीप, पुँजी र सञ्जालको सदुपयोग गर्नेछौं। प्रवासमा रहेका नेपाली नागरिकलाई लोकतान्त्रिक प्रक्रियामा आबद्ध गराई उनीहरूको मताधिकार सुनिश्चित गर्न कानूनी, प्राविधिक तथा प्रशासनिक पूर्वाधार तयारी गर्नेछौं। भिसा प्रणालीमा व्यापक सुधार गरी लगानीमैत्री अध्यागमन व्यवस्थापन गर्न नयाँ विधेयक संसदमा पेश गर्नेछौं। अतिकम विकसित मुलुकको राष्ट्रसङ्घीय दर्जाबाट निस्कन हाल न्यूनतम योग्यता पुगेको भएपनि अर्को दुई वर्ष घनीभूत आर्थिक-सामाजिक राष्ट्रिय पुनर्जागरणको आडमा नेपालको स्तरोन्नति गराउने निर्णय गरेका छौं। त्यस्तो स्तरोन्नति अप्रतिगम्य होस् भन्ने चाहेका छौं।

३८. राजनीतिक प्रणालीमा पारदर्शिता र उत्तरदायित्वको बलियो आधार निर्माण गर्नेछौं। स्वस्थ लोकतान्त्रिक प्रतिस्पर्धालाई संस्थागत गर्न राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरूलाई पछिल्लो आम निर्वाचनमा प्राप्त मतको आधारमा सरकारी अनुदान दिने बारे बृहत राजनीतिक वहस गराउनेछौं। यसरी उपलब्ध हुन सक्ने अनुदानको लेखापरीक्षण महालेखापरीक्षकले गर्ने व्यवस्था मिलाइनेछ।

३९. प्रमाणमा आधारित नीति निर्माण, कार्यान्वयन र अनुगमनलाई प्रभावकारी बनाउनेछौं। शैक्षिक गुणस्तर परीक्षण केन्द्र, कृषि तथ्याङ्क प्रणाली तथा नेपाल राष्ट्र बैंकअन्तर्गत रहेको उपभोक्ता मूल्य सूचकाङ्क सम्बन्धी तथ्याङ्क प्रणाली लगायतलाई राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत एकीकृत गरिनेछ। त्यसैगरी नीति अनुसन्धान प्रतिष्ठानलाई राष्ट्रिय योजना आयोग अन्तर्गत राखी सरकारको दीर्घकालीन सोच र नीति निर्माण गर्न सक्षम निकाय बनाउनेछौं।

**सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,**
अब म क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु।

४०. सडक पूर्वाधार

(क) आगामी आर्थिक वर्ष करिब एक हजार किलोमिटर सडक कालोपत्रे र २७५ वटा सडक पुल निर्माण हुनेछ।

(ख) एक हजार अठ्ठाईस किलोमिटर लामो पूर्व-पश्चिम राजमार्गलाई चारलेनमा स्तरोन्नति गर्ने कार्य पाँच वर्षभित्रमा सम्पन्न गर्नेछौं। यसै वर्ष कमला-कञ्चनपुर र नारायणगढ-बुटवल सडक खण्ड स्तरोन्नति कार्य सम्पन्न हुनेछ। आगामी वर्ष काँकडभिट्टा-लौकही, कमला-बागमती, बुटवल-गोरूसिङ्गे र धानखोला-लमही खण्ड अन्तर्गत ८० किलोमिटर सडक स्तरोन्नति गर्नेछौं। बागमती-पथलैया, नारायगढ हेटौंडा र गोरुसिङ्गे-चन्द्रौटा खण्डको स्तरोन्नति सुरु गर्नेछौं। पकली-कञ्चनपुर, चन्द्रौटा-धानखोला र कोहलपुर-गड्डाचौकी सडक खण्डको स्तरोन्नतिको अध्ययन सम्पन्न गर्नेछौं। पूर्व-पश्चिम राजमार्गको लागि रू.३७ अर्ब ४६ करोड विनियोजन गरेको छु।

(ग) काठमाडौं तराई-मधेश द्रुत मार्गमा आगामी वर्ष ४० वटा पुल र ५.४ किलोमिटर सुरुङ निर्माण सम्पन्न गर्नेछौं। द्रुत मार्गको लिङ्क रोड निर्माण सुरु गर्नेछौं। यस मार्गको लागि रू.१७ अर्ब ६४ करोड विनियोजन गरेको छु।

(घ) हुलाकी राजमार्ग आगामी तीन वर्षभित्र निर्माण सम्पन्न गर्नेछौं। यस अन्तर्गत घना बस्ती भएको स्थानबाट राजमार्ग चौडा गर्ने कार्य सुरु गर्दै ८ वटा सडक पुल निर्माण सम्पन्न गर्नेछौं। यस राजमार्गको लागि रू.४ अर्ब ६५ करोड विनियोजन गरेको छु।

(ङ) कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत-जुम्ला-गमगढी सडकको स्तरोन्नतिको लागि रू. १ अर्ब बजेट व्यवस्था गरेको छु।

(च) पुष्पलाल मध्यपहाडी राजमार्गको निर्माण आगामी तीन वर्षभित्र सम्पन्न गर्नेछौं। यस अन्तर्गत ६५ किलोमिटर सडक स्तरोन्नति र ५ वटा पुल निर्माण सम्पन्न गर्न रू.२ अर्ब १६ करोड विनियोजन गरेको छु।

(छ) मदन भण्डारी राजमार्ग अन्तर्गत २५ किलोमिटर सडक कालोपत्रे गर्न र पुल निर्माण गर्न रू. १ अर्ब ४६ करोड विनियोजन गरेको छु।

(ज) आगामी तीन वर्षभित्र मुख्य राजमार्ग तथा रणनीतिक सडकमा निर्माणाधीन पुल सम्पन्न गर्नेछौं। राष्ट्रिय राजमार्गमा पर्ने ४० वटा ठूला पुल निर्माण तथा स्तरोन्नति सम्पन्न गर्नेछौं। राष्ट्रिय राजमार्ग तथा रणनीतिक सडक पुल, विशेष महत्वका पुल र स्थानीय सडक पुलका लागि रू.९ अर्ब ८७ विनियोजन गरेको छु।

(झ) पृथ्वी राजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनीदेखि पोखरासम्मको चारलेन सडक निर्माण शीघ्र सम्पन्न हुनेछ। मुग्लिङ-आँबुखैरेनी खण्डको निर्माण कार्य सुरु गर्नेछौं। नागढुङ्गा-मुग्लिङ खण्ड अन्तर्गत ४० किलोमिटर सडक स्तरोन्नति हुनेछ। नागढुङ्गा सुरुङ मार्ग आगामी साउनदेखि सञ्चालनमा ल्याउनेछौं। यी सडक खण्डको लागि रू.६ अर्ब ५५ करोड विनियोजन गरेको छु।

(ञ) कर्णाली कोरिडोरको ३१ किलोमिटर कालोपत्रे एवम् ग्राभेल गर्नेछौं। त्यस्तै, कालीगण्डकी कोरिडोरको २१ किलोमिटर कालोपत्रे हुनेछ। कोशी कोरिडोरको उत्तरीखण्डको १५ किलोमिटर कालोपत्रे गर्नेछौं। यी तीनवटा कोरिडोरका लागि रू. ६ अर्ब २५ करोड विनियोजन गरेको छु।

(ट) गल्छी-स्याफ्रुवेशी-रसुवागढी सडक खण्डलाई स्तरोन्नति गर्न रु. १ अर्ब ३५ करोड विनियोजन गरेको छु।

(ठ) सिद्धार्थ राजमार्गको बुटवल-पोखरा खण्ड द्रुतमार्गका रुपमा निर्माण कार्य प्रारम्भगर्नेछौं। आगामी आर्थिक वर्षभित्र सिद्धबाबा सुरुङ मार्ग सम्पन्न हुनेछ।

(ड) महाकाली कोरिडोरको दार्चुला-टिङ्कर खण्डको ट्र्याक खोल्ने कार्यलाई विशेष प्राथमिकता दिएको छु। मेची, अरूण, तमोर, भेरी, सेती कोरिडोर र खुटिया-दिपायल सडकको स्तरोन्नति कार्यलाई तीव्रता दिइनेछ।

(ढ) काठमाडौं चक्रपथ विस्तार अन्तर्गत कलंकी-बसुन्धरा खण्ड विस्तार कार्य सुरु गर्नेछौं। वसुन्धरा-चाबहिल-कोटेश्वर खण्डको डिजाइन सम्पन्न गर्नेछौं।

(ण) टोखा-छहरे सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन गर्नेछौं। कर्णालीको जनजीवनलाई सहज गर्न जाजरकोटको मुलसामदेखि जुम्लाको टोपला सुरुङमार्गको संभाव्यता अध्ययन गर्नेछौं। खुर्कोट-चियाबारी, थानकोट-चित्लाङ, मझिमटार-शक्तिखोर र चिसापानी-बबई सुरुङ निर्माण सम्बन्धी अध्ययन गर्नेछौं।

(त) प्रमुख सडक चोकमा ट्राफिक संकेत, चोक सुधार, सडक रेखाङ्कन, त्र्यास व्यारियर र डिभाइडर जडान तथा मर्मतलाई निरन्तरता दिई सडक सुरक्षाका लागि रू. २ अर्ब ४६ करोड विनियोजन गरेको छु।

(थ) बर्दिबासदेखि काठमाडौं-तराई मधेश द्रुत मार्ग प्रस्थान विन्दुसम्मको रेल मार्ग निर्माण कार्य अगाडि बढाउनेछौं। निर्माणाधीन बथनाहा-विराटनगर तथा जनकपुर-जयनगर-बर्दिवास रेलमार्गको बाँकी कार्य सम्पन्न गर्न रकम विनियोजन गरेको छु।

(द) आगामी वर्षदेखि काठमाडौं उपत्यका लगायतका प्रमुख सहरी सडकको नियमित मर्मत सम्भार गरी धुलोमुक्त एवम् खाल्टाखुल्टीमुक्त बनाउनेछौं। सडकको राष्ट्रव्यापी मर्मत सम्भार अभियानका रूपमा सञ्चालन गर्न रू. २८ अर्ब ५२ करोड विनियोजन गरेको छु।

(ध) राजमार्गका उच्च जोखिमयुक्त स्थानमा जलवायु अनुकुलित संरचना निर्माण गर्नेछौं। पहिरोका कारण राजमार्गमा हुने अवरोधलाई तत्काल हटाई सेवा सुचारू गर्न रू. ३ अर्ब १७ करोड विनियोजन गरेको छु।

(न) महिलाहरुको सुरक्षित आवागमन सुनिश्चित गर्न सिसि क्यामेरासहितको आधुनिक ब्लु बस सेवा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउनेछौं।

४१. शहरी विकास

(क) मध्यपहाडी लोकमार्ग आसपासका १२ स्थानमा पहिचानयुक्त सहर निर्माण गर्न जग्गा विकास र पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिन रू.१ अर्ब ८३ करोड विनियोजन गरेको छु।

(ख) देशका प्रमुख सहरहरुमा एकीकृत फोहरमैला व्यवस्थापन, ढलमुक्त नदी अभियान र नदी किनारामा हरियाली प्रवर्द्धनका लागि रू. ४ अर्ब १९ करोड विनियोजन गरेको छु।

(ग) जेनजी आन्दोलनका क्रममा क्षति भएका सरकारी भवनको प्रबलीकरण तथा पुनःनिर्माण कार्यलाई प्राथमिकता दिनेछौं। जाजरकोट तथा रुकुम पश्चिम लगायतका जिल्लामा भूकम्पबाट क्षतिग्रस्त निजी आवास र सरकारी भवन पूननिर्माण कार्य सम्पन्न गर्न आवश्यक स्रोत विनियोजन गरेको छु।

(घ) हालसम्म सडक सञ्जालबाट नजोडिएका स्थानीय तहका केन्द्रलाई राष्ट्रिय राजमार्ग वा नजिकको प्रदेश राजधानीसँग सर्वयाम सञ्चालन हुने सडकमा जोड्ने गरी स्थानीय तह केन्द्र पहुँच सुधार कार्यक्रम अगाडि बढाउनेछौं।

(ङ) नागरिकलाई आधारभूत यातायात सेवामा पहुँच बढाउन बढीमा ३० मिनेटको पैदल यात्राको दुरी नवढ्ने गरी झोलुङ्गे पुल निर्माण गर्न रू.५ अर्ब १४ करोड बजेट विनियोजन गरेको छु।

(च) राष्ट्रिय आवास कम्पनी लिमिटेड अन्तर्गत आवासीय परियोजना सञ्चालन गर्न पहिलो चरणमा झापा जिल्लाको मेचीनगर नगरपालिकामा १०० वटा भवन निर्माण गरी सर्वसाधारणलाई विक्री वितरण गर्नेछौं।

सडक तथा सहरी पूर्वाधार विकासका लागि रू. २८६ अर्ब ४८ करोड विनियोजन गरेको छु।

**सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,**

४२. स्वच्छ खानेपानी

(क) तराई मधेशमा सुख्खा याममा हुने खानेपानीको चरम अभावलाई दिगो रूपमा समाधान गर्न समुदायस्तरमा डिप बोरिङ सहितको खानेपानी प्रणालीको विकास गर्नेछौं। आर्सेनिकमुक्त तराई अभियान सञ्चालन गर्नेछौं। तराई मधेशमा अधुरा रहेका २८० वटा खानेपानी आयोजना सम्पन्न गर्न रू. २ अर्ब ५० करोड विनियोजन गरेको छु।

(ख) आगामी आर्थिक वर्ष याङ्री र लार्के खोलाबाट मेलम्चीमा पानी पथान्तरणका लागि अध्ययन सम्पन्न गर्नेछौं। कीर्तिपुर, मध्यपुर थिमि, जोरपाटी, पेप्सीकोला, नागार्जुन र महालक्ष्मी लगायतका स्थानमा पाइप सञ्जाल विस्तारको कार्य थालनी गर्नेछौं। यस आयोजनाका लागि रू. ७ अर्ब २६ करोड विनियोजन गरेको छु।

(ग) सहरी क्षेत्रमा बिजुली, ढल तथा खानेपानी व्यवस्थापन एकीकृत रूपमा गर्नेछौं। दमक, धरान, इटहरी, वीरगञ्जर हेटौंडा लगायत प्रमुख सहरमा खानेपानी र ढल निर्माण तथा प्रशोधन कार्यक्रम सञ्चालन गर्न रू. २ अर्ब ३४ करोड विनियोजन गरेको छु।

(घ) उन्नत फिल्ट्रेशन प्रविधिको प्रयोग तथा राष्ट्रव्यापी पानी परीक्षण प्रयोगशाला सञ्जाल स्थापना गरी पानीको नियमित परीक्षण र क्यू आर कोडमा आधारित अनुगमन गर्नेछौं।

(ङ) काठमाडौं उपत्यकाको सल्लाघारी, कोड्कु, धोबीघाट, गोकर्ण र हनुमानघाटमा दैनिक ७ करोड २७ लाख लिटरको फोहोरपानी प्रशोधन केन्द्रको निर्माण सम्पन्न गर्नेछौं। यस कार्यका लागि रू.३ अर्ब ४६ करोड विनियोजन गरेको छु।

(च) उपत्यका बाहिर खाँदबारी, बेलौरी, टाउनबजार, बारपाक र त्रिशुलीबजारमा ढल प्रशोधन केन्द्र सञ्चालनमा ल्याउनेछौं।

खानेपानी तथा सरसफाईतर्फ रू.३७ अर्ब १७ करोड विनियोजन गरेको छु।

४३. स्वच्छ ऊर्जा विकास

(क) आगामी आर्थिक वर्ष जलविद्युत आयोजनाबाट ६७० मेगावाट र सौर्य आयोजनाबाट ३७० मेगावाट गरी १०४० मेगावाट राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध हुँदा कुल जडित क्षमता ५५३५ मेगावाट पुग्नेछ।

(ख) चालीस मेगावाट क्षमताको राहुघाट जलविद्युत आयोजनाको निर्माण यसै आर्थिक वर्षभित्र सम्पन्न गर्नेछौं। निर्माणाधीन तनहुँ जलाशययुक्त आयोजना, माथिल्लो मोदी ए, माथिल्लो मोदी, माथिल्लो त्रिशुली ३वि र बुढीगंगा आयोजना निर्माणलाई तीव्रता दिनेछौं।

(ग) एक हजार ६१ मेगावाटको माथिल्लो अरुण, ८ सय २८ मेगावाटको उत्तरगंगा, २ सय १० मेगावाटको चैनपुर सेती, ९९ मेगावाटको तामाकोशी-५ र ७७मेगावाटको घुन्साखोला आयोजनाको वित्तीय व्यवस्थापन गरी ठेक्का प्रक्रिया सुरु गर्नेछौं। ४ सय १७ मेगावाटको नलगाड, ४ सय ९० मेगावाटको अरुण-४ र २ सय ८१ मेगावाटको नौमुरे आयोजनाको अध्ययन प्रक्रिया अगाडि बढाउनेछौं। कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता समेतको लगानीमा ४ सय ३९ मेगावाटको बेतन कर्णाली जलविद्युत आयोजना निर्माणका लागि ठेक्का प्रक्रिया सुरु गर्नेछौं।

(घ) एक हजार २ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त आयोजना निर्माणका लागि अधिकार सम्पन्न प्राधिकरण मोडलमा निर्माण कार्य अघि बढाउनेछौं। ६ सय ७० मेगावाटको दुधकोशी जलाशययुक्त आयोजनाको फाइनान्सियल क्लोजर सम्पन्न गरी ठेक्का प्रक्रिया सुरु गर्नेछौं।

(ङ) नौ सय मेगावाटको अरुण तेस्रो, ६ सय ६९ मेगावाटको तल्लो अरुण लगायत लगानी बोर्ड मार्फत निर्माण कार्य अगाडि बढाइएका करिब ३ हजार मेगावाट क्षमताका आयोजना विकास गर्न आवश्यक सहजीकरण गर्नेछौं।

(च) निर्माणाधीन प्रसारण लाइन तथा सब स्टेशन निर्माण सम्पन्न गर्न रू. ७० अर्ब विनियोजन गरेको छु। हेटौडा ढल्केवर- इनरुवा ४०० के. भि. प्रसारण लाइन चालु आर्थिक वर्ष भित्रै निर्माण सम्पन्न हुनेछ। ४०० के.भि. का नयाँ खिम्ती बारबिसे काठमाण्डौं र हेटौंडा रातमाटे लप्सीफेदी-न्यू दमौली न्यू बुटवल प्रसारण लाइन निर्माण कार्यलाई तीव्रता दिनेछौं।

(छ) अन्तरदेशीयतर्फ बुटवल- गोरखपुर र इनरुवा पूर्णिया प्रसारण लाइन निर्माण कार्यलाई तीव्रता दिनेछौं। ढल्केवर-मुजफ्फरपुर-सितामढी, लम्की- दोदोधरा- बरेली, लमही-लखनउ, निजगढ-मोतिहारी र चिलिमे हब केरुङ प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण सुरु गर्नेछौं।

(ज) कर्णाली कोरिडोर राष्ट्रिय प्रसारण लाइन निर्माणलाई तीव्रता दिनेछौं। राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका स्थानीय तहमा विद्युतीकरणलाई तीव्रता दिनेछौं।

(झ) ग्रीन हाइड्रोजनको व्यवसायिक उत्पादनको प्रारम्भ गर्न हेटौंडामा २.५ मेगावाट क्षमताको ग्रीन हाइड्रोजन प्लान्टलाई पाईलट परियोजनाको रुपमा कार्यान्वयन गर्नेछौं। सुख्खा यामको पिक आवरमा हुने विद्युत अभावलाई सम्बोधन गर्न काठमाण्डौ उपत्यकामा १०० मेगावाटको ब्याट्री इनर्जी स्टोरेज प्रणालीको कार्यक्रम प्रारम्भ गर्नेछौं। ग्रिन हाइड्रोजन उत्पादन कार्यलाई अगाडि बढाउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

ऊर्जा उत्पादन, प्रसारण र वितरण लाइन निर्माणका लागि रू. ८५ अर्ब ५४ करोड विनियोजन गरेको छु।

४४. सिँचाइ पूर्वाधार विकास

(क) आगामी आर्थिक वर्ष थप १५ हजार ८ सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउनेछौं। यसबाट खेतीयोग्य सिंचित जमिनको अनुपात ६४ प्रतिशत पुग्नेछ। नदी नियन्त्रणतर्फ ७० किलोमिटर तटबन्ध निर्माण र २१० हेक्टर जग्गा उकास गर्नेछौं।

(ख) बबई सिँचाइ आयोजना अन्तर्गत आगामी आर्थिक वर्ष १ हजार ६६ हेक्टर जमिनमा सिँचाइको सुविधा पुर्‍याउनेछौं। राजापुर सिँचाइ आयोजनाको पूनर्स्थापनको कार्य अगाडि बढाईनेछ। भेरी बबई डाईभर्सन आयोजनाको हेडवर्कस निर्माण कार्य सम्पन्न गर्नेछौं। यी आयोजनाका लागि रू. ५ अर्ब ६३ करोड विनियोजन गरेको छु।

(ग) सिक्टा सिँचाइ आयोजना अन्तर्गत बाँके पूर्व र पश्चिमतर्फ ५ हजार हेक्टर जमिनमा थप सिँचाइ सुविधा पुर्‍याउनेछौं। यसका लागि रू. २ अर्ब ५५ करोड विनियोजन गरेको छु।

(घ) सुनकोशी-मरिन डाइभर्सन आयोजनाको बाँध र विद्युतगृह निर्माणको लागि पुनः ठेक्का लगाई ४ वर्षभित्र सम्पन्न गर्नेगरी निर्माण कार्य सुरु गर्नेछौं। यसका लागि रू. २ अर्ब ९८ करोड विनियोजन गरेको छु।

(ङ) बागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी सुनकोशी-मरिन डाइभर्सन आयोजनाबाट थप हुने पानीको उपयोगबाट बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाका १ लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्न रू. ५३ करोड विनियोजन गरेको छु।

(च) महाकाली सिँचाइ आयोजनाको कमाण्ड क्षेत्र विस्तार गर्नेछौं। रानी-जमरा-कुलरिया आयोजनाको लम्की खण्डको पूर्वाधार विकास गर्नेछौं। यी आयोजनाका लागि रू. ५ अर्ब १३ करोड विनियोजन गरेको छु।

(छ) बृहत दाङ उपत्यका सिँचाइ आयोजना र प्रगन्ना बड्कापथ सिँचाइ आयोजना वाट २ हजार ३ सय ८० हेक्टर जमिनमा थप सिँचाइ उपलब्ध गराउन रू. १ अर्ब २१ करोड विनियोजन गरेको छु।

(ज) नौमुरे बहुउद्देश्यीय सिँचाइ आयोजनाबाट कपिलवस्तुमा सिँचाइ गर्नेगरी आवश्यक पूर्वतयारी सम्पन्न गर्नेछौं।

(झ) वाणगंगा सिँचाइ आयोजनाको पुनर्स्थापना र मर्मत सम्भार गर्नेछौं। नारायणी सिँचाइ आयोजना पुनर्स्थापनाका लागि बजेट छुट्याएको छु।

(ञ) सुनसरी-मोरङ, चन्द्र नहर, कमला, नारायणी, गण्डक, कोशी पम्प लगायतका सिँचाइ प्रणालीको मर्मत सम्भार तथा पुनर्स्थापनाका लागि रू. ४४ करोड विनियोजन गरेको छु।

(ट) सतह सिंचाइको सेवा नपुगेका तराई-मधेशका थप ३ हजार ९ सय ८० हेक्टर खेतीयोग्य जमिनमा भूमिगत सिँचाइ सुविधा पुर्‍याउन रू. १ अर्ब ८३ करोड विनियोजन गरेको छु। त्यसैगरी सर्लाही र धनुषा जिल्लामा स्मार्ट प्रविधिको प्रयोग गरी भूमिगत सिँचाइ सुविधा पुर्‍याउन आवश्यक रकम व्यवस्था गरेको छु।

(ठ) पहाडी तथा हिमाली क्षेत्रका कृषियोग्य टारहरूमा लिफ्ट सिंचाइ प्रणाली मार्फत भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन रू. ८० करोड विनियोजन गरेको छु।

(ड) पहाडका टारहरूमा लिफ्ट सिँचाइ आयोजनाबाट आगामी वर्ष २ हजार २ सय ३० हेक्टर जमिनमा थप सिँचाइ सुविधा विस्तार गर्नेछौं।

(ढ) महाकाली, कर्णाली, नारायणी, कोशी लगायतका ठूला तथा मझौला नदीहरूको व्यवस्थापन कार्यका लागि रकम विनियोजन गरेको छु।

४५. सूचना तथा सञ्चार

(क) दूरसञ्चार प्राधिकरण विधेयक संसदमा पेश गर्नेछौं। नवीनतम प्रविधिको प्रयोगलाई तीव्रता दिँदै गुणस्तरीय दूरसञ्चार सेवाको पहुँच बढाउनेछौं। कर्णाली र सुदुरपश्चिम प्रदेशमा गुणस्तरीय टेलिफोन सेवा र नेटवर्क विस्तार गरिनेछ।

(ख) सरकारी मुद्रणका लागि स्थापित विभिन्न संरचनालाई एक आपसमा गाभी एकीकृत सुरक्षित मुद्रण संस्थाको स्थापना गर्नेछौं।

(ग) नेपालमा दर्ता भएका सामाजिक सञ्जालमार्फत व्यावसायिक क्रियाकलाप विस्तार गर्न प्रोत्साहन गर्नेछौं।

(घ) छापा तथा विद्युतीय सञ्चार माध्यमबाट हुने लोककल्याणकारी विज्ञापनका लागि रू.३३ करोड विनियोजन गरेको छु।

सूचना तथा सञ्चार क्षेत्रका लागि रू. ५ अर्ब ९३ करोड विनियोजन गरेको छु।

**सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,**

४६. खेलकुद

(क) खेल पूर्वाधारलाई युवा विकास र स्थानीय अर्थतन्त्रसँग जोड्दै आगामी तीन वर्षभित्र कम्तीमा आठ हजार दर्शक क्षमताका दश वटा फुटबल रङ्गशालालाई फ्लड लाईट सहितको स्तरोन्नति गर्नेछौ। प्रमुख आठ सहरमा पाँच वर्षभित्र आधुनिक क्रिकेट रङ्गशाला निर्माण गर्नेछौं।

(ख) विराटनगर, लहान, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र धनगढीको फाप्लामा कम्तीमा दुई हजार क्षमताका इन्डोर मल्टिपर्पोज स्टेडियम आगामी तीन वर्षभित्र निर्माण गर्नेछौ।

(ग) मूलपानी क्रिकेट रङ्गशाला तथा एकेडेमी, गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला र कैलालीको फाप्ला क्रिकेट रङ्गशाला निर्माणका लागि डिजाइन पुनरावलोकन गरी लगानी मोडालिटी तय गर्नेछौं।

(घ) खेलकुदमा विशेष रुचि र क्षमता भएका विद्यार्थीलाई विद्यालयको आधारभूत तहदेखि छनौट गरी आवासीय सुविधासहित तालिम दिने व्यवस्था मिलाउनेछौं।

(ङ) अन्तर्राष्ट्रिय पदक जित्ने खेलाडीलाई अवकाशपछि सम्मानजनक जीवन जिउन सक्ने गरी आजीवन निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्नेछौं।

(च) सुर्खेतमा दशौं राष्ट्रिय खेलकुद सम्पन्न गर्न र मधेश प्रदेशमा प्रस्तावित एघारौं राष्ट्रिय खेलकुदको लागि आवश्यक पूर्वाधार निर्माण गर्न रकम छुट्याएको छु।

खेलकुद क्षेत्रको लागि रू. ४ अर्ब ३ करोड विनियोजन गरेको छु।

४७. गुणस्तरीय शिक्षा

(क) मुलुकभरका सामुदायिक विद्यालयहरुको पूर्वाधार आवश्यकताको म्यापिङ्ग गर्नका लागि रू. १ अर्ब विनियोजन गरेको छु।

(ख) सुदुरपश्चिम प्रदेशको गेटास्थित सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा शैक्षिक सत्र २०८३/८४ देखि एमविविएस लगायत चिकित्सा शिक्षाका चारवटा विधामा कार्यक्रम सञ्चालन गर्नेछौं।

(ग) विद्यालयतहदेखि उच्च शिक्षासम्मका लक्षित विद्यार्थी छात्रवृत्तिका लागि रू. ८ अर्ब ६० करोड विनियोजन गरेको छु।

(घ) सङ्गीत, कला तथा साहित्य सम्बन्धी अध्ययनलाई देशैभर प्रवर्द्धन गर्नेछौं। राजगुठी लगतमा दर्ता रहेको त्रिपुरेश्वर महादेव मन्दिर परिसरमा गुठी रिसर्च इन्स्टीच्यूट एवम् एथ्नोम्यूजिकोलोजी सेन्टर स्थापनाका लागि सहयोग गर्नेछौं।

(ङ) अन्तर्राष्ट्रिय स्तरका उच्च श्रेणीमा रहेका विश्वविद्यालयलाई नेपालमा क्याम्पस सञ्चालन गर्न नीतिगत व्यवस्था र प्रोत्साहन गर्नेछौं। स्वदेशी र विदेशी प्राध्यापकहरूबीच प्राज्ञिक आदानप्रदान कार्यक्रम सुरु गर्नेछौं।

(च) विश्वविद्यालयलाई शैक्षिक, प्रशासनिक तथा वित्तीय स्वायत्तता प्रदान गरी लागत साझेदारी मोडेलमा सञ्चालन गर्न कानुनी प्रबन्ध मिलाउनेछौं।

(छ) वैदेशिक रोजगारीमा रहेका युवालाई खुला विश्वविद्यालय अन्तर्गत अध्ययनको अवसर प्रदान गर्नेछौं।

(ज) विभिन्न प्रदेशका सामुदायिक विद्यालयमा कक्षा ५ देखि कक्षा ८ सम्म अध्ययनरत विद्यार्थी तथा शिक्षक विद्यार्थी आदानप्रदान कार्यक्रम सञ्चालन गर्नेछौ।

(झ) मानव विकास सूचकाङ्कमा पछाडि परेका समुदायको आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न आवासीय विद्यालय सञ्चालन गर्नेछौं। यस कार्यक्रम चितवन जिल्लाको चेपाङ समुदायबाट सुरु गर्नेछौं।

शिक्षा क्षेत्रका लागि रू. २१८ अर्ब ३० करोड विनियोजन गरेको छु।

४८. सर्वसुलभ स्वास्थ्य सेवा

(क) सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच तथा उपभोग सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रमा रू. १०१ अर्ब ९५ करोड विनियोजन गरेको छु। यसमध्ये स्वास्थ्य बीमा कार्यक्रमका लागि रू. १५ अर्ब बजेट विनियोजन गरेको छु।

(ख) विपन्न नागरिक उपचार, आमा सुरक्षा कार्यक्रम, निःशुल्क औषधी लगायत स्वास्थ्य सामाजिक सुरक्षाका कार्यक्रमका लागि रू.१३ अर्ब १५ करोड विनियोजन गरेको छु।

(ग) रोगको बदलिँदो प्रकृति र भार एवम् लागत प्रभावकारिताका आधारमा आधारभूत स्वास्थ्य सेवाको प्याकेज परिमार्जन गर्नेछौं।

(घ) निर्माण सुरु भएका ३३६ आधारभूत अस्पताललाई आगामी तीन वर्षमा निर्माण सम्पन्न गर्नेछौं। मानव विकास सूचकाङ्क कम भएका हरेक प्रदेशका एक स्थानीय तहको उपयुक्त स्थानमा आधारभूत अस्पताल निर्माण गर्ने र निर्माण सुरु नभएका अस्पतालहरूको हकमा वैज्ञानिक नक्साङ्कन पश्चात मात्र निर्माण गर्नेछौं। आधारभूत अस्पताल सञ्चालन तथा पूर्वाधार निर्माणका लागि रू. ५ अर्ब ९० करोड विनियोजन गरेको छु।

(ङ) स्वास्थ्य संस्था तथा सेवाको गुणस्तर मापन, प्रमाणीकरण र प्रत्यायनका लागि "राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण" स्थापना गर्नेछौं।

(च) कर्णाली र सुदुरपश्चिम लगायतका दुर्गम क्षेत्रमा टेलिमेडिसिन सेवा विस्तार तथा भिडियो कन्सल्टेसन मार्फत विशेषज्ञ स्वास्थ्य सेवा सुनिश्चित गर्नेछौं।

(छ) सङ्घीय विशिष्टीकृत अस्पतालमा जलन उपचार युनिटको स्थापना गर्नेछौं। जलनको सघन उपचारको लागि वीर अस्पताल र कीर्तिपुर अस्पतालको क्षमता विकास गर्नेछौं।

(ज) मधेश प्रदेशमा मिर्गौला रोग उपचार केन्द्र र ट्रमा सेन्टर निर्माण सुरु गर्नेछौं।

(झ) बालबालिकामा हुने क्यान्सर रोगको सरकारी अस्पतालमा निःशुल्क उपचार हुने व्यवस्था मिलाएको छु।

(ञ) नागरिक स्तरबाट स्थापना भई अन्तर्राष्ट्रिय क्षेत्रमै ख्याति प्राप्त अनुकरणीय सर्वसुलभस्वास्थ्य सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थालाई प्रोत्साहित गर्नेछौं। यस अन्तर्गत धुलिखेल सामुदायिक अस्पताल र काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थको स्तरोन्नति गर्न बजेट विनियोजन गरेको छु। तिलगंगा आँखा प्रतिष्ठानलाई लेन्स उत्पादनमा प्रोत्साहित गर्न कर सहुलियत प्रदान गरेको छु।

(ट) हाइ अल्टिच्यूड सिकनेस उपचार सेवा विस्तार गर्नेछौं। महामारी रोकथाम एवम् प्रतिकार्यका लागि प्रभावित क्षेत्रमा द्रुत प्रतिकार्य टोली परिचालन गर्नेछौं।

(ठ) देशभित्र उत्पादन वा आपूर्ति हुने औषधि, रोग निदानात्मक र अन्य स्वास्थ्यजन्य खाद्यान्न सामग्रीहरुको गुणस्तर र नियमन सुनिश्चित गर्न "फुड एन्ड ड्रग एडमिनिस्ट्रेशन" स्थापना गर्नेछौं।

(ड) सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा रियल टाइम अनुगमनका लागि एक नागरिक एक डिजिटल प्रोफाइल प्रणाली कार्यान्वयनमा ल्याउनेछौं।

(ढ) सामुदायिक, सहकारी र निजी क्षेत्रको सहकार्यमा सबै स्वास्थ्य संस्थामा "सुलभफार्मेसी" सञ्चालन गर्नेछौं। राष्ट्रिय औषधि प्रयोगशालाको स्तरोन्नति गर्नेछौं।

(ण) वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पिइटी स्क्यान, साइक्लोट्रोन मेसिन खरिद तथा जडान गर्न पुँजीगत अनुदानका लागि रू. ३२ करोड विनियोजन गरेको छु।

(त) राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र, बुढानिलकण्ठ, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, कीर्तिपुर र पोखरा स्थित प्राकृतिक तथा वैकल्पिक चिकित्सा सहितको आयुर्वेद अस्पताल सञ्चालनमा ल्याई आयुर्वेद तथा बैकल्पिक चिकित्सा क्षेत्रलाई स्वास्थ्य पर्यटनसँग जोड्नेछौं।

(थ) मधेश प्रदेशस्थित नारायणी अस्पताल, गजेन्द्रनारायण सिंह अस्पताल र रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकास कार्य अघि बढाउनेछौं। कर्णाली प्रदेशका दुर्गम स्थानहरुमा एयर एम्बुलेन्स सेवा सुरु गर्नेछौं।

(द) नर्सिङ कर्मचारीको रात्री ड्युटी भत्ता दोब्बर गरेको छु। महिला स्वास्थ्य स्वयंसेविकालाई प्रदान गरिदै आएको यातायात खर्चमा पचास प्रतिशतले वृद्धि गरेको छु।

**सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,**

४९. महिला, बालबालिका, लैङ्गिक मामिला र सामाजिक सुरक्षा

(क) दलित समुदायको परम्परागत सीप संरक्षण, आय आर्जन, प्रविधि स्तरोन्नतिका क्रियाकलाप सहित एकीकृत रुपमा दलित केन्द्रित लगानी बढाउनेछौं। देशैभरिका पाँच वर्षमुनिका दलित समुदायका बालबालिकाको पोषण सहायताका लागि रू.३ अर्ब विनियोजन गरेको छु।

(ख) जेनजी आन्दोलनका सहिदको सम्मान गरिनुका साथै सहिद परिवारको लागि सम्मानजनक आर्थिक सहायता सुनिश्चित गरिसकिएको छ। आन्दोलनका घाइतेका लागि निःशुल्क स्वास्थ्य उपचार, घाइतेको अवस्था अनुसार मासिक भत्ता र उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गर्नेछौं।

(ग) सरकारी कार्यालयले निर्माण गर्ने भौतिक संरचना, डिजिटल प्रविधि, वेवसाइट र सफ्टवेयरहरु सबै किसिमका अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने ढाँचामा विकास गर्दै लैजानेछौं।

(घ) सबै प्रदेशमा अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गर्दै जानेछौं।

(ङ) अटिजम भएका बालबालिकालाई लक्षित गरी पूर्वाधार युक्त आवासीय नमूना विद्यालय सञ्चालन गर्नेछौं।

(च) गिग वर्करलाई औपचारिक श्रम र सामाजिक सुरक्षाको दायरामा ल्याउनेछौं।

(छ) जीवनचक्रका विभिन्न चरणमा हुनसक्ने जोखिमबाट संरक्षण प्रदान गर्न सामाजिक सुरक्षातर्फ रू. १ सय २० अर्ब विनियोजन गरेको छु।

(ज) लैङ्गिक हिंसा निवारण सम्बन्धी एकीकृत विधेयक तर्जुमा गर्नेछौं।

(झ) प्रदेश र स्थानीय सरकारसँगको सहकार्यमा सडक बालबालिका तथा ज्येष्ठ नागरिकको पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापना गर्नेछौं। नेपाललाई सडक बालबालिकामुक्त राष्ट्र घोषणा गर्नेछौं।

(ञ) समतामूलक, सभ्य र सुसंस्कृत समाजको निर्माणका लागि छुवाछुत तथा भेदभाव विरूद्ध राष्ट्रिय अभियान सञ्चालन गर्नेछौं। बालश्रम, लैङ्गिक हिसा, यौन दुर्व्यवहार, छाउपडी, महिनावारी विभेद, बालविवाह जस्ता सामाजिक विकृतिको अन्त्यका लागि तीनै तहबाट सामाजिक रूपान्तरण अभियान सञ्चालन गर्नेछौं।

(ट) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको मर्यादित जीवनयापनका लागि सामाजिक अन्तरघुलन कार्यक्रम सञ्चालन गर्नेछौं।

(ठ) महिला उद्यमशीलता विकासका लागि स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नेछौं।

(ड) बाल सुधार गृहको पूर्वाधार तथा व्यवस्थापनका लागि रू. ३१ करोड विनियोजन गरेको छु।

(ढ) दुर्गम क्षेत्रका ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुको हवाई उद्धार गर्न रकम विनियोजन गरेको छु।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तर्फ रू. २ अर्ब २७ करोड विनियोजन गरेको छु।

५०. कृषि विकास तथा भूमि व्यवस्थापन

(बाँकी पृष्ठ ५ मा)

# नेपाल सरकारद्वारा प्रस्तुत...

(क) रासायनिक मल खरिदका लागि चालु आर्थिक वर्षको विनियोजनमा वृद्धि गरी रू. ३२ अर्ब ४६ करोड पुर्याएको छु। रासायनिक मल आपूर्ति क्यालेण्डर तयार गरी मुख्य खाद्य बाली लगाउने समयमा सहज वितरण हुने व्यवस्था मिलाउनेछौं।

(ख) राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका लागि रू. २ अर्ब ७ करोड विनियोजन गरेको छु।

(ग) किसानको पहिचान कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरी परिचयपत्र वितरण सुरु गर्नेछौं। कृषियोग्य नदी उकास लगायत उपयोगविहीन सरकारी जग्गा र बाँझो जमीनको उपयोग गर्न स्थानीय तहमा भूमि बैंकको स्थापना र निजी क्षेत्रलाई 'एग्रोपुलिङ' गर्न प्रोत्साहन गर्नेछौं।

(घ) सिराहा र सप्तरीमा आँप तथा सर्लाहीमा गोलभेंडा प्रशोधन केन्द्र स्थापना गर्नेछौं। कर्णालीमा स्याउ, ओखर लगायतको फलफूलको जोन सञ्चालन गर्ने र चिस्यान केन्द्र स्थापना कार्य अगाडि बढाउनेछौं।

(ङ) उपयोग नभएको खेतीयोग्य व्यक्तिगत जमिनलाई व्यावसायिक कृषि कम्पनीको शेयरमा परिणत गरी कृषि तथा पशुपालन फर्म सञ्चालन गर्न प्रोत्साहित गर्नेछौं।

(च) प्राङ्गारिक मल र हरियो मल प्रवर्द्धन गर्न स्थानीय तहलाई सशर्त अनुदान हस्तान्तरण गर्न रू. ३६ करोड विनियोजन गरेको छु।

(छ) नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रको सहकार्यमा कम्पनी मोडलमा ग्रीन युरिया मल उद्योग सञ्चालन गर्न दिनेछौं। निजी क्षेत्रबाट ग्रीन युरिया उत्पादन प्रवर्द्धन गर्न खरिद ग्यारेन्टी सम्झौता गरी सहुलियत दरमा विद्युत उपलब्ध गराउने व्यवस्था मिलाउनेछौं।

(ज) कृषि बीमाको प्रिमियममा दिइने अनुदान सहुलियतका लागि रू. २ अर्ब १९ करोड विनियोजन गरेको छु।

(झ) किसानलाई वित्तीय पँहुच प्रदान गर्न र नगद प्रवाह व्यवस्थापन गर्न कृषि उपज भण्डारणको प्रमाणीकरणका आधारमा वेयरहाउस रिसिट फाइनान्सिङ्ग गर्ने व्यवस्था मिलाउनेछौं।

(ञ) पशुपन्छीमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप निजी क्षेत्र समेतको सहभागितामा स्वदेश मै उत्पादन गर्नेछौं। खोरेत लगायतका रोग नियन्त्रण गर्न रू. २४ करोड विनियोजन गरेको छु।

(ट) हुम्लाको हिल्सास्थित सीमा नाकामा पशु क्वारेन्टिन स्थापना गर्नेछौ।

(ठ) पैंतीसवटा नगरपालिकाबाट जग्गा प्रशासन सम्बन्धी एकीकृत सेवा सुरुवात गर्नेछौं।

घरजग्गा खरिदबिक्रीलाई सहज बनाउन जग्गा धनी संकेत नम्बर जारी गरी घरजग्गा रोक्का-फुकुवा, खरिदबिक्री र राजस्व भुक्तानी अनलाईन प्रणालीबाट गर्नेछौं।

(ड) भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने कार्य आगामी आर्थिक वर्ष भित्रै सम्पन्न गर्ने व्यवस्था मिलाउनेछौं।

कृषि तथा पशुपन्छी विकासका लागि रू.४६ अर्ब ९२ करोड विनियोजन गरेको छु।

५१. वन, वातावरण तथा जलवायु अनुकुलन

(क) चुरे तथा तराई मधेश क्षेत्रको जलचक्रलाई दिगो बनाउन पानीका स्रोत संरक्षण तथा पोखरी निर्माण, पहिरो नियन्त्रण, तटबन्ध निर्माण लगायतका क्रियाकलाप सञ्चालन गर्न करिब रू. १ अर्ब विनियोजन गरेको छु।

(ख) जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको समर्थन मूल्य निर्धारण गरी खरिद गर्ने कार्य शुरुवात गर्नेछौं। कर्णालीमा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्नेछौ।

(ग) कार्बन उत्सर्जन कटौती बापत प्राप्त लाभमा स्थानीय समुदायलाई प्राथमिकता दिई उत्सर्जन न्यूनीकरणका लागि नतिजामा आधारित रेडप्लस कार्यक्रम सञ्चालन गर्नेछौं।

(घ) अन्तर्राष्ट्रिय जलवायुकोषको सहुलियतपूर्ण पुँजीमा निजी क्षेत्रको पँहुच पुग्ने व्यवस्था गर्नेछौं।

(ङ) डढेलो नियन्त्रणका लागि ड्रोन तथा स्याटेलाइटको उपयोग गरी रियल टाइम सूचना आदानप्रदान गर्नेछौं। जोखिमयुक्त क्षेत्रमा मानव वन्यजन्तु सहअस्तित्व कार्यक्रम सञ्चालन गर्नेछौं।

(च) प्रमुख सहरहरुमा वायु प्रदुषण मापन केन्द्र र केन्द्रीय वातावरण प्रयोगशालाको स्तरोन्नति गर्नेछौं।

वन, वातावरण तथा जलवायु क्षेत्रको लागि रू.१२ अर्ब ३१ करोड विनियोजन गरेको छु।

५२. संस्कृति तथा पर्यटन

(क) ऐतिहासिक स्थलहरू तिलौराकोट, देवदह, कपिलवस्तु र रामग्रामको बृहत पूर्वाधार विकास गर्नेछौं। बृहत लुम्बिनी विकास कार्यक्रमका लागि रू. ८३ करोड विनियोजन गरेको छु।

(ख) जनकपुरलाई विवाह गन्तव्यको रूपमा विकास र ब्रान्डिङ्ग गर्नेछौं। रामजानकी पथ र रामजानकी परिक्रमा सडक स्तरोन्नतिका लागि रकम छुट्याएको छु।

(ग) पर्यटकीय दृष्टिले महत्वपूर्ण पहाडी क्षेत्रमा हिल स्टेसनको प्रवर्द्धन गर्न पूर्वाधार विकासमा जोड दिनेछौं। हिमाल आरोही तथा पदयात्रीको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था मिलाउनेछौं।

(घ) मुस्ताङ र मनाङ लगायत उच्च हिमाली जिल्लामा रहेका दुईसय वर्षभन्दा पुराना कम्तीमा पनि दुई दर्जन ऐतिहासिक बौद्ध गुम्बाहरुको संरक्षणका लागि विशेष परियोजना ल्याउनेछौं।

(ङ) कपिलवस्तुको तिलौराकोट, धनुषाको जनकपुरधाम र काठमाण्डौको गोकर्णेश्वरलाई विश्व सम्पदा सूचीमा समावेश गराउन कार्य अगाडि बढाउनेछौं।

(च) खप्तड-बडिमालिका शुक्लाफाँटा, काँक्रेविहार-पञ्चकोशी-रारा, ठाकुरद्वार-स्वर्गद्वारी-रूरू क्षेत्र, देवघाट-मुक्तिनाथ तिलिचो, कालिञ्चोक जुगल-गोसाइकुण्ड, सखडा-धनुषाधाम गढीमाई, हलेसी-चतरा- पाथिभरा प्रादेशिक पर्यटकीय कोरिडोरको प्रवर्द्धन गर्नेछौं।

(छ) ग्रेट हिमालयन ट्रेल लगायत अन्य पदमार्गलाई रणनीतिक पदमार्गका रुपमा विकास गर्नेछौं। खप्तड- रामारोशन बडिमालिका बुढिनन्दा रारा स्वर्गद्वारी-मुक्तिनाथलाई जोड्ने गरी उच्च पहाडी पर्या-पर्यटन पदमार्ग (डाँफे रूट) को विकास गर्नेछौं।

(ज) अपि हिमाल, दोर्दी हिमाल, सिकलेस-कहुपुचे-मनाङ, तीनजुरे-पाथिभरा ट्रेकिङ रुट विकास गर्नेछौं। साइकल ट्रेलका लागि उपयुक्त गण्डकी प्रदेशका मध्यपहाडमा परीक्षणका रुपमा कास्की लिपेनी थुम्सीकोट भाचोक-लम्तरी (प्रिन्स चार्ल्स रुट हुँदै करापुसम्म) र व्यास छाब्दी बाराही-बन्दीपुर छिम्केश्वरी-लाब्दी-देवघाट रुट निर्माण गर्नेछौं।

(झ) आदिवासी जनजाति समुदायको संस्कृति संरक्षणका लागि कीर्तिपुरस्थित संग्राहलयको विस्तार गर्नेछौं। दलित समुदायको परम्परागत मौलिक सीप, कला तथा पेशाको प्रवर्द्धन गर्न मधेश, कर्णाली र सुदूरपश्चिमका सघन दलित बस्तीलाई लक्षित गरी नमूना होमस्टे सञ्चालन गर्नेछौं।

(ञ) छ हजार मिटर भन्दा बढी उचाई भएका र हालसम्म नामकरण नगरिएका हिमाललाई मौलिक नामकरण गरी आरोहणका लागि विशिष्ट बजारीकरण गर्नेछौं।

५३. नागरिक उड्डयन

(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिका लागि रू. १ अर्ब ५३ करोड विनियोजन गरेको छु। निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण मोडालिटी छ महिनाभित्र यकीन गर्नेछौं।

(ख) गौतमबुद्ध र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको व्यवस्थापनमा निजी क्षेत्रसँग सहकार्य गर्नेछौं।

(ग) भरतपुर विमानस्थललाई विस्तार गरी रात्रीकालीन उडान सञ्चालन गर्नेछौं। प्रदेश सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थल विस्तार गर्नेछौं। मुगुको ताल्चा र दाङ्गको टरिगाँउ विमानस्थल स्तरोन्नति गर्नेछौं।

संस्कृति तथा पर्यटन क्षेत्रका लागि रू. ७ अर्ब ३४ करोड र नागरिक उड्डयन क्षेत्रका लागि रू.२ अर्ब ९३ करोड विनियोजन गरेको छु।

५४. श्रम तथा वैदेशिक रोजगार

(क) रिभर्स प्रवासनलाई प्रोत्साहन गर्दै विप्रेषणलाई उपभोगबाट उत्पादनशील प्रयोजनमा रुपान्तरण गर्न "विप्रेषण-लगानी मिलान कोष" सञ्चालन गर्नेछौं। वैदेशिक रोजगारीबाट फर्किएकाको ज्ञान, सीप र दक्षताको सदुपयोग गर्न रिटर्नी माइग्रेन्ट कार्यक्रम कार्यान्वयन गर्नेछौं।

(ख) युवाहरुलाई विभिन्न विषयगत छोटो अवधिका र कार्यस्थलमा आधारित तालिम सञ्चालन गरी सीपयुक्त बनाउनेछौं।

(ग) वैदेशिक रोजगारीलाई थप सुरक्षित एवम् मर्यादित बनाउन श्रम सम्झौताको पुनरावलोकन तथा नयाँ गन्तव्य मुलुकसँग थप सम्झौता गर्नेछौं। विदेशमा अलपत्र परेका नेपाली नागरिकलाई उद्दार गर्न र मृत्यु भएका श्रमिकको शव सहज रुपमा स्वदेश ल्याउने प्रबन्ध मिलाउन आवश्यक बजेट विनियोजन गरेको छु।

(घ) सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाने व्यवस्था मिलाउनेछौं। बिना धितो ऋण र किस्ताबन्दीमा रोजगारदाताबाट भुक्तानीको व्यवस्था गरी वैदेशिक रोजगारीलाई मर्यादित, पारदर्शी र स्वचालित बनाउनेछौं। वैदेशिक रोजगारीमा जाँदा शुन्य लागतलाई प्रोत्साहन गर्दै सेवा शुल्कलाई श्रमिकमैत्री बनाउनेछौं।

(ङ) औपचारिक च्यानलबाट भित्रिने रेमिटेन्सलाई थप प्रोत्साहित गर्न रेमिटेन्स आप्रवाहको हरेक रिसिटमा आधारित लट्ठी कार्यक्रम सञ्चालन गरिनेछ।

(च) अनौपचारिक क्षेत्रका श्रमिकको जीवनयापन र आधारभूत स्वास्थ्यलाई सहयोग पुग्ने गरी सहुलियत दरमा पौष्टिक खाना उपलब्ध गराउने गरी आवश्यक कार्यक्रम प्रारम्भ गर्नेछौं।

श्रम तथा रोजगार क्षेत्रमा रू. ३ अर्ब ६३ करोड विनियोजन गरेको छु।

५५. औद्योगिक विकास

(क) निर्यातको सम्भावना भएका कृषि प्रशोधन, पर्यटन सेवा, हलुका उत्पादन लगायतका श्रम प्रधान उद्योगको विकास तथा विस्तारका लागि नमूना स्वरूप रोजगार आबद्ध उत्पादन क्षेत्र (इम्प्लोयमेन्ट लिङ्गड प्रोडक्सन जोन) सञ्चालन गर्नेछौं।

(ख) उद्योग प्रतिष्ठानको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कानूनी प्रबन्ध मिलाउनेछौं।

(ग) सरकार र निजीक्षेत्रको सहकार्यमा औद्योगिक क्षेत्र तथा औद्योगिक कोरिडरमा स्वच्छ ऊर्जामा आधारित प्रविधिको प्रयोग गरी ट्रिटमेन्ट प्लान्ट सहितको सिवरेज प्रणाली सञ्चालन गर्नेछौं।

(घ) उद्योग प्रतिष्ठानमा रहेका परम्परागत बोइलरलाई इलेक्ट्रिक बोइलरले प्रतिस्थापन गर्न सहुलियतपूर्ण ऋण सुविधा प्रदान गर्नेछौं। एकसय उद्योगहरुलाई विद्युतीय वा बायो ब्रिकेटमा आधारित बोइलरमा रुपान्तरण गर्न रू. २२ करोड विनियोजन गरेको छु।

(ङ) औद्योगिक पूर्वाधार विकासका लागि रू. ६५ करोड विनियोजन गरेको छु।

(च) खानी सम्बन्धी लाइसेन्सको पूनरावलोकन गर्नेछौं। नयाँ खानीको अन्वेषणका क्रममा फेज टु सम्मको अध्ययनका लागि आवश्यक जियोलोजिकल ल्याब र परीक्षण अन्वेषणको व्यवस्था गर्नेछौ।

(छ) खानी क्षेत्र, ठूला उद्योग र पाँच मेगावाट भन्दा बढी विद्युत खपत गर्ने निजी क्षेत्रबाट विकास हुने औद्योगिक क्षेत्रसम्मको सहज पहुँच तथा विद्युत आपूर्ति एवम् प्रसारण लाइन निर्माण गर्नेछौं। भारी सवारी सञ्चालन हुने औद्योगिक तथा खानी पँहुच सडकलाई विशेष मापदण्ड सहित डिजाइन, निर्माण र मर्मत गर्न रू. ५० करोड विनियोजन गरेको छु।

(ज) खनिज तथा निर्माणजन्य सामग्री उत्खनन, उत्पादन, आपूर्ति र प्रयोगको समग्र नियमन तथा व्यवस्थापनका लागि खानी तथा खनिज प्राधिकरण स्थापना गर्नेछौं।

(झ) दैलेखमा रहेको पेट्रोलियमको व्यावसायिक उत्पादनका लागि आवश्यक प्रक्रिया शीघ्र अघि बढाउनेछौं। धौवादी फलाम उद्योगमा रहेको नेपाल सरकारको शेयर अंश घटाई सार्वजनिक निजी साझेदारी मोडलमा सञ्चालन गर्ने कार्य अघि बढाउनेछौं।

(ञ) वातावरणीय दृष्टिकोणले उपयुक्त देखिएका ठाँउ पहिचान गरी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा प्रशोधन आपूर्ति गर्ने व्यवस्था मिलाउनेछौं।

५६. वाणिज्य तथा आपूर्ति

(क) विश्व बजारमा उल्लेख्य परिमाणमा निर्यात गरी ब्राण्ड स्थापित भइसकेका नेपाली उत्पादनलाई थप सहुलियत प्रदान गर्नेछौं।

(ख) व्यापार तथा लगानी सहजीकरणका लागि व्यापार तथा औद्योगिक लजिष्टिक गुरुयोजना कार्यान्वयनमा ल्याउनेछौं। राष्ट्रिय उत्पादकत्व वृद्धिको गुरुयोजना तयार गरी उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमका लागि रू.१ अर्ब १८ करोड विनियोजन गरेको छु।

(ग) भैरहवामा एकीकृत जाँच चौकी (आइसिपी) को निर्माण कार्य शीघ्र सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। चाँदनी दोधारामा निर्माणाधीन एकीकृत जाँच चौकी दुई वर्ष भित्र निर्माण सम्पन्न गरिनेछ।

(घ) नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका गलैंचा, कार्पेट, धागो, तयारी कपडा, सिमेन्ट लगायतका वस्तु तथा कम तौल उच्च मूल्यका वस्तुको निर्यात अभिवृद्धिका लागि वस्तुगत निर्यात रणनीति तयार गरी कार्यान्वयन गर्नेछौं।

(ङ) इन्धनको मूल्य स्थायित्व कायम गर्न फ्युचर्स कन्ट्रयाक्ट गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्नेछौं। पेट्रोल पम्पमा न्यूनतम पूर्वाधारसहित इभि चार्जिङ स्टेशन जडान गर्न प्रोत्साहन गर्नेछौं।

(च) नेपाल आयल निगमबाट इथानोल उत्पादन गर्ने उद्योगसँग सम्झौता गरी तोकिएको मूल्यमा खरिद गर्ने ग्यारेन्टी गर्नेछौं।

(छ) नियामक निकायलाई सुदृढ गरी सबै किसिमका सिण्डिकेट, कार्टेलिङ्ग, कालोबजारी, नाफाखोरी र अस्वस्थ प्रतिस्पर्धाको अन्त्य गर्नेछौं।

उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रका लागि रू.८ अर्ब ३१ करोड विनियोजन गरेको छु।

५७. स्टार्ट अप तथा नवप्रवर्तन

(क) स्टार्टअप, साना तथा मझौला उद्यमलाई राष्ट्रिय उद्यम इकोसिष्टममा आबद्ध गर्ने प्लेटफर्मको रुपमा नेपाल इन्टरप्राइज फसिलिटी स्थापना गर्नेछौं। प्लेटफर्मले उद्यम सम्बन्धी नीतिगत व्यवस्था, नवीन वित्तीय उपकरणको पहिचान र पँहुच, इन्क्युवेशन सहितको सहयोग सञ्जाल र स्वदेशी उद्यम अभियानलाई एकीकृत रुपमा अघि बढाउनेछौं।

(ख) कृषि एवम् पशुजन्य उद्यम गर्न चाहने एकहजार युवा उद्यमीलाई स्टार्टअप सुविधा उपलब्ध गराउनेछौं।

(ग) युवा वैज्ञानिकलाई स्वदेशमै अनुसन्धानको अवसर प्रदान गर्न अनुसन्धान, नवप्रवर्तन तथा उद्यमशीलता अभिवृद्धि कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

(घ) खगोलीय पर्यटन प्रवर्द्धन गर्न सगरमाथा आधार शिविरमा अब्जर्वेटरी केन्द्र स्थापनाका लागि रकम विनियोजन गरेको छु।

विज्ञान, प्रविधि र नवप्रवर्तनका लागि रु. ४ अर्ब र नेपाल इन्टरप्राइज फसिलिटीका लागि रू. ५० करोड विनियोजन गरेको छु।

**सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,**

५८. सौम्य शक्ति र डायसपोरा

(क) पारस्परिक लाभ, राष्ट्रिय आत्मसम्मान र सार्वभौम हितमा आधारित सन्तुलित परराष्ट्र सम्बन्ध सुदृढ गर्दै आर्थिक समुन्नतिका लागि सौम्य शक्ति परिचालन गर्नेछौं। आर्थिक कूटनीति, सांस्कृतिक पहिचान, प्रविधि तथा पर्यटनको एकीकृत उपयोगमार्फत नेपालको अन्तर्राष्ट्रिय उपस्थिति, विश्वसनीयता र प्रभाव विस्तार गर्नेछौं।

(ख) संयुक्त राष्ट्र संघ लगायत अन्य बहुपक्षीय तथा क्षेत्रीय मञ्चहरूमा नेपालको भूमिकालाई सशक्त बनाउनेछौं। क्षेत्रीय सन्निकटताका लागि सुदृढ कुटनीति अगाडि बढाउनेछौं।

(ग) नेपालको सौम्य शक्ति विस्तारका लागि बुद्ध जन्मभूमि, सर्वोच्च शिखर सगरमाथा, हिमालय शृ्ंखला, योग-ध्यान, सांस्कृतिक विविधता, शान्तिवादी राष्ट्रको छवि र अन्तर्राष्ट्रिय शान्ति मिसनमा सहभागिता लगायतका विषयहरूको उन्नत प्रसार गर्नेछौं।

(घ) विदेशस्थित नेपाली नियोगको सशक्तीकरण गरी निर्यात क्षमता, द्विपक्षीय व्यापार तथा लगानी, पर्यटन प्रवर्द्धन गर्न आर्थिक कुटनीति सवल बनाउनेछौं।

(ङ) संविधानले सुनिश्चित गरेको "गैर आवासीय नेपाली नागरिकता सम्बन्धी प्रावधानमा समसामयिक संशोधन गरी 'एक पटकको नेपाली, सधैंको नेपाली" भन्ने नारालाई मूर्तरुप दिनेछौं। गैर आवासीय नेपालीलाई सबै किसिमका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रदान गरी राष्ट्र निर्माणको मुल अभियानमा समावेश गर्नेछौं।

५९. बैंकिङ क्षेत्र

(क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकिङ कसुर तथा सजाय ऐनमा समयानुकूल संशोधन गर्नेछौं।

(ख) विपन्न तथा साना किसानका लागि कर्जा तथा पशुधन कार्यक्रम साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत सञ्चालन गर्न रकम विनियोजन गरेको छु।

(ग) बैंक तथा वित्तीय संस्थामा रहेको निष्क्रिय कोषमा रहेको रकम हकवालाले दावी गरेको बखत उपलब्ध हुने सुनिश्चित गरी तोकिएको कानूनी प्रक्रियाका आधारमा उत्पादनमूलक कार्यमा परिचालन गर्नेछौं।

(घ) वाणिज्य बैंक तथा भुक्तानी सम्बन्धी काम गर्ने संस्थाले अन्तर्राष्ट्रिय भुक्तानी नेटवर्कसँग सम्झौता गर्न सक्ने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पेमेण्ट एग्रिगेटर तथा नेशनल पेमेण्ट स्वीचलाई प्रभावकारी बनाउनेछौं। पेमेण्ट एग्रिगेटरको नियमनको लागि कानूनी र संस्थागत व्यवस्था गर्नेछौं।

(ङ) सहुलियतपूर्ण कर्जाको प्रभावकरिता अभिवृद्धि गर्ने गरी तेस्रो पक्षबाट कर्जाको गुणस्तर मूल्याङ्कन गराउनेछौं। जेनजी आन्दोलनका शहिद परिवार तथा घाइतेलाई समेत यस कार्यक्रमको लाभग्राहीको रुपमा सहभागी गराउनेछौं।

(च) विद्युत खपत बढाउन र प्रदुषण नियन्त्रण गर्न घरयासी प्रयोजनको लागि वासिङ मेशिन, रेफ्रिजिरेटर, भ्याकुम क्लिनर जस्ता विद्युतीय उपकरण समेत हायर पर्चेजमा खरिद बिक्री गर्न सकिने व्यवस्था मिलाउनेछौं।

६०. बीमा, धितोपत्र तथा सहकारी

(क) नेपाली बीमा कम्पनीबाट जारी हुने बीमाङ्कको कम्तीमा २० प्रतिशत नेपाल पुनर्बीमा कम्पनीबाट गराउनुपर्ने व्यवस्था मिलाउनेछौं।

(ख) दीर्घकालीन प्रकृतिका बीमाको सामूहिक बीमा कोषको नेतृत्व तथा सञ्चालन नेपाल पुनर्वीमा कम्पनीबाट हुने व्यवस्था गर्नेछौं। जोखिम न्यूनीकरणको लागि पुनर्बीमाको निश्चित हिस्सा विदेशी पुनर्वीमा कम्पनीसँग गराउने व्यवस्था मिलाउनेछौं।

(ग) लामो समयदेखि वृद्धि हुन नसकेको तेस्रो पक्ष बीमाङ्क रू. १० लाख पुर्याइनेछ । सवारी दुर्घटना कम गर्न सवारी साधनमा दुर्घटना डिभाइस जडान गर्नुपर्ने व्यवस्था गर्नेछौं। दुर्घटना, घातक रोग, ढुवानी लगायतको बीमा अनिवार्य गर्नेछौं।

(घ) कर्मचारी सञ्चय कोष नागरिक लगानी कोष निक्षेप तथा कर्जा सुरक्षण कोष स्वास्थ्य बीमा बोर्ड र सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने सुरक्षण कार्यक्रमको पुनर्वीमा नेपाल पुनर्वीमा कम्पनी मार्फत गर्ने व्यवस्था मिलाउनेछौं।

(ङ) सहरी क्षेत्रमा भवन निर्माणको नक्सा स्वीकृति गर्दा अनिवार्य रुपमा बीमा गर्ने व्यवस्था गर्नेछौं।

(च) धितोपत्र बजार व्यवस्थापन र कसुर तथा सजाय सम्बन्धी छुट्टै विधेयक संसदमा पेश गर्नेछौं। वित्तीय ट्रष्टीको नियमन गर्न ट्रष्टी विधेयक तर्जुमा गर्नेछौं।

(छ) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको अनुगमन र नियमनमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको भूमिका थप प्रभावकारी बनाउनेछौं।

(ज) समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ताका लागि सहकारीको बचत रकम तथा सम्पत्ति बिक्रीबाट सोधभर्ना हुने गरी चक्रीय कोषको रूपमा स्थापित एकीकृत बचतकर्ता सुरक्षा कोषबाट बचत फिर्ता गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६१. सुशासन

(क) स्वार्थको द्वन्द्व सम्बन्धी कानून तर्जुमा गरी नीतिगत भ्रष्टाचार अन्त्य गर्नेछौं।

(ख) कसूरजन्य सम्पत्तिको प्रभावकारी व्यवस्थापनका लागि सम्बद्ध निकायलाई एकीकृत सूचना पद्धतिमा आबद्ध गरी असुल उपर, जफत, प्राप्ति तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउनेछौ।

(ग) निजामती कर्मचारी अस्पतालबाट बहुविशिष्टीकृत सेवा विस्तार गर्न अत्यावश्यक उपकरण जडान र भौतिक संरचना निर्माण गर्नेछौ।

(घ) हेलो सरकार संयन्त्रलाई सरकार-नागरिक सम्वादको प्लेटफर्मका रूपमा विकास गर्नेछौं। सरकारी कार्यालयमा डिजिटल टाइमकार्ड लागू गर्नेछौं।

(च) नेपाल प्रहरीको अनुसन्धान र अभियोजन प्रक्रियालाई प्रभावकारी बनाउन प्रविधिको प्रयोगमा जोड दिनेछौं। विधिविज्ञान प्रयोगशाला, अनुसन्धानमा कृत्रिम बुद्धिमत्ताको प्रयोग तथा भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्नेछौं।

(छ) नेपाल प्रहरी र सशस्त्र प्रहरीको अवकाशको सेवा अवधि र निवृत्तभरण सुरु हुने अवधिका बीचमा रहेको विद्यमान अन्तर पूनरावलोकन गर्ने विषयमा अध्ययन गर्नेछौं।

(ज) सशस्त्र प्रहरी बल नेपाललाई अन्तर्राष्ट्रिय सीमा सुरक्षाको डेडिकेटेड व्यवसायिक फोर्सको रूपमा विकास गर्नेछौं।

(झ) कारागारको सुदृढीकरण, क्षमता विस्तार तथा खुला कारागारको अवधारणा कार्यान्वयन गरी सुधार गृहका रूपमा रूपान्तरण गर्दै लगिनेछ ।

(ञ) विपद् प्रतिकार्यमा संलग्न जनशक्ति र स्वयंसेवकको क्षमता विकास गर्नेछौं। विपद् पश्चातको क्षतिपूर्ति, राहत र पुनर्निर्माणका लागि बीमा लगायतका जोखिम हस्तान्तरणका उपकरणको विस्तार गर्नेछौं।

६३. वित्तीय सङ्घीयता

(क) संघ, प्रदेश र स्थानीय तहबीचको अधिकार, जिम्मेवारी र कार्यसम्पादनको दोहोरोपना हटाउन कार्यविस्तृतीकरणको पुनरावलोकन गर्नेछौं। तीन तहबीच विद्यमान दोहोरो करको विवादलाई क्षेत्राधिकारको स्पष्टता र कानुनी सुधारमार्फत समाधान गर्नेछौ।

(ख) सङ्घीयता सुदृढीकरण र स्थानीय सेवा सुधारका लागि शासकीय नवप्रवर्तन चुनौती फण्ड स्थापना गर्नेछौं।

**सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,**

अब म माथि उल्लिखित क्षेत्रगत नीति र कार्यक्रम कार्यान्वयनका लागि विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

६४. आगामी आर्थिक वर्षका लागि कुल खर्च रू. २१२४ अर्ब ३४ करोड विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ रू. १२७० अर्ब ५८ करोड अर्थात कुल विनियोजनको ५९.८ प्रतिशत, पुँजीगत तर्फ रू. ४३१ अर्ब १० करोड अर्थात २०.३ प्रतिशत, वित्तीय व्यवस्था तर्फ रू. ४२२ अर्ब ६४ करोड अर्थात १९.९ प्रतिशत रहेको छ। यो खर्च अनुमान चालु वर्षको संशोधित अनुमानको तुलनामा २५.२ प्रतिशतले बढी हो।

६५. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये राजस्वबाट रू. १४०५ अर्ब ३१ करोड र वैदेशिक अनुदानबाट रू. ६१ अर्ब ७४ करोड व्यहोर्दा रू. ६५७ अर्ब २९ करोड न्यून हुन जान्छ। सो न्यून पूर्ति गर्न वैदेशिक ऋणबाट रू. २४७अर्ब २८ करोड परिचालन गर्नेछौं। राजस्व र वैदेशिक सहायता परिचालनबाट न्यून हुने रू. ४१० अर्ब आन्तरिक ऋणबाट परिचालन गर्नेछौं। आगामी आर्थिक वर्ष रू. २४५ अर्ब ८९ करोड आन्तरिक ऋणको साँवा भुक्तानी हुने हुँदा खुद रू. १६४ अर्ब ११ करोड मात्र आन्तरिक ऋण परिचालन हुनेछ ।

अब नेपालको संविधानको धारा ६० अनुसार वित्तीय हस्तान्तरण सम्बन्धी विवरण पेश गर्दछुः

६६. वित्तीय हस्तान्तरण

(क) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस अनुसार आगामी आर्थिक वर्ष २०८३/८४ मा प्रदेशका लागि रू. ६१ अर्ब ५० करोड र स्थानीय तहका लागि रू. ९० अर्ब २० करोड वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छु। प्रदेश र स्थानीय तहमा पूर्वाधार आयोजना कार्यान्वयन गर्न क्रमशः रू. ४ अर्ब ६० करोड र रू. ८ अर्ब ९३ करोड समपुरक अनुदान उपलब्ध गराएको छु। साथै प्रदेश र स्थानीय तहमा क्रमशः रू. ३ अर्ब ८२ करोड र रू. ९ अर्ब ४० करोड विशेष अनुदान छुट्याएको छु। सङ्घीय सरकारका आयोजना कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहमा क्रमशः रू. ३९ अर्ब ७२ करोड र रू. २०६ अर्ब ८ करोड सशर्त अनुदान विनियोजन गरेको छु।

(ख) प्रदेश र स्थानीय तहलाई राजस्व बाँडफाँडबाट कूल रू १७५ अर्ब हस्तान्तरण हुने अनुमान छ।

(ग) आगामी आर्थिक वर्षमा राजस्व बाँडफाँड (रोयल्टी समेत) बाट र वित्तीय हस्तान्तरण गरी प्रदेश र स्थानीय तहमा रू. ६०० अर्ब भन्दा बढी परिचालन हुने प्रक्षेपण गरेको छु।

**सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय**

अब म आर्थिक वर्ष २०८३/८४ को राजस्व नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

६७. व्यावसायमैत्री करनीति, सरल एवम् स्पष्ट कर कानून, स्वेच्छिक कर सहभागिता र चुस्त कर प्रशासनको विकास गरी आर्थिक क्रियाकलाप विस्तार गर्न देहायका उद्देश्य लिएको छु।

(क) सबै आर्थिक कारोबारलाई डिजिटल माध्यममा जोड्दै औपचारिक अर्थतन्त्रको विकास गर्ने।

(ख) स्वचालित, प्रविधिमैत्री, सदाचारयुक्त र उत्प्रेरित कर प्रशासनको विकास गर्ने।

(ग) स्वेच्छिक कर सहभागिताको माध्यमबाट राजस्व अभिवृद्धि गर्ने।

(घ) लागत परिपूरण र तिर्न सक्ने क्षमताको आधारमा गैरकर राजस्व परिचालन गर्ने।

६८. लगानी प्रोत्साहन र संरक्षण

(क) सूचना प्रविधि उद्योगलाई राष्ट्रको नयाँ आर्थिक ईञ्जिनका रूपमा अगाडि बढाउन यस्ता सेवाको निर्यातबाट आर्जित आयमा पचास प्रतिशत कर छुट दिएको छु।

(ख) सूचना प्रविधि क्षेत्रमा कार्यरत जनशक्तिले प्राप्त गर्ने स्वेट ईक्विटीको रकमलाई करयोग्य आय गणनामा शत प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु।

(ग) नेपाल भित्र पैठारी हुने केही वस्तुमा 'आन्तरिक उत्पादन प्रवर्द्धन शुल्क' लगाएको छु।

(घ) नाफा नकमाउने गरी स्थापना भएका मित्रराष्ट्रको पूर्ण स्वामित्वका विकास वित्त संस्थाले नेपालमा ऋण लगानी गरी आर्जन गरेको व्याजमा आयकर नलाग्ने व्यवस्था गरेको छु।

(ङ) महानगरपालिका र उपमहानगरपालिका बाहेकका क्षेत्रमा नयाँ चलचित्र हल स्थापना गर्नेलाई शुरूको दश वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिने व्यवस्था मिलाएको छु।

(च) परिवर्तित सन्दर्भमा दक्षिण एशियाली व्यापार सम्झौता (साफ्टा) को संवेदनशील सूचीलाई पुनरावलोकन गर्नेछौं।

६९. स्वेच्छिक अनुपालन र करको दायरा विस्तार

(क) दुर्गम क्षेत्रमा शिक्षा तथा स्वास्थ्य पूर्वाधार निर्माण र सेवा विस्तारमा सघाउ पुन्याउन निजी क्षेत्रले प्रदान गर्ने शिक्षा तथा स्वास्थ्य सेवामा न्यूनतम दरमा समता शुल्क लगाउने व्यवस्था गरेको छु।

(ख) अन्तिम तहको उपभोक्तालाई बिक्री गरिने मासिक ५० यूनिट भन्दा बढीको विद्युत खपतमा सहुलियत दरमा मूल्य अभिवृद्धि कर लगाउने व्यवस्था गरेको छु।

(ग) इलेक्ट्रिक सवारी साधनमा पिकपावर क्षमताको आधारमा लाग्दै आएको भन्सार महसुललाई मूल्यगत आधारमा लगाउने व्यवस्था गरेको छु। यस्ता सवारी साधनको स्वदेशमा उत्पादन, चार्जिङ स्टेशन निर्माण, व्याट्रीको व्यवस्थापनका लागि पैठारी विन्दुमा स्वच्छ पूर्वाधार लगानी शुल्क लगाएको छु।

(घ) नेपाली ब्राण्डका मदिराको निकासी प्रवर्द्धन गर्न गुणस्तरीय स्प्रिट उत्पादन तथा मेचुरेसन कार्यलाई प्रोत्साहित गरिनेछ। आगामी आर्थिक वर्षदेखि माइक्रो ब्रुअरीलाई समेत मदिरा उद्योगको रूपमा दर्ता गरी अन्तःशुल्कको दायरामा ल्याउने व्यवस्था मिलाएको छु।

(ङ) चुरोटमा करिब दश प्रतिशतसम्म र मदिरा तथा वियरमा लाग्ने अन्तःशुल्कमा वृद्धि गरेको छु।

(च) गैरकर राजस्व परिचालनलाई प्रभावकारी बनाउन छाता कानून ल्याउनेछौं।

७०. राजस्व प्रशासनमा आधुनिकीकरण, पारदर्शिता र सरलीकरण

(क) राजस्व अनुसन्धान विभाग खारेज गरी यसले गर्दै आएका कार्य विषयगत निकायमार्फत् सम्पादन हुने व्यवस्था मिलाउनेछौं।

(ख) वार्षिक रू. दश करोडभन्दा माथि कारोबार गरी विद्युतीय बीजक जारी गर्ने सबै व्यवसायलाई अनिवार्य रूपमा केन्द्रीय बीजक अनुगमन प्रणालीमा आबद्ध गर्नेछौं।

साना व्यवसायीलाई विद्युतीय माध्यमबाट भुक्तानी लिन प्रोत्साहन गर्नेछौं।

(ग) कर परीक्षण गर्नुपर्ने अवधि तीन वर्ष कायम गरेको छु। जोखिममा आधारित कर अनुसन्धान तथा परीक्षणका लागि कृत्रिम बुद्धिमता सहितको ई-एसेस्मेन्ट पद्धतिको विकास गर्नेछौं।

(घ) डिजिटल अन्तःशुल्क टिकटको शुरूवात गर्ने व्यवस्था मिलाएको छु। अन्तःशुल्क चुहावट नियन्त्रण गर्न विद्युतीय ट्र्याक एण्ड ट्रेस प्रणालीको शुरूवात गर्नेछौ। भौतिक नियन्त्रणमा आधारित अन्तःशुल्क प्रशासनलाई जोखिमको आधारमा क्रमशः स्वयं निष्कासन प्रणालीमा रूपान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

(ङ) पेपरलेस, फेसलेस र कन्ट्याक्टलेस राजस्व प्रशासनको विकास गर्नेछौं। कर विवरण बुझाउने, भुक्तानी गर्ने, फिर्ता लिने लगायतका सेवाहरू स्वचालित रूपमा प्रवाह हुने व्यवस्था मिलाउनेछौं।

(च) कर्मचारीको मनोवल उच्च बनाई राजस्व परिचालन वृद्धि गर्न राजस्व प्रशासनमा कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था गर्नेछौं।

(छ) एक ठाँउबाट अर्को ठाँउमा वस्तु ढुवानी गर्दा एक भन्दा बढी स्थानीय तहमा लगाइने गरेको निकासी, कवाडी लगायत बहुकर लिन पाइनेछैन। प्रदेश र स्थानीय तहका कर भुक्तानी गर्दा स्थायी लेखा नम्बर खुलाउनुपर्ने व्यवस्था गर्नेछौं।

७१. व्यापार सहजीकरण र भन्सार प्रक्रिया सुधार

(क) असल व्यवसायीको सम्मान एवम् व्यापार सहजीकरणको लागि अथोराईज्ड बिजनेस पर्सनको पहिचान सहित भन्सारमा ब्लू लेन मार्फत जाँचपास गर्ने व्यवस्था मिलाउनेछौं।

(ख) कारोवार मूल्यमा आधारित अनलाईन भन्सार जाँचपास प्रणालीलाई थप सुदृढ, पारदर्शी र यथार्थपरक बनाउनेछौं। भन्सार जाँचपास पछिको परीक्षण कार्यालयको पुनर्संरचना गर्नेछौं।

(ग) स्थलमार्गबाट नेपाल प्रवेश गर्ने पर्यटकको सहजीकरणका लागि सबै मुल भन्सार कार्यालयमा सवारी साधनको अस्थायी पैठारी घोषणा गर्ने र शुल्कको भुक्तानी अनलाईनबाट हुने व्यवस्था मिलाएको छु।

(घ) वैवाहिक पर्यटनलाई प्रोत्साहन गर्न विवाह प्रयोजनका लागि ल्याउने सामान घोषणा. धरौटी लिने र विवाह सकेर फर्कंदा धरौटी फिर्ता दिने व्यवस्थालाई स्वचालित बनाउनेछौं।

(ङ) पर्यटकलाई कानुन बमोजिम तोकिएको सीमाभित्र परिवर्त्य विदेशी मुद्रा ल्याउन पाउने सरल व्यवस्था गर्नेछौं।

७२. राजस्व चुहावट नियन्त्रण

(क) प्रविधिमैत्री निगरानी र संयुक्त रूपमा बजार अनुगमनबाट सीमावर्ती क्षेत्रमा हुने चोरी पैठारी नियन्त्रण गर्नेछौं।

(ख) अन्तरदेशीय भन्सार प्रशासनसँग मालवस्तु आइपुग्नु अगावै सूचना आदान प्रदान गर्ने सम्झौता थप विस्तार गर्नेछौ।

७३. कर सहुलियत, छुट तथा सुविधा

(ग) नेपाल भित्र कृत्रिम हातखुट्टा र अपाङ्गता सहयोगी सामग्री उत्पादन गर्ने उद्योगको नाममा पैठारी हुने कच्चा पदार्थको आयातमा भन्सार महसुल छुट दिएको छु।

(घ) आवासीय भवनको बीमा बापत अधिकतम दश हजार रूपैयाँसम्म आयकर प्रयोजनको लागि कट्टी गर्न पाउने व्यवस्था मिलाएको छु।

(ङ) विकास निर्माण आयोजना सञ्चालनका लागि जग्गा प्राप्ति गर्दा घरजग्गा रजिष्ट्रेशनका लागि तोकिएको सरकारी मूल्याङ्कन सम्मको रकममा पुँजीगत लाभकर नलाग्ने व्यवस्था गरेको छु।

(च) कृषि प्रशोधन उद्योगमा पहिलो दश बर्षको आयकर पूर्ण रूपमा छुट र कोल्ड स्टोर, प्याकेजिङ तथा टेष्टिङ ल्याब सहितका मेशिनरी उपकरणको आयातमा लाग्ने मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था मिलाएको छु।

(छ) कर परिपालना गर्ने करदातालाई उच्च सम्मान, सुविधा र कार्यप्रणालीमा सरलीकरण गरिनेछ ।

**सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,**

७४. आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्च, चालु आर्थिक वर्ष २०८२/८३ को संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०८३/८४ को स्रोत सहितको व्यय अनुमान यसैसाथ पेश गरेको छु। अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु। दातृ राष्ट्र र निकायबाट प्राप्त हुने प्राविधिक सहायता र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट परिचालन हुने सहायता सम्बन्धी विवरण समेत यसैसाथ पेश गरेको छु।

७५. अन्त्यमा, यो बजेट राज्य सञ्चालनको नयाँ सोच र सङ्कल्प, आर्थिक रूपान्तरणको स्पष्ट मार्गचित्र र नागरिकसँग गरिएको राजनीतिक करार कार्यान्वयनको प्रारम्भ-विन्दु हो। सुशासन, मध्यम वर्गको अभ्युदय, उत्पादनशील रोजगारी, प्रतिस्पर्धी अर्थतन्त्र र सम्मानपूर्ण जीवनको आधार निर्माण गर्ने लक्ष्यसहित प्रस्तुत यो बजेटले राज्यको भूमिकालाई नियन्त्रक र नियामक मात्र होइन, अवसरको सर्जक संस्थाका रूपमा पुनःपरिभाषित गर्न खोजेको छ। यो बजेटले ऊर्जा, कृषि, वन, उद्योग, पर्यटन, सूचना प्रविधि र मानव पुँजीलाई आगामी दशकको आर्थिक समृद्धिका संवाहक क्षेत्रका रूपमा अघि बढाई अर्थतन्त्रमा संरचनात्मक सुधारको नयाँ चरण प्रारम्भ गरेको छ।

७६. यस बजेटमार्फत राजकाजमा थिति बसाल्ने, निजी क्षेत्रको आत्मविश्वास पुनःस्थापित गर्ने, सार्वजनिक सेवा प्रवाह संयन्त्रलाई प्रविधि-अनुकूल र जवाफदेही बनाउने तथा उत्पादन, नवप्रवर्तन र उद्यमशीलतामा आधारित नयाँ आर्थिक सुचक्र प्रारम्भ गर्ने आधार तयार गरिएको छ। कर प्रणालीलाई सरल, न्यायोचित र उत्पादनमुखी बनाइएको छ। सार्वजनिक खर्चलाई मितव्ययी र परिणाममुखी बनाइएको छ।

७७. सुधार र रूपान्तरणका यी कार्यक्रमहरूको प्रभावस्वरूप आगामी आर्थिक वर्षमा ७ प्रतिशत आर्थिक वृद्धि हासिल हुने तथा मूल्य वृद्धिदर ६ प्रतिशतभित्र सीमित रहने विश्वास लिएको छु। बजेटमा घोषणा गरिएका नीतिगत सुधार र कार्यक्रम कार्यान्वयनमा सघाउ पुग्ने गरी नेपाल राष्ट्र बैंकबाट मौद्रिक नीति जारी हुनेछ। सुशासन, सदाचार र समन्यायिक सम्वृद्धिमा केन्द्रित यिनै कार्यक्रमहरुको इमानदारीपूर्ण कार्यान्वयनबाट नै नेपाललाई आगामी पाँच वर्षभित्र सुशासित, समुन्नत र स्वाभिमानी राष्ट्रमा रूपान्तरित गर्दै सोह्रौं योजना र दिगो विकासका अधिकांश लक्ष्यहरू हासिल हुने विश्वास लिएको छु।

७८. बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, सम्माननीय सभामुख, सम्माननीय अध्यक्ष र राजनीतिक दलका नेतृत्वप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। बजेट निर्माणका क्रममा रचनात्मक सुझाव, तथ्यपरक विश्लेषण र सहकार्यात्मक सहयोग प्रदान गर्नुहुने माननीय सांसदहरु, निजी क्षेत्र, श्रमिक, किसान, युवा, विकास साझेदार, राष्ट्रसेवक कर्मचारी, विज्ञ समुदाय, सञ्चार जगत् तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीप्रति हार्दिक आभार व्यक्त गर्दछु।

७९. राष्ट्र निर्माण सरकारको मात्र दायित्व होइन; यो राज्य, निजी क्षेत्र र नागरिक समाजवीचको समान सङ्कल्प, सामूहिक अठोट, साझा प्रयत्न र समष्टि अभियान हो भन्ने विश्वास लिएको छु। बजेट केवल आङ्किक विवरणको प्राविधिक प्रस्तुति होइन, न त यो 'अर्थ-राजनीतिक दस्तावेज' मात्रै पनि हो। यो त जनताले दिलैदेखि पत्याएर अनि भित्रैबाट भरोसा राखेर शासकीय जिम्मेवारी सुम्पेको सरकारले मुलुकलाई सुधार्ने र सपार्ने बनाउने विकासको बाटोको भरपर्दो नक्सा हो। यो दस्तावेज नागरिकको मनसँग जोडिन सकेन भने यसका अक्षर र अङ्क जतिसुकै सही भएपनि ती निर्जीव रहन्छन्। नागरिकहरुको सद्भाव, समर्थन र सहयोग सरकारको अविनाशी पुँजी हो जसको बचाउ र बढोत्तरी गर्नेतर्फ यो सरकार सदा कृतसंकल्पित रहनेछ ।

८०. प्रस्तुत बजेटले अगुवाइ गर्न लागेको राष्ट्रनिर्माणको यात्रामा सबै राजनीतिक दल, निजी क्षेत्र, श्रमिक, किसान, युवा, उद्यमी, प्रवासी नेपाली तथा सम्पूर्ण नागरिकलाई शिष्ट सम्वाद, सहकार्य, सार्थक सहभागिता र राष्ट्रिय एकताको साझा भावनासहित साथ दिन हार्दिक अपिल गर्दछु।

*धन्यवाद*

# मधेशप्रदेश सरकारद्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८३/८४ को निती तथा कार्यक्रमको पूर्णपाठ



**माननीय सभामुख महोदय,**
**माननीय सदस्यहरू,**

१. संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास तथा प्रादेशिक स्वायत्तताको सबलीकरणलाई आत्मसात् गर्दै, मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु। यस ऐतिहासिक घडीमा प्रजातन्त्र संघीयता, लोकतन्त्र र सामाजिक न्यायका निम्ति भएको ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन तथा जेन- जी आन्दोलनमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछु। साथै, अधिकार प्राप्तिका लागि भएका सम्पूर्ण आन्दोलनका घाइते योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै, सहिद तथा वेपता परिवारजनप्रति उच्च सम्मान एवं गहिरो सहानुभूति प्रकट गर्दछु।

२. प्रदेशको विशिष्ट पहिचान, भौगोलिक अवस्थिति तथा जनसांख्यिक लाभ (Demographic Dividend_ को समुचित उपयोग गर्दै समृद्ध मधेश निर्माणको सोचलाई साकार पार्न मधेश प्रदेश सरकार पूर्ण प्रतिबद्ध छ।

३. देहायका सोच एवं दृष्टिकोणलाई आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमको मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरिनेछ :

४. आर्थिक विकासः

**माननीय सदस्यहरू,**

मधेश प्रदेशको समृद्धिको मुख्य आधार कृषि, उद्योग र पर्यटनको दिगो विकास हो। समग्र आर्थिक विकासका लागि उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, नवप्रवर्तन र लगानीमैत्री वातावरण निर्माण गर्दै यस क्षेत्रमा देहायका नीति तथा कार्यक्रमहरू अगाडि बढाइनेछ।

४.१ "मेड ईन मधेश, समृद्ध प्रदेश" भन्ने नारालाई मध्यनजर गर्दै "उत्पादनशील मधेश, आत्मनिर्भर देश" अभियानलाई केन्द्रमा राखी खाद्यान्नमा आत्मनिर्भरता बढाउन कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम संचालनमा ल्याई कृषिजन्य आयातलाई न्यूनीकरण तथा निर्यात प्रवर्द्धन गरी कृषिलाई प्रादेशिक अर्थतन्त्रको मेरुदण्डका रूपमा विकास गरी "भमम त्जभ ल्बतष्यल" लाई थप प्रभावकारी गरिने नीति लिईनेछ।

४.२ प्रदेशका विशिष्ट रैथाने बालीहरूको पहिचान, संरक्षण र व्यावसायिक प्रवर्द्धनको नीति अवलम्बन गरी धान, गहुँ, मकै, कोदो, तेलहन र दलहन बालीको बीउमा प्रदेशलाई पूर्ण रूपमा आत्मनिर्भर बनाउन 'बिज प्रवर्द्धन परियोजना' सञ्चालन गरी लागू गरिनेछ।

४.३ "किसानको शान, मधेशको मखान" भन्ने सङ्कल्पलाई आत्मसात् गर्दै प्रदेशको विशिष्ट पहिचान बोकेको मखान खेतीको व्यावसायिक विकास र विस्तार गरिनेछ। यसको प्रशोधन, प्याकेजिङ, लेबलिङ र ब्रान्डिङलगायतका कार्यमा संलग्न किसान तथा उद्यमीहरूलाई विशेष प्रोत्साहन गरिनेछ।

४.४ माछा पालन तथा मत्स्य बीज व्यावसायको दिगो व्यवस्थापन गर्न उत्पादनदेखि बजारीकरणसम्म मूल्य श्रृ्ंखलामा आधारित परियोजना सञ्चालन गरिनेछ। नवीनतम प्रविधिको प्रयोगमार्फत मत्स्य तथा मासु उत्पादनमा वृद्धि गरी प्रशोधन, प्याकेजिङ र बजारीकरणलाई विशेष प्रोत्साहन गरिनेछ।

४.५ "कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार" भन्ने नाराका साथ माटोमा प्राङ्गारिक पदार्थको मात्रा उल्लेख्य रूपमा वृद्धि गर्न प्राङ्गारिक, जैविक, भर्मि कम्पोस्ट, हरियो मल र जीवाणु मलको प्रयोगलाई उच्च प्राथमिकता दिँदै किसानहरूलाई प्राङ्गारिक खेतीतर्फ आकर्षित गरिनेछ।

४.६ उखुको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खेती भइरहेको क्षेत्रफल विस्तार गर्न मल, बीउ, आधुनिक उपकरण र सिँचाईको सहज व्यवस्थापनसहितको 'उखु खेती उत्पादन सुधार परियोजना' सञ्चालनमा ल्याइनेछ।

४.७ कृषि क्षेत्रको विकास र लागत न्यूनीकरणका लागि 'एकीकृत सिँचाई तथा जलस्रोत व्यवस्थापन' नीति अवलम्बन गरिनेछ। यस अन्तर्गत सिँचाईमा प्रयोग हुने विद्युत् महसुलमा शत प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाउँदै निर्माण सम्पन्न सिँचाई प्रणालीहरूको दक्षता बढाउन 'कमान्ड एरिया डेभलपमेन्ट प्रोग्राम' (CADP) लागू गरिनेछ। साथै, सतह सिँचाई नपुगेका खेतीयोग्य जमिनमा 'नयाँ सिँचाई प्रविधि' (NIT) विस्तार गरी कृषि उत्पादकत्व बढाइनेछ।

४.८ पशुधनको सुरक्षा र दूध-मासुको गुणस्तर अभिवृद्धि गर्न खोरेत लगायतका पशुजन्य रोगहरूको प्रभावकारी नियन्त्रण तथा उन्मूलनका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४.९ कृषि अनुदान प्रणालीलाई पारदर्शी र नतिजामुखी बनाउन वास्तविक उत्पादनका आधारमा कृषकहरूको बैङ्क खातामा सिधै प्रोत्साहन (Direct Subsidy) रकम जम्मा गरिनेछ। जलवायु परिवर्तनको जोखिमबाट साना व्यवसायीलाई सुरक्षित गर्न परम्परागत र नगदे बाली दुवैको 'कृषि बीमा' प्रिमियममा प्रदेश सरकारका तर्फबाट थप अनुदान सुनिश्चित गरिनेछ।

४.१० कृषकहरूले उत्पादन गरेका तरकारी, फलफूल र दूध जस्ता चाँडै बिग्रने (नाशवान) कृषि उपजले बजार नपाएर खेर जाने अवस्थाको पूर्ण अन्त्य गर्न स्थानीय तह र सहकारीसँगको साझेदारीमा 'स्थानीय खरिद तथा भण्डारण प्रणाली' लागू गरिनेछ। यस अन्तर्गत उत्पादित कृषि उपज गाउँमै खरिद गर्न प्रत्येक स्थानीय तहमा आवश्यकता अनुसार 'कृषि सङ्कलन केन्द्र', 'चिस्यान केन्द्र (Cold Room)' र 'दूध चिस्यान केन्द्र (Chilling Vat)' स्थापना गरिनेछ। यसरी सङ्कलित उपजलाई सुरक्षित रूपमा बजारसम्म पुर्याउन कृषि एम्बुलेन्स (Agri–Ambulance) र चिस्यानयुक्त ढुवानीका साधन सञ्चालन गर्ने सहकारी तथा निजी क्षेत्रलाई प्रदेश सरकारले विशेष अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

४.११ कृषिमा विद्युत् निर्भरता र उत्पादन लागत घटाउन पम्प सेट र ट्युबवेल सञ्चालनका लागि 'सौर्य सिँचाई (Solar Irrigation) प्रवर्द्धन कार्यक्रम' लागु गरिनेछ। यस अन्तर्गत साना तथा सीमान्तकृत किसानहरूलाई सोलार पम्प खरिद तथा जडानमा प्रदेश सरकारले विशेष अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

४.१२ खेतीयोग्य जमिन बाँझो रहने क्रम बढेकाले 'बाँझो जमिन राख्न नपाइने' नीति लागु गर्दै त्यस्ता जमिनलाई सहकारी वा चक्लाबन्दीमार्फत सामूहिक खेतीमा उपयोग गरी बाँझो जमिनलाई उत्पादनमूलक कार्यमा लगाउन 'प्रदेश भूमि बैङ्क' को अवधारणा अगाडि बढाइनेछ।

४.१३ कुपोषणमुक्त प्रदेश निर्माणका लागि दुग्ध र दुग्धजन्य उत्पादन वृद्धिमा जोड दिइनेछ। "स्वदेशी दूध तथा खाद्यान्नमा आधारित प्राकृतिक पोषण" सङ्कल्पका साथ पञ्जीकरण विभाग र दिवा खाजा कार्यक्रमको बजेटलाई एकीकृत गरी सार्वजनिक-निजी साझेदारी (एएए) मोडलमा रसायनमुक्त पोषण सामग्री उत्पादन गर्ने उद्योग स्थापना गरिनेछ।

४.१४ "आफ्नै प्रदेश, आफ्नै रोजगारी" भन्ने नारालाई सार्थक बनाउन स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना गरिनेछ। कम्तीमा १,००० (एक हजार) जनालाई रोजगारी प्रदान गर्ने रोजगारदाता तथा उद्योगीहरूलाई प्रदेश सरकारको तर्फबाट 'रोजगारदाता सम्मान' प्रदान गर्ने कार्यक्रम ल्याइनेछ।

४.१५ प्रदेशको संवैधानिक अधिकार क्षेत्रको अधिकतम उपयोग गर्दै, प्रदेशभित्र लगानीको अनुकूल वातावरण निर्माण गर्न प्रदेशस्तरीय 'एकद्वार उद्योग तथा लगानी सेवा केन्द्र' स्थापना गरिनेछ। प्रदेशभित्र नयाँ उत्पादनमूलक उद्योग स्थापना गर्ने लगानीकर्ताहरूलाई प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने कर तथा जग्गा रजिस्ट्रेसन शुल्कमा विशेष छुट, पूर्वाधार विकास र सुरक्षाको प्रत्याभूति दिइनेछ।सङ्घीय सरकारसँगको नीतिगत समन्वय सुनिश्चित गर्दै सार्वजनिक-निजी साझेदारी (एएए) प्रणालीमार्फत 'प्रादेशिक लगानी सम्मेलन' गरी प्रत्यक्ष वैदेशिक लगानी (ँम्क्ष) भित्र्याई ठूला आयोजनाहरू संचालनमा ल्याईनेछ।

४.१६ औद्योगिक क्षेत्र र कोरिडोरहरूको स्तरोन्नतिका लागि पूर्वाधार निर्माण गर्नुका साथै 'डिजिटल इन्डस्ट्रियल प्रोफाइल' तयार गरिनेछ। स्वदेशी कच्चा पदार्थमा आधारित नवउद्यमी र युवाहरूलाई प्रोत्साहन गर्न 'मधेश स्टार्ट-अप फन्ड' मार्फत प्रविधि सहयोग, सहुलियतपूर्ण ऋण र अनुदान उपलब्ध गराइनेछ।

४.१७ मधेशका व्यावसायिक उत्पादनहरूलाई "मेड इन मधेश" ब्रान्डअन्तर्गत प्रशोधन, प्याकेजिङ र प्रमाणीकरण गरी अन्तर्राष्ट्रिय बजारसम्म पुर्याइनेछ। स्वदेशी उत्पादनको बिक्री-वितरणका लागि प्रमुख सहरहरूमा खरिद-बिक्री केन्द्र स्थापना गर्नुका साथै प्राकृतिक प्रकोपबाट साना व्यवसायीलाई जोगाउन "व्यवसाय सुरक्षा बीमा" मा आंशिक प्रिमियम अनुदान दिइनेछ।

४.१८ युवाहरूलाई देशभित्रै बसेर विदेशी कम्पनीका लागि काम गर्ने वातावरण मिलाउन सङ्घीय सरकारको 'रिमोट वर्क नीति' सँग समन्वय गर्दै प्रदेशमा फ्रिल्यान्सिङ र आउटसोर्सिङलाई प्रोत्साहन गरिनेछ। साथै, वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप परीक्षण गरी प्रदेशकै उत्पादनशील क्षेत्रमा जोड्न 'डिजिटल सीप पासपोर्ट' प्रणाली लागु गरिनेछ। महिला र युवा लक्षित ई-कमर्स र अनलाइन मार्केटिङ तालिम सञ्चालन गरी कम्तीमा एक लाख 'नयाँ डिजिटल उद्यमी' तयार गरिनेछ।

४.१९ भारतसँग जोडिएका प्रमुख नाकाहरूमार्फत हुने व्यापारलाई सहजीकरण गर्न र औद्योगिक कच्चा पदार्थ आयात सहज बनाउन नेपाल सरकारको समन्वयमा 'एकीकृत जाँच चौकी' (ICP) र सुक्खा बन्दरगाहको अधिकतम उपयोग तथा पहुँच मार्गको स्तरोन्नति गरिनेछ।

४.२० प्रदेशको आन्तरिक करको दायरा विस्तार गर्न 'राजस्व सुधार कार्यक्रम' सञ्चालन गरिनेछ। वित्तीय हस्तान्तरण, समानीकरण तथा सशर्त अनुदानको न्यायोचित व्यवस्थापन र आन्तरिक ऋण परिचालनका लागि सङ्घीय सरकारसँग प्रभावकारी समन्वय गरिनेछ।

४.२१ प्रदेशका हरुवा-चरुवा समुदायलाई पूर्ण रूपमा मुक्त गर्दै उनीहरूको भूमिमाथिको अधिकार, सामाजिक सुरक्षा र आर्थिक पुनःस्थापना सुनिश्चित गरी कृषि व्यवसायमा सम्मानजनक पहुँच स्थापित गर्ने नीति अवलम्बन गरिनेछ।

४.२२ चुरे विनाश र मधेश मरुभूमीकरण रोक्दै प्रदेशको अर्थतन्त्र बलियो बनाउन महाभारत तथा चुरे पहाडबाट बग्ने नदीजन्य पदार्थको नक्शांकन, उत्खनन, प्रशोधन र स्वदेशमा विक्री वितरण एवं विदेश निकासीलाई व्यवस्थित गर्न ऐन कानून निर्माणका लागि संघीय सरकारसँग समन्वय र सरोकारवालासँग नीति संवाद गरिनेछ।

५. सामाजिक विकासः

**माननीय सदस्यहरू,**

भौतिक पूर्वाधार विकास सँगसँगै मानव विकासलाई केन्द्रमा राख्दै "स्वस्थ नागरिक, समृद्ध प्रदेश" निर्माण गर्नु सरकारको प्रमुख लक्ष्य हो। समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा र सीमान्तकृत वर्गको समग्र सशक्तीकरण गर्न सामाजिक विकासतर्फ देहायका नीति तथा कार्यक्रम अगाडि बढाइनेछः

५.१ "अप्पन बच्चाके स्कुल पठाऊ, साक्षरता के दीप जलाऊ" नाराका साथ स्वस्थ, सभ्य र शिक्षित समाज निर्माणका लागि गुणस्तरीय एवं जीवनोपयोगी शिक्षाको पहुँच सुनिश्चित गर्न सघन साक्षरता अभियान संचालनमा ल्याईनेछ।

५.२ सामुदायिक विद्यालयहरूको शिक्षण प्रक्रियालाई प्रविधिमैत्री र आधुनिक बनाउन स्मार्ट/डिजिटल बोर्ड जडान गरिनुका साथै प्र.अ. तथा शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि ९ क्रेडिट 'क्त्भ्ः' (विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित) पद्धतिमा आधारित तालिम सञ्चालन गरी शिक्षाको विकास गरिनेछ।

५.३ सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको स्वास्थ्य र सिकाइलाई प्रवर्द्धन गर्न माध्यमिक तहमा सञ्चालित 'प्रदेश स्वयंसेवक शिक्षक' र 'विद्यालय नर्स' कार्यक्रमलाई क्रमशः आधारभूत तहसम्म विस्तार गरिनेछ।

५.४ प्राज्ञिक उत्कृष्टता र अनुसन्धानलाई बढवा दिन मधेश विश्वविद्यालय, मधेश कृषि विश्वविद्यालय र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको संस्थागत तथा प्राज्ञिक सुदृढीकरण गरिनेछ।

५.५ मातृ-शिशु स्वास्थ्य (ANC, PNC, प्रसूति), पूर्ण खोप र परिवार योजना सेवालाई सर्वसुलभ बनाइनेछ। नसर्ने रोग, किटजन्य तथा उष्णप्रदेशीय रोग र महामारी नियन्त्रणका लागि पूर्वतयारी सहितको 'एकीकृत जनस्वास्थ्य सुरक्षा रणनीति' लागु गरिनेछ।

५.६ "पूर्ण खोप, सुरक्षित मातृत्व र सन्तुलित आहारः स्वस्थ र समृद्ध मधेशको मुख्य आधार" भन्ने मूल अभियानका साथ पूर्ण खोपसहितको मातृ-शिशु स्वास्थ्य प्रवर्द्धन तथा कुपोषण न्यूनीकरणका लागि पोषणयुक्त खाद्य सामग्री वितरण लगायत बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

५.७ आयुर्वेद, होमियोप्याथिक, प्राकृतिक चिकित्सा एवं वैकल्पिक चिकित्सा सेवाहरूलाई एकद्वार प्रणाली अन्तर्गत एकीकृत रूपमा सञ्चालन गरिनेछ।

५.८ "मेरो स्वास्थ्य - मेरो जिम्मेवारी" भन्ने नाराका साथ स्थानीय तहसँगको समन्वयमा 'नागरिक आरोग्य सेवा केन्द्र' स्थापना तथा सञ्चालन गरी आधारभूत स्वास्थ्य सेवालाई गाउँ वस्तीसम्म विस्तार गरिनेछ।

५.९ प्रादेशिक अस्पतालहरूमा ज्येष्ठ नागरिक, अति विपन्न, अपाङ्गता भएका व्यक्ति र एकल महिलाको सम्मानजनक उपचारका लागि विशिष्टीकृत युनिट (Geriatric Ward ;lxt) स्थापना गरिनेछ। साथै, बढ्दो डिप्रेसन र आत्महत्या न्यूनीकरण गर्न अस्पतालहरूमा 'मानसिक स्वास्थ्य उपचार कक्ष' स्थापना गर्नुका साथै विद्यालय र समुदाय स्तरमै मनोसामाजिक परामर्शदाता (Psychosocial Counselors) को व्यवस्था गरिनेछ।

५.१० अस्पतालका फार्मेसी सेवालाई व्यवस्थित गर्दै, निःशुल्क रगत व्यवस्थापन, रेबिज भ्याक्सिन र एन्टि-स्नेक भेनम (सर्पदंश औषधि) को सहज आपूर्तिका लागि प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रलाई सुदृढ गरिनेछ।

५.११ प्रादेशिक अस्पतालहरूको भौतिक पूर्वाधार निर्माण, स्तरोन्नती र गम्भिर प्रकृतिका रोगहरुको उपचारका लागि विशिष्टिकृत स्वास्थ्य सेवा एवं अत्याधुनिक उपकरण जडान र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनलाई तीव्रता दिइनेछ।

५.१२ प्रदेशभित्र रहेका आँखा अस्पतालहरूको व्यवस्थापन तथा स्तरोन्नति गर्नुका साथै आवश्यकता र सम्भाव्यताका आधारमा नयाँ अस्पतालहरू स्थापना गर्ने नीति लिइनेछ।

५.१३ गम्भीर प्रकृतिका रोगहरूको उपचारका लागि उपलब्ध गराइँदै आएको आर्थिक सहायता कार्यक्रमलाई थप व्यवस्थित गर्न स्वास्थ्य बीमा तथा सामाजिक सुरक्षा प्रणालीसँग आवद्ध गरिनेछ।

५.१४ "समावेशी समाज, सशक्त मधेश" भन्ने नारालाई आत्मसात् गर्दै महिला, युवा, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसङ्ख्यक, सीमान्तकृत र विपन्न समुदायको समग्र सशक्तीकरण एवं आर्थिक उन्नतिको लागि रोजगार एवं स्वरोजगारका विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५.१५ लागूऔषध तथा दूर्व्यसन न्यूनीकरणका लागि विद्यालय, कारागार र सार्वजनिक स्थलहरूमा विपाशन, योग तथा ध्यान अभियान सञ्चालन गरिनेछ।

५.१६ सडक आश्रित र असहाय मानवहरूको उद्धार तथा मानवोचित व्यवस्थापनका लागि 'सुरक्षित आवास' (Safe House) स्थापना गरी मधेशलाई सडक आश्रित मानवमुक्त प्रदेश घोषणा गरिनेछ। प्रदेशभित्रका सुधार गृह र पुनर्स्थापना केन्द्रहरूको पूर्वाधार विकास तथा चिकित्सक सेवाका लागि विशेष अनुदान दिइनेछ।

५.१७ न्यायमा पहुँच नभएका गरिब, विपन्न र असहाय नागरिकका लागि प्रत्येक जिल्लामा निःशुल्क वकिल र कानुनी न्याय परामर्श सहायता डेस्क स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

५.१८ युवाहरूको क्षमता विकासका लागि प्रदेश र स्थानीय स्तरीय "मुख्यमन्त्री खेलकुद प्रवर्द्धन कार्यक्रम" मार्फत प्रतियोगिता आयोजना गरी मागमा आधारित प्राविधिक सीप विकास सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरी स्थानीय खेलकुद तथा स्वरोजगार प्रवर्द्धन गरिनेछ।

५.१९ "महिलाको सीप र साहस, मधेश विकासको विश्वास" नारालाई आत्मसात् गर्दै महिलाहरूलाई आत्मनिर्भर र उद्यमशीलतातर्फ उन्मुख गराउन सीप विकास, प्रविधि हस्तान्तरण र सहुलियतपूर्ण वित्तीय पहुँचको नीति अवलम्बन गरिनेछ।

५.२० "शिक्षित छोरीः सुरक्षित मधेश, उद्यमशील नारीः समृद्ध प्रदेश" सङ्कल्पका साथ 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमलाई परिमार्जन गरी कार्यान्वयन गरिनेछ। यस अभियानलाई 'मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम' सँग जोड्दै महिलाहरूलाई प्राविधिक सीप, सहुलियतपूर्ण कर्जा र बजार पहुँचमार्फत आर्थिक रूपले सशक्त र आत्मनिर्भर बनाइनेछ।

५.२१ अति विपन्न, दलित र सीमान्तकृत समुदायका बालबालिका, गर्भवती र सुत्केरीको पोषण अवस्था सुधार गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। अस्वस्थ्यकर खाद्य पदार्थलाई निरुत्साहित गर्दै १८ वर्षमूनिका HIV÷AIDS सङ्क्रमित बालबालिकालाई संरक्षण र पोषण अनुदान उपलब्ध गराइनेछ।

५.२२ प्रदेशका स्थानीय भाषाहरूको अनुसन्धान तथा साङ्केतिक भाषाको मानकीकरण गर्न 'भाषा अनुसन्धान केन्द्र' स्थापना गरिनेछ। साथै, दोभासेहरूको वृत्ति विकासका लागि राष्ट्रिय सीप परीक्षण समिति (NSTB) सँगको समन्वयमा सीप परीक्षण र प्रमाणीकरणको व्यवस्था मिलाइनेछ।

५.२३ बढ्दो डिजिटल अपराध, अनलाइन ठगी र साइबर बुलिङबाट महिला, बालबालिका तथा युवाहरूलाई सुरक्षित राख्न प्रदेशस्तरमा 'साइबर सुरक्षा सचेतना र प्राविधिक सक्षमता विकास' का विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५.२४ जनकपुरधाम स्थित जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिनेछ।

५.२५ जनकपुरलाई कला, संस्कृति र सभ्यताको अन्तर्राष्ट्रिय केन्द्र तथा एक विशिष्ट "वेडिङ डेस्टिनेशन" का रूपमा विकास गरी स्वदेशी तथा विदेशी पर्यटकहरूलाई मिथिला परम्पराअनुसार विवाहका लागि आकर्षित गर्दै यहाँको रीतिरिवाज, संस्कार र परम्परागत ज्ञानको संरक्षण, डिजिटलाइजेशन तथा बजारीकरण गर्न र मिथिला चित्रकला, हस्तकला एवं सांस्कृतिक उत्पादनहरूलाई अन्तर्राष्ट्रिय बजारसम्म पुर्याउन तीनै तहका सरकारबीच समन्वय र सहकार्य गरिनेछ।

५.२६ नागरिकलाई सर्वसुलभ, स्वच्छ र सुरक्षित खानेपानी सेवाको प्रत्याभूति गर्दै खुला दिसामुक्त (ODF) अवस्थाको दिगोपना सुनिश्चित गरिनेछ। वातावरणीय स्वच्छताका लागि फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्दै मधेशलाई "पूर्ण सरसफाइयुक्त प्रदेश" निर्माण गर्ने नीति लिइनेछ।

५.२७ "प्लास्टिकमुक्त मधेश, स्वच्छ र स्वस्थ परिवेश" भन्ने सङ्कल्पका साथ बढ्दो सहरीकरण र प्रदूषणलाई दृष्टिगत गर्दै एकल प्रयोगका प्लास्टिक (क्ष्लनभि-गकभ उबिकतष्अ) लाई प्रतिबन्धित गरी बायो-डिग्रेडेबल(कुहिने) विकल्पहरूको प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

५.२८ बाढी, आगलागी र शीतलहर जस्ता प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण गर्न अति विपन्न वर्ग लक्षित 'सुरक्षित आवास तथा विपद् बीमा कार्यक्रम' लागु गरिनेछ। यस अन्तर्गत विपन्न परिवारको घर र पशुधनको बीमा प्रिमियममा प्रदेश सरकारले अनुदान दिनेछ।

५.२९ धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि लुम्बिनी, रामधुनी र जनकपुरधामलाई भारतको अयोध्या र सीतामढीसँग जोड्न 'क्रस-बोर्डर टुरिजम' प्याकेज सञ्चालनमा ल्याई सार्वजनिक-निजी साझेदारीमा अत्याधुनिक 'सांस्कृतिक ग्राम' (Cultural Village) स्थापना गरिनेछ।

५.३० प्रदेशका नागरिकको जीवन रक्षा र सामाजिक सुरक्षाको प्रत्याभूति गर्न स्वास्थ्य तथा दूर्घटना बीमा कार्यक्रमलाई थप सर्वसुलभ बनाइनेछ। साथै, उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई दिइँदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५.३१ मधेश प्रदेशमा बाल विवाह र दाइजो प्रथा जस्ता सामाजिक कूप्रथाहरूको पूर्ण अन्त्य गर्दै समाजमा विद्यमान लैंगिक हिंसा लगायत सबै प्रकारका विभेदहरूको उन्मूलनका लागि विशेष सचेतना र अभिमुखीकरण कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

५.३२ प्रदेशभित्रका पोखरी, कुवा, नहर, तलाउ, नदिनाला तथा निर्माण स्थलका खाल्डाहरूमा डुबेर हुने बालबालिकाको असामयिक मृत्यु रोक्न जोखिम न्यूनीकरण र रोकथामका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५.३३ "स्वस्थ समाजको लागि स्वास्थ्य शिक्षा" नीतिलाई अवलम्बन गर्दै विद्यालय तथा समुदाय स्तरमा स्वास्थ्य शिक्षा, शारीरिक शिक्षा, नैतिक शिक्षा र सूचना तथा सञ्चार प्रविधिसम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

५.३४ "खेलकुद रोजौँ, लागूऔषध त्यागौँ" भन्ने अभियानमार्फत युवा पुस्तालाई लागूऔषध दूर्व्यसनबाट टाढा राख्न खेलकुद तथा रचनात्मक गतिविधिमा सघन रूपमा संलग्न गराइनेछ।

५.३५ "खेलकुद पूर्वाधारको विस्तार र प्रतिभा पहिचानः समृद्ध मधेशका लागि खेलकुद विकासको नयाँ अभियान" भन्ने मूल नाराबमोजिम प्रदेशको खेलकुद क्षेत्रको व्यावसायिक विकासका लागि आधुनिक पूर्वाधार निर्माण गरिनुका साथै तल्लो तहदेखि नै खेलाडीहरूको प्रतिभा पहिचान गरी क्षमता प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

५.३६ प्रदेशको सन्तुलित विकासका लागि प्रभावकारी जनसङ्ख्या व्यवस्थापन गर्दै युवा जनशक्तिलाई उत्पादन र पूर्वाधार विकासमा प्रत्यक्ष परिचालन गरिनेछ।

६. पूर्वाधार विकासः

**माननीय सदस्यहरू,**

दिगो, सन्तुलित र पर्यावरणमैत्री विकासका लागि भरपर्दो भौतिक पूर्वाधार निर्माण अपरिहार्य छ। टुक्रे आयोजनालाई निरुत्साहित गर्दै दीर्घकालीन महत्त्वका 'प्रादेशिक गौरव र बहुवर्षीय आयोजनाहरू' मार्फत सडक, सिँचाई र सुरक्षित आवास निर्माण गर्न पूर्वाधार विकासतर्फ देहायका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछः

६.१ "कृषि रूपान्तरणको आधार, प्रविधि र पूर्वाधार" भन्ने अभियानलाई केन्द्रमा राखी कृषिजन्य वस्तुहरूको व्यावसायीकरण, औद्योगीकरण र यान्त्रीकरणमार्फत उत्पादन अभिवृद्धि गर्न किसानहरूलाई आधुनिक प्रविधि तथा औजार उपलब्ध गराउँदै दिगो कृषि पूर्वाधार निर्माणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६.२ प्रादेशिक सडक सञ्जाल गुरुयोजना (एच्ल्ःए) अन्तर्गतका सडकहरूको मर्मत-सम्भार तथा स्तरोन्नतिलाई उच्च प्राथमिकता दिइनेछ। बाह्रै महिना यातायात सञ्चालन सुनिश्चित गर्न प्रत्येक निर्वाचन क्षेत्रका मुख्य सडकहरू र आवश्यक नदी तथा खोलाहरूमा पक्की पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

६.३ हरित, उत्थानशील र जलवायुमैत्री सहरी पूर्वाधार विकासमा जोड दिइनेछ। विशेष गरी दलित, विपन्न तथा उपेक्षित वर्गका लागि स्थानीय परिवेश सुहाउँदो 'मुख्यमन्त्री आवास कार्यक्रम' मार्फत सुरक्षित आवासलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

६.४ भवन निर्माण आचारसंहिता र मापदण्डको प्रभावकारी कार्यान्वयन गर्दै प्रदेशभित्र निर्माण हुने सम्पूर्ण संरचनाहरूलाई भूकम्प प्रतिरोधात्मक (Earthquake Resistant) बनाउन

(बाँकी पृष्ठ ७ मा)

प्रवर्द्धन गरिनेछ। सार्वजनिक भवन, सडक र पर्यटकीय स्थलहरू निर्माण गर्दा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र बालबालिकामैत्री (Accessible÷Universal Design) पूर्वाधार निर्माणलाई अनिवार्य गरिनेछ।

६.५ टुक्रे आयोजनामा बजेट छरिने प्रवृत्ति रोक्न कम लागतका आयोजनाहरू प्रदेश सरकारले सञ्चालन नगरी स्थानीय तहमा सशर्त अनुदानका रूपमा हस्तान्तरण गर्ने नीति लिइनेछ।प्रदेश सरकारले ऊर्जा, सिँचाई, खानेपानी र सहरी पूर्वाधारजस्ता 'प्रदेश गौरवका आयोजनाहरू' को मापदण्ड बनाई गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याई एवं अधुरो/अपुरो र बहुवर्षीय आयोजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ।

६.६ सङ्घीय सरकारबाट हस्तान्तरित खानेपानी, सिँचाई, नदी नियन्त्रण र पूर्वाधार लगायतका बहुवर्षीय क्रमागत आयोजनाहरूलाई लक्ष्यबमोजिम समयमै सम्पन्न गर्न बजेट विनियोजन तथा सुनिश्चितताका लागि केन्द्र सरकारसँग पहल गरिनेछ।

६.७ भूमिगत जलस्रोतको अति दोहन नियन्त्रण गर्न र नदी व्यवस्थापनलाई प्रभावकारी बनाउन वैज्ञानिक अध्ययन तथा नक्साङ्कन (Mapping & Recharge Zoning) सहितको एकीकृत रणनीति लागू गर्दै चुरे क्षेत्र र तल्लो तटीय अन्तरसम्बन्धलाई सुदृढ गर्दै जलस्रोतको दिगो उपयोग सुनिश्चित गर्न वर्षाको पानी सङ्कलन, पोखरी संरक्षण, ताल तलैया, आर्टेसियन (Artesian), कुवा तथा जलाशयहरूको निर्माणलाई प्राथमिकता दिईनेछ।

६.८ स्रोत संरक्षणमार्फत 'भूमिगत जल पुनर्भरण' (Groundwater Recharge) कार्यक्रम सघन रूपमा सञ्चालन गरिनेछ।साथै आकाशे पानी सङ्कलन तथा पुनर्भरण प्रणाली जडान गर्न प्राविधिक सहयोग र सहुलियत उपलब्ध गराइनुका साथै, पुराना ट्यूबवेल सिँचाई योजनाहरूको मर्मत-सम्भार गरी संचालनमा ल्याईनेछ।

६.९ सतह सिँचाई र भूमिगत जलस्रोतको संयोजनात्मक उपयोगमार्फत सिँचाई सेवाको विस्तार गर्न 'जलस्रोत उपयोग तथा सिँचाई सुदृढीकरण कार्यक्रम' कार्यान्वयनमा ल्याइनेछ।

६.१० पूर्व-पश्चिम राजमार्ग आसपासका वन क्षेत्रमा हुने आगलागी नियन्त्रण तथा सुख्खायाममा वन्यजन्तुका लागि खानेपानी सुनिश्चित गर्न रणनीतिक स्थानहरूमा सौर्य ऊर्जामा आधारित डिप-बोरिङ, पोखरी र फायर-हाइड्रेन्टहरू निर्माण गरिनेछ।

६.११ दुधमति, बाग्मती, बकैया, चाँदी, कमला-उत्तराहिणी, गागणको आकाश गंगा, बलान लगायतका नदीहरूको तटबन्ध निर्माण, बाढी नियन्त्रण र नदीजन्य स्रोतको दिगो व्यवस्थापन गरिनेछ। साथै, नदी सौन्दर्यीकरण गर्दै यसलाई रामायण सर्किटसँग जोड्न पहल गरिनेछ।

६.१२ प्रदेशभित्रका सार्वजनिक पुस्तकालय र विज्ञान प्रयोगशालाहरूको पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ। गुणस्तरीय शिक्षाको पहुँच विस्तार गर्न प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा 'आवासीय नमुना विद्यालय' (Residential Model School) सञ्चालनमा ल्याइनेछ।

६.१३ नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गर्न 'वातावरणीय सुरक्षा मापदण्ड' प्रभावकारी रूपमा लागु गरिनेछ। वन क्षेत्रको साङ्गठनिक, कानुनी र संस्थागत संरचनामा समयानुकूल परिमार्जन गर्दै सूचना प्रविधिमा आधारित वन व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।सहभागितामूलक वन समूहमार्फत वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन अवलम्बन गरी वन उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।

६.१४ मानव र वन्यजन्तुबिचको द्वन्द्व न्यूनीकरण गरी सह-अस्तित्व कायम गर्न 'जैविक मार्ग' (Biological Corridor) को पहिचान, व्यवस्थापन र क्षति न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न स्थानीय ज्ञान र सीपमा आधारित अनुकूलन कार्यक्रमहरू सञ्चालन गर्दै कार्बन उत्सर्जन घटाउने रणनीतिक एवं नीतिगत उपायहरू कार्यान्वयनमा ल्याइनेछ।

६.१५ प्रदेशका नागरिकले विशिष्टीकृत उपचारका लागि बाहिर जानुपर्ने बाध्यता अन्त्य गर्न अत्याधुनिक उपकरण र जनशक्तिसहितको 'विशिष्टीकृत प्रादेशिक अस्पताल' स्थापना र स्तरोन्नती गरिनेछ।प्रमुख सहरहरूमा भारतीय बिरामीलाई समेत आकर्षित गर्न सक्ने गरी "स्वास्थ्य पर्यटन (Health Tourism)" पूर्वाधारको विकास गरिनेछ।

६.१६ नाशवान् वस्तुको व्यावसायिक क्षति (उयकत-जबचखभकत यिकक) न्यूनीकरण गरी बजार आपूर्तिलाई व्यवस्थित गर्न राजमार्ग आसपासका प्रमुख व्यापारिक केन्द्रहरूमा सार्वजनिक-निजी साझेदारी (PPP) मोडेलमा बहुउद्देश्यीय शीत भण्डार निर्माण गरिनेछ।

६.१७ मधेश प्रदेशका प्रमुख पर्यटकीय, धार्मिक र ऐतिहासिक स्थलहरूलाई आबद्ध गरी प्रविधिमैत्री 'एकीकृत पर्यटकीय सूचना प्रणाली' को विकास गरिनेछ । बाराको ऐतिहासिक सिम्रौनगढलाई "खुला सङ्ग्रहालय" (इउभल ब्व्च ःगकभग) को अवधारणामा 'प्रदेश पर्यटन गौरव आयोजना' का रूपमा विकास गरिनुका साथै, चुरे शृ लाको फेदीमा पर्या-पर्यटन (Eco–tourism) प्रवर्द्धन गर्न "मधेश ट्रेल" (ःबमजभकज त्चबषि) पदमार्ग तथा साईकल ट्र्याकको पूर्वाधार निर्माण र ब्रान्डिङ गरिनेछ।

६.१८ सङ्घीय सरकारको 'देवभूमि नेपाल' अभियानसँग तालमेल मिलाउँदै जनकपुरधाम, सिम्रौनगढ, गढीमाई मन्दिर, छिन्नमस्ता र गोल्मे राजा बौद्ध बिहार लगायतका धार्मिक स्थलहरूलाई 'आध्यात्मिक तीर्थ कूटनीति' (Spiritual Pilgrimage Diplomacy) मार्फत अन्तर ाष्ट्रियस्तरमा प्रवर्द्धन गरिनेछ। प्रदेशका प्राचीन कला, संस्कृति र परम्परा झल्किने गरी 'जीवित सङ्ग्रहालय' (Living Museum) को अवधारणा कार्यान्वयन गरिनेछ।

६.१९ आगामी ११औं राष्ट्रिय खेलकुद प्रतियोगिता मधेश प्रदेशमै सञ्चालन गर्ने लक्ष्यलाई मूर्तरूप दिन 'राम जानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशाला' लगायत प्रदेश स्तरीय रङ्गशालाहरु निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ द्रूत गतिमा अगाडि बढाइनेछ।

६.२० शान्ति सुरक्षालाई थप सुदृढ र प्रविधिमैत्री बनाउन प्रदेशका रणनीतिक स्थानहरूमा आधुनिक पूर्वाधार र प्रविधियुक्त "स्मार्ट प्रहरी चौकी" निर्माण गरिनुका साथै मौजुदा प्रहरी भवनहरूको मर्मत-सम्भार गरिनेछ।

६.२१ "विपद् पूर्व तयारीः हाम्रो जिम्मेवारी" भन्ने मूल सोचका साथ तहगत सरकारहरूसँगको समन्वयमा विपद् जोखिम न्यूनीकरण, पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभिका लागि एकीकृत प्रणाली (Integrated System) को विकास गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

६.२२ विपद्को समयमा तत्काल राहत, उद्धार र पुनः स्थापना कार्यलाई प्रभावकारी बनाउन प्रत्येक जिल्लामा "बहुउद्देश्यीय आपतकालीन आश्रय स्थल" तथा "विपद् व्यवस्थापन गोदाम" निर्माण गरी खाद्यान्न र आधुनिक उद्धार उपकरणहरूको रणनीतिक मौज्दात राखिनेछ।

६.२३ स्थानीय तहसँगको साझेदारीमा प्रारम्भिक बाल विकास (ECCD) केन्द्रहरूलाई बालमैत्री भवन, फर्निचर, शैक्षिक खेलौना, विज्ञान केन्द्र र डिजिटल उपकरणसहित नमुना केन्द्रका रूपमा सुदृढीकरण गरिनेछ।

६.२४ यातायात, भूमि उपयोग, आर्थिक विकास र वातावरण संरक्षणलाई एकीकृत गरी 'दीर्घकालीन एकीकृत प्रादेशिक विकास रणनीति' तर्जुमा गरिनेछ। पर्यटक तथा यात्रीहरूको सहजताका लागि मुख्य राजमार्गहरूका उपयुक्त स्थानमा मनोरञ्जनसहितका 'रिफ्रेस सेन्टर' स्थापना गरिनेछ।

६.२५ स्वास्थ्य र शिक्षा क्षेत्रमा भइरहेको वैदेशिक परनिर्भरता रोक्न प्रदेशका विद्यमान शैक्षिक संस्था एवं अस्पतालहरूलाई आधुनिक प्रविधि र पूर्वाधारयुक्त बनाई उच्चस्तरीय सेवा सुनिश्चित गर्न स्तरोन्नतिको विशेष अभियान सञ्चालन गरिनेछ।

६.२६ प्रयोग भइसकेको वस्तु प्रशोधन गर्ने ३च (Reduce, Reuse, Recycle) उद्योगलाई विशेष प्रोत्साहन गरिनेछ। आयातित कम्पनीका पेय पदार्थलाई सरकारी बैठक एवं समारोहहरूबाट विस्थापित गरी स्थानीय फलफूल तथा कृषि र दूधजन्य उपजलाई "प्रादेशिक पेय पदार्थ" का रूपमा अनिवार्य प्रयोग गर्ने नीति लागू गर्दै यस्ता प्रशोधन उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ।

६.२७ कृषि र सीप विकासलाई प्रादेशिक निर्वाचन क्षेत्र र स्थानीय तहसम्म एकीकृत रूपमा विस्तार गर्न 'कृषि महिला स्वयंसेविका' परिचालनको नीति अवलम्बन गरिनेछ। यस संयन्त्रमार्फत युवा तथा कृषकहरूलाई आधुनिक कृषि प्रविधि, जैविक मल उत्पादन र उपकरण सञ्चालनबारे व्यावहारिक ज्ञान एवं सीपमूलक तालिम प्रदान गर्न कृषि शिविरहरू सञ्चालन गरिनेछ।

६.२८ कृषि उपजको बजारीकरण र मूल्य अभिवृद्धि (Value Addition) गर्दै कृषिमा आधारित घरेलू उद्योग स्थापनालाई बढवा दिन प्रदेश सरकारले विशेष प्रोत्साहन र सहुलियतपूर्ण अनुदान प्याकेजको व्यवस्था गर्नेछ।

६.२९ मधेश प्रदेशका सहिद परिवार, बेपत्ता परिवार तथा घाइतेको सम्मान एवं परिपूरण सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६.३० मुसहर, दलित, तथा सीमान्तकृत समुदायको आर्थिक-सामाजिक रूपान्तरणका लागि उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिनुका साथै त्यस्ता सीमान्तकृत क्षेत्रमा विद्युत् पहुँच सुनिश्चित गर्न वैकल्पिक तथा नवीकरणीय ऊर्जा प्रवर्द्धनको 'अप-ग्रेड' नीति अवलम्बन गरिनेछ।

६.३१ चुरे संरक्षणका लागि जैविक तटबन्ध निर्माण, नदीजन्य गेग्रानको उचित व्यवस्थापन र बाढी-पहिरो नियन्त्रणका कार्यहरू सघन रूपमा अगाडि बढाइनेछ। बाढी र शीत लहर जस्ता विपद् प्रभावितहरुको लागि "विपद् व्यवस्थापन कोष" स्थापना गरिनेछ र पूर्व तयारी तथा नागरिक सुरक्षाका लागि मोबाइल एसएमएस (SMS) मार्फत पूर्व सूचना प्रणाली (Early Warning System) लाई थप सुदृढ गरिनेछ।

६.३२ उपभोक्ताको स्वास्थ्य र अधिकार सुनिश्चित गर्दै बजारमा उपलब्ध खाद्य तथा औद्योगिक वस्तुहरूको शुद्धता एवं गुणस्तर परीक्षणलाई थप विश्वसनीय र मापदण्डअनुरूप बनाउन अत्याधुनिक प्रविधिसहितको 'मधेश नापतौल तथा गुणस्तर परीक्षण प्रयोगशाला' (Madhesh Measurement and Quality Testing Lab) स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

६.३३ "विद्युतीय सवारी वितरण र विस्तार, श्रमिकलाई रोजगारीको बलियो आधार" भन्ने मूल नारालाई आत्मसात् गर्दै वातावरणमैत्री यातायात व्यवस्था प्रणाली प्रवर्द्धनका लागि विद्युतीय सवारीसाधन (EV) को प्रयोग र सञ्चालनलाई प्रोत्साहन गर्दै यस नीतिलाई थप प्रभावकारी बनाउन आगामी आर्थिक वर्षदेखि सरकारी तथा निजी प्रयोजनका लागि विद्युतीय सवारीसाधन (EV) खरिद एवं सार्वजनिक तथा निजी साझेदारीमा चार्जिङ्ग स्टेशन स्थापना गर्ने नीति लिइनेछ।

६.३४ विद्युतीय सवारीको प्रवर्द्धनसँगै प्रदेशका ग्रामीण र सहरी क्षेत्र जोड्न 'प्रादेशिक यातायात गुरुयोजना' तयार गरिनेछ। सार्वजनिक-निजी साझेदारी (PPP) मोडलमा सर्वसुलभ र सुरक्षित सार्वजनिक यातायात (बस सेवा) सञ्चालन गरी आवागमनलाई सहज बनाइनेछ।

६.३५ "एक रुखको नाश, दश रुख विकास" भन्ने सङ्कल्पलाई आत्मसात् गर्दै सम्पूर्ण विकास आयोजनाहरूमा अनिवार्य पर्यावरण संरक्षणको व्यवस्था गरिनेछ। पूर्वाधार निर्माणका क्रममा काटिने प्रत्येक रुखको सट्टा दश वटा नयाँ रुख रोपण गरी पाँच वर्षसम्म संरक्षण गर्न आयोजनाकै स्वीकृत बजेटभित्र स्रोत व्यवस्थापन गर्ने नीति लिइनेछ।

६.३६ प्रदेशको राजधानी जनकपुरधाममा प्रदेश सरकारको प्रशासनिक केन्द्र, प्रदेश सभा भवन, मन्त्रालयहरू एवं आवास तथा अन्य अत्यावश्यक प्रादेशिक कार्यालयहरूको स्थायी संरचना निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ। यसका लागि आवश्यक जग्गा प्राप्ति, विस्तृत गुरुयोजना (Master Plan) र डिजाइनको कार्य यथाशीघ्र सम्पन्न गरी बहुवर्षीय ठेक्का प्रणालीमार्फत निर्माण कार्यलाई द्रूत गतिमा अगाडि बढाइनेछ।

६.३७ जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय 'जलवायु कोष' (Climate Fund) मा प्रदेशको पहुँच बढाउने संयन्त्र बनाइनेछ। प्राप्त वित्तको परिचालनबाट हरित पूर्वाधार र जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गरी मधेशलाई 'जलवायु उत्थानशील प्रदेश' बनाइनेछ।

६.३८ चुरे संरक्षण र प्रादेशिक वन व्यवस्थापनलाई 'कार्बन व्यापार' (Carbon Trading) सँग जोड्दै सामुदायिक वन उपभोक्ता समूहहरूलाई कार्बन क्रेडिटबाट प्रत्यक्ष आर्थिक लाभ दिलाउन पहल गरिनेछ। प्रदेशका ठुला हरित पूर्वाधार र नवीकरणीय ऊर्जाका आयोजनाहरूमा लगानी जुटाउन 'प्रादेशिक हरित बन्ड' (Province Green Bond) निष्कासनको सम्भाव्यता अध्ययन गरिनेछ।

७. सुशासन, अन्तर तह र अन्तर निकाय समन्वय र प्रशासनिक सुधार

**माननीय सदस्यहरू,**

पारदर्शी, छिटोछरितो र जनमुखी सार्वजनिक सेवा प्रवाह नै लोकतान्त्रिक सरकारको दायित्व हो। शासकीय प्रणालीमा सूचना प्रविधिको उच्चतम प्रयोग, भ्रष्टाचार नियन्त्रण, जवाफदेही प्रशासन र तहगत सरकारहरू बिचको मजबुत समन्वयमार्फत सुशासन कायम गर्न देहायका नीति तथा कार्यक्रमहरू अवलम्बन गरिनेछः

७.१ "हरित मधेश, जोगाउ प्रदेश" नारालाई आत्मसात् गर्दै खाली तथा उपयोगविहीन सार्वजनिक एवं निजी जग्गाहरूमा बृहत् वृक्षारोपण र संरक्षण गर्न स्थानीय तह तथा निजी क्षेत्रसँग प्रभावकारी समन्वय तथा सहकार्य गरिनेछ।

७.२ सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, पारदर्शी र नागरिकमैत्री बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गर्दै 'एकीकृत डिजिटल सेवा प्रवाह' प्रणालीलाई सुदृढ गरिनेछ। प्रदेश तथा स्थानीय तहबाट प्रदान गरिने प्रमुख सेवाहरूलाई एकद्वार प्रणाली (One–Stop Service Delivery System) मार्फत एउटै अनलाइन प्लेटफर्ममा आबद्ध गर्दै बिचौलियाको अन्त्य गर्न र नागरिकलाई लाइन बस्नुपर्ने झन्झटबाट मुक्त गर्न 'कागजविहीन, लाइनरहित र अनुहाररहित (एबउभचभिकक, त्तगभगभभिकक बलम ँबअभभिकक)' सेवा सुनिश्चित गरिनेछ। साथै, नागरिकका गुनासोहरूलाई प्रत्यक्ष सुन्न र तत्काल सम्बोधन गर्न 'नमस्ते मधेश एप' (Namaste Madhesh App) र "ज्भर्िायि ऋः" पोर्टललाई एकीकृत गुनासो व्यवस्थापन प्रणालीका रूपमा विकास गरिनेछ।

७.३ मधेश प्रदेशमा सुशासन कायम गर्न र भ्रष्टाचारविरुद्ध 'शून्य सहनशीलता (Zero Tolerance)' को नीति कडाइका साथ अवलम्बन गरिनेछ। सार्वजनिक सेवा प्रवाह, खरिद प्रक्रिया र विकास आयोजनाको कार्यान्वयनलाई पूर्ण रूपमा पारदर्शी, प्रविधिमैत्री र जनउत्तरदायी बनाइनेछ। सुशासन प्रवर्द्धन तथा आर्थिक अनियमितता नियन्त्रण गर्न सङ्घीय निकायसँगको समन्वयलाई थप सुदृढ गर्दै प्रदेशस्तरमा 'सुशासन तथा सदाचार प्रवर्द्धन रणनीति' लागु गरिनेछ।

७.४ नागरिकको भावना प्रदेश सरकारसँग पुर्यानउन र प्रदेश सरकारको काम कारवाही बारेको सूचना आम प्रदेशवासी समक्ष सहज रुपमा पुर्याईई प्रदेश सरकार र प्रदेशवासी बीचको विश्वास अभिवृद्धि एवं सम्बन्ध बलियो बनाउन प्रदेश सरकारकै स्वामित्वमा टेलिभिजन, रेडियो लगायतको सञ्चार माध्यम स्थापना र सञ्चालन गरिनेछ।

७.५ सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्दैप्रदेशसरकारका गतिविधिहरूलाई जनस्तरसम्म पुर्‍याउन "मधेश प्रदेश सञ्चार ग्राम" स्थापना गरिनेछ। मगही, थारु, मैथिली, भोजपुरी, बज्जिका, उर्दु र हिन्दी लगायतका मातृभाषामा सूचना प्रकाशन गर्ने मिडियालाई लोककल्याणकारी विज्ञापनमार्फत सहुलियत प्रदान गरिनुका साथै क्रियाशील पत्रकारहरूको दूर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७.६ प्रदेशका नीति, योजना र बजेटलाई प्रमाणमा आधारित (Evidence–based) बनाउन 'प्रादेशिक तथ्याङ्क तथा अनुसन्धान ब्युरो' स्थापना गरिनेछ। यसले कृषि, स्वास्थ्य, शिक्षा र आर्थिक सूचकाङ्कको यथार्थपरक तथ्याङ्क व्यवस्थापन गरी स्रोतको न्यायोचित वितरणमा सघाउनेछ।

७.७ प्रदेशलाई आवश्यक पर्ने नयाँ कानुन निर्माण र मौजुदा कानुन संशोधनको स्पष्ट रोडम्याप तयार गरी विज्ञहरूको संलग्नतामा मौलिक कानुनहरूको मस्यौदा तर्जुमा गरिनेछ। स्थानीय तहका न्यायिक समितिहरूको क्षमता विकास र इजलास व्यवस्थापनका लागि प्राविधिक तथा कानुनी सल्लाहकारको व्यवस्था गरिनेछ।

७.८ सरकारी, ऐलानी, पर्ती तथा गुठी जग्गाहरूको एकीकृत संरक्षण, व्यवस्थापन र सदुपयोग सुनिश्चित गर्न "भूमि तथा गुठी जग्गा व्यवस्थापन विधेयक" तर्जुमा गरी अतिक्रमण नियन्त्रण र ऐतिहासिक एवं सांस्कृतिक सम्पदाहरूको डिजिटल अभिलेखीकरण गरिनेछ।

७.९ प्रदेश प्रशिक्षण तथा अनुसन्धान केन्द्र (PRCT) मार्फत प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको कार्यक्षमता अभिवृद्धि गर्न प्राविधिक एवं व्यवस्थापकीय क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रदेश तथा स्थानीय सरकारमा सुशासन कायम गर्न र आर्थिक विकासलाई गति दिन नवप्रवर्तन (Innovation), अनुसन्धान कार्यका लागि प्राविधिक तथा रणनीतिक सहयोगमा वृद्धि गरिनेछ।

७.१० सङ्घीयताको सबलीकरण र अधिकार क्षेत्रका विषयमा आउन सक्ने विवाद समाधान गर्न "अन्तर-प्रदेश संवाद" संयन्त्रलाई प्रभावकारी बनाइनेछ। प्रादेशिक तथा स्थानीय तहबिचको प्रशासनिक, कानुनी र योजनाबद्ध साझेदारी सुदृढ गर्दै मानव अधिकार संरक्षणसम्बन्धी अन्तर निकाय संयन्त्रलाई थप सक्रिय बनाइनेछ।

७.११ प्रदेशको आन्तरिक तथा अन्तर प्रदेश व्यापारलाई व्यवस्थित र प्रतिस्पर्धी बनाउन प्रादेशिक वाणिज्य तथा आपूर्ति नीति लागू गरिनेछ। साथै, नागरिकको जीवनस्तर सुधार्न सहकारी क्षेत्रलाई पारदर्शी र सुशासनयुक्त बनाउँदै मर्यादित रूपमा परिचालन गरिनेछ।

७.१२ सीमापारिबाट हुने लागूऔषध ओसारपसार नियन्त्रण गर्न संघीय सुरक्षा निकायहरुसँगको समन्वयमा विशेष सुरक्षा गस्ती र प्रविधिको प्रयोगमार्फत सीमा सुरक्षा जाँचलाई प्रभावकारी बनाइनेछ। प्रदेशका सबै स्वास्थ्य निकायहरूलाई एकीकृत डिजिटल प्रणालीमा आबद्ध गर्दै स्वास्थ्य आपतकालीन कार्य सञ्चालन तथा एम्बुलेन्स प्रेषण केन्द्रलाई व्यवस्थित गरिनेछ।

७.१३ "डिजिटल मधेश, प्रविधिमैत्री प्रदेश" भन्ने नारालाई आत्मसात गर्दै प्राविधिक सक्षमता विकास र नवप्रवर्तनलाई प्रोत्साहन गर्न युवाहरूलाई देशभित्रै बसेर विश्व बजारमा काम गर्न सक्ने गरी फ्रिल्यान्सिङ, कोडिङ र डिजिटल सीपसहितको 'आईटी हब तथा इन्कुबेसन सेन्टर' स्थापना गरिनेछ।

७.१४ प्रदेश प्रशासनलाई चुस्त-दुरुस्त र नतिजामुखी बनाउन सबै मन्त्रालय, आयोग, विभाग र कार्यालयहरूको वैज्ञानिक सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरिनेछ। मन्त्रालयहरु बिचको कार्यक्षेत्रको दोहोरोपना अन्त्य गर्न कार्य विभाजन पुनरावलोकन गरी लागू गरिनेछ।

७.१५ सार्वजनिक खर्चलाई मितव्ययी र नतिजामुखी बनाउन आधुनिक व्यवस्थापकीय औजारहरूको प्रभावकारी प्रयोग गरी वित्तीय अनुशासन कडाइका साथ कायम गरिनेछ । सार्वजनिक खर्चलाई परिणाममुखी बनाउँदै खर्च कटौती र चुस्त सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ। अत्यावश्यक बाहेकका गोष्ठी, सेमिनार, इन्धन र सवारीसाधन खरिद जस्ता अनुत्पादक तथा चालु खर्चलाई निरुत्साहित गरिनुका साथै अनुत्पादक, दोहोरो तथा निष्क्रिय संरचनाहरू खारेज गरी 'राइटसाइजिङ' (Rightsizing) गर्दै प्रदेश सरकारको सञ्चालन लागतलाई न्यूनतम विन्दुमा राखिनेछ।

७.१६ सार्वजनिक सेवा प्रवाहलाई नतिजामुखी र उत्कृष्ट बनाउन प्रदेश निजामती कर्मचारीहरूको कार्यसम्पादन क्षमता अभिवृद्धि एवं विषयगत विज्ञताको अधिकतम उपयोग गरिनेछ। कार्यस्थलमा हुने द्वन्द्व, गुनासो र तनावको प्रभावकारी व्यवस्थापन गर्न व्यावहारिक, सैद्धान्तिक तथा आध्यात्मिक तालिम सञ्चालन गरिनेछ। साथै, कर्मचारीहरूको सुव्यवस्थित वृत्ति विकास, नेतृत्व विकास र उत्तराधिकार योजना (Succession Planning) लाई आबद्ध गर्दै "अनिवार्य क्षमता विकास प्याकेज" प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।

७.१७ स्थानीय तहको संस्थागत क्षमता विकास र 'शून्य बेरुजु' सहितको वित्तीय सुशासनलाई कडाइका साथ लागू गरिनेछ। सार्वजनिक वित्त प्रणालीलाई पारदर्शी, उत्तरदायी र समावेशी बनाउन "मधेश प्रदेश सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति" कार्यान्वयन गरिनेछ।

७.१८ कानुनी रायलाई एकरूपता दिन मानकीकृत ढाँचा (Standard Format) तयार गरी अनलाइन प्रणालीमा आबद्ध गरिनेछ। न्याय सम्पादनलाई छिटो र पारदर्शी बनाउन 'एकीकृत मुद्दा व्यवस्थापन प्रणाली' (क्लतभनचबतभम ऋ:व), डिजिटल अभिलेखीकरण र वैज्ञानिक मुद्दा बाँडफाँट मापदण्ड लागु गरिनेछ।

७.१९ आर्थिक वर्षको अन्त्य तिर अत्याधिक बजेट खर्च गर्ने प्रवृत्तिको अन्त्य गर्न आगामी आर्थिक वर्षदेखि साउन महिनाबाटै आयोजनाहरूको खरिद प्रक्रिया सुरु गर्ने 'शून्य-दिन खरिद नीति' कडाइका साथ लागु गरिनेछ। बजेट पारित हुनुअघि नै आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) र जग्गा प्राप्ति सम्पन्न भएको सुनिश्चित गरेर मात्र बजेट विनियोजन गरिनेछ।

७.२० प्रदेश नीति तथा योजना आयोगलाई प्रदेशको दीर्घकालीन विकास गुरुयोजना तथा विषय/क्षेत्रगत नीति निर्माणलाई थप सशक्त बनाइनेछ।

७.२१ प्रदेश निजामती सेवा र स्थानीय तहका कर्मचारीहरूको सरुवा प्रणालीलाई चक्रीय, पूर्वानुमानयोग्य र पारदर्शी बनाउन 'स्वचालित डिजिटल सरुवा प्रणाली' (ब्गतयफबतभम त्चबलकाभच क्थकतभ) लागु गरिनेछ। कर्मचारीको विषयगत विज्ञता, कार्यसम्पादन मूल्याङ्कन, र सुगम-दूर्गम सेवा अवधिलाई मुख्य आधार मानी 'वैज्ञानिक सरुवा मापदण्ड' कडाइका साथ कार्यान्वयन गरिनेछ।

**माननीय सदस्यहरू,**

यस गरिमामय सभासमक्ष प्रस्तुत गरिएको यस नीति तथा कार्यक्रमले प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि प्रमुख मार्गदर्शक दस्ताबेजका रूपमा कार्य गर्नेछ। यसको प्रभावकारी एवं नतिजामुखी कार्यान्वयनबाट मधेश प्रदेशको समग्र समुन्नति, सुदृढ सामाजिक न्याय र सुशासनको प्रत्याभूति हुनुका साथै उच्च आर्थिक वृद्धिदर हासिल हुने, गरिबी तथा असमानता न्यूनीकरण हुने, व्यापक रोजगारी सिर्जना हुने र समग्र मानव विकास सूचकाङ्कमा उल्लेखनीय सुधार आउने दृढ विश्वास मैले लिएको छु।

अन्त्यमा, यस दस्ताबेज तर्जुमाका क्रममा अमूल्य सुझाव एवं रचनात्मक सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण माननीय सदस्यहरू, जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज लगायत सम्पूर्ण प्रदेशवासी आम नागरिकहरूप्रति म हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु। "धन्यवाद"

## श्री शंकर जनता माध्यमिक विद्यालय

### चक्कर, धनुषा

### टेण्डर सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/१६ गते**

यम विद्यालयको वि. व्य. स. को मिति २०८२/११/२७ गते को निर्णय अनुसार साविकः जि. धनुषा गा.वि.स. चकर वडा नं. २ को चक्करदय पोखरी -१ र एजन मा पर्ने पोसनाही पोखरी १ हाल औरही गा.पा.-५ मा पर्ने पोसनाही -१ र वडा नं. ६ मा पर्ने चक्करदय पोखरी -१ समेत दुई पोखरीहरु माछा पालनको लागि टेण्डर लगाउनु पर्ने भएकोले टेण्डर स्वीकृत भएको मितिले ४ वर्ष को लागि तपसिलका शर्तहरुको अधिनमा रहि पोखरीहरुका डील बाहेक जलाशय माछापालनको लागि ठेक्का लगाउनु पर्ने हुँदा इच्छुक नेपाली नागरिकहरुको लागी मिति २०८३/०२/३० गते आइतवारका दिन सिलबन्दी टेण्डर आह्वान गरिएको छ।

**तपसिल शर्तहरु:**

१. टेण्डर फारम विद्यालयवाट रु १००/- अक्षरेपी एक सय मात्र तिगरी प्राप्त गर्न सकिन्छ।
२. टेण्डर साथ आफूले कबुल गरेकी जम्मा रकमका ५% रकम सिलवन्दी खाममा राखी वा यस विद्यालयको सनराइज बैंक लि. को च.हि.न. ०८०००७१५८६५७०१००१ मा जम्मा गरेको सक्कल भाउचर दरखास्त माथ पेश गर्नु पर्नेछ। साथै अर्नेष्ट मनी अन्तिम किस्तामा मिनाहा गर्नेछ।
३. पोखरीहरुको पानी र माछाको सम्पूर्ण जिम्मेवारी पोखरी ठेकेदारको हुनेछ।
४. टेण्डर फारममा रकम (आफूले कबुल गरेको) अंक र अक्षरमा केरमेट नगरी स्पष्ट लेनुपर्ने छ।
५. किस्ता रकम प्रत्येक वर्षको मंसिर र जेष्ठ मसान्त सम्म चुक्ता गर्नुपर्ने छ।
६. विद्यालयको पछिल्नो कुनै रकम बक्यौता राख्ने व्यक्ति वा ठेकेदारको टेण्डर मान्य हुने छैन।
७. टेण्डर दिने अन्तिम मिति २०८३/०२/३० गते आइतवार दिनको २:०० वजे भित्रमा विद्यालयमा बुझाउनुपर्ने र सोही दिनको २:१५ बजे विद्यालय प्राङ्गनमा टेण्डरदाताको प्रतिनिधि, सुरक्षा निकाय, औरही गा.पा. धनुषाको प्रतिनिधि र अन्य महानुभावहरुको समक्ष टेण्डर खोलिने छ। साथै टेण्डरदाता वा टेण्डरदाताको प्रतिनिधि उपस्थित नरहे पनि टेण्डर खोलिने कार्य रोकिने छैन।
८. स्वीकृत टेण्डरदारले (ठेकेदार) टेण्डर स्वीकृतिको सूचना पाएको मितिले ७ दिन भित्रमा स्वीकृत टेण्डरदाताले कबुलियत गर्नुपर्ने छ।
९. स्वीकृत टेण्डरदारले (ठेकेदार) टेण्डर स्वीकृतीका सूचना पाएको मितिले १५ दिन भित्र धनजमानी को प्रक्रिया अवलम्बन गरी मालपोत कार्यालय वा सम्बन्धित गा.पा. बाट मूल्याङ्कन गराई जग्गा मालपोत कार्यालय, धनुषाबाट विद्यालयको नाममा रोक्का गराउनुपर्नेछ। र सो वापतको आवत-जावत खर्च स्वीकृत टेण्डरदारले स्वयं गर्नुपर्नेछ।
१०. कबुल गरी ठेक्का नलिएमा अर्नेष्ट मनि फिर्ता हुने छैन।
११. टेण्डर रकम रु ७६,५१,००५/- अक्षरेपी छिहत्तर लाख एकावन्न हजार पाँच मात्र भन्दा कम रकमको टेण्डर मान्य हुने छैन। टेण्डर स्वीकृत गर्ने या नगर्ने अधिकार विद्यालयमा सुरक्षित रहनेछ। साथै समयको घटबढ विद्यालयले गर्न सकिने छ।
१२. विशेष जानकारीको लागि विद्यालयमा सम्पर्क गर्न सकिने छ।
१३. रीत नपुगेको टेण्डर मान्य हुने छैन।
१४. टेण्डर स्वीकृत भएको मितिले १५ दिन भित्र चलन पूर्वी लिनु पर्नेछ।
१५. विद्यालयलाई चक्करदय पोखरी र पोसनाही पोखरीको सौन्दर्यकरण गर्नको लागि घाट निर्माण वा अन्य कार्य गर्नुपर्दा उक्त पोखरीको पानी निकाल्नु परेमा सम्बन्धित ठेकेदारले कुनै वाधा विरोध गर्न पाउने छैन।
१६. चक्करदय र पोसनाही पोखरीलाई जीर्णाधार गर्नु पर्दा केहीं महिना बिलम्ब हुन सक्ने भएकोले कार्यक्रम समापन भएको मिति देखि ठेक्का अवधि गणना हुने र चलन भोग चिठी प्राप्त हुनेछ।

**प्रधानाध्यापक**

# सडक निर्माणमा ढिलाई भएको भन्दै प्रदर्शन

**टुडे समाचारदाता**

लहान । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत निर्माणाधीन कञ्चनपुर-कमला सडक विस्तार आयोजनामा चरम ढिलासुस्ती भइरहेको भन्दै निर्माण कम्पनीविरुद्ध सिरहाको गोलबजार नगरपालिका-४ निपनियामा आन्दोलन शुरु भएको छ ।



स्थानीय, व्यापारी तथा दलका नेता-कार्यकर्ताले शुक्रवार विहान पूर्व-पश्चिम राजमार्गमा टायर बालेर प्रदर्शन गर्दै करिब डेढ घण्टा सडक अवरुद्ध गरेका थिए । सडक अवरुद्ध भएपछि सयौं सवारी साधन बीच बाटोमै रोकिएका थिए भने यात्रुहरू अलपत्र परेका थिए ।

स्थानीयहरूका अनुसार ' चाइना रेलवे नं. २ इन्जिनियरिङ ग्रुप' ले ठेक्का लिएको करिब ७ वर्ष बितिसक्दा पनि सडक निर्माण सम्पन्न गर्न नसक्दा सर्वसाधारणले दैनिक सास्ती खेप्नुपरेको छ । सामान्य वर्षा हुँदा समेत सडक हिलाम्मे भएर आवतजावत ठप्प हुने, विद्यार्थी विद्यालय जानबाट वञ्चित हुने तथा पानी र हिलोका कारण विभिन्न रोग तथा छालासम्बन्धी समस्या बढ्दै गएको स्थानीय दिनेश नायकले गुनासो गरेका छन् ।

कम्पनीका प्रतिनिधि तथा स्थानीय तहका पदाधिकारीसँग बिहान १० बजे समस्या समाधानका लागि छलफल गर्ने सहमति भएपछि अवरुद्ध राजमार्ग खुलाइएको हो । स्थानीय नेता प्रमेश्वर साहले छलपलबाट सन्तोषजनक निष्कर्ष निस्किएन भने पुनः कडा आन्दोलनम गर्ने चेतावनी दिएका छुन ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत पर्ने लहान, गोलबजार, मिर्चैयालगायत बजार क्षेत्रमा सडकको दुर्दशाले नागरिक हैरान बनेका छन् । हिउँदमा धुलो र वर्षायाममा हिलोका कारण स्थानीयले वर्षौंदेखि सास्ती खेप्दै आएका छन् । घण्टौंसम्म जाममा बस्नुपर्ने बाध्यता अहिले पनि यथावत् रहेको छ ।

एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा निर्माणाधीन कञ्चनपुर-कमला सडक खण्डको ८६.८३ किलोमिटर सडक विस्तार तथा स्तरोन्नति आयोजना ६ वर्ष बित्दासमेत अधुरै रहेको छ । नेपाल सरकार र निर्माण कम्पनीबीच २०७७ असार ११ गते भएको सम्झौताअनुसार आयोजना २०८० कात्तिक ११ गतेभित्र सम्पन्न हुनुपर्ने थियो ।

तर निर्माण कम्पनीको सुस्त कार्यशैली, वित्तीय समस्या, कोरोना महामारी, रुख कटानमा ढिलाइ तथा विद्युत् पोल सार्ने काम समयमा नभएकाले आयोजना पटक-पटक पछाडि धकेलिएको छ । आयोजनाको म्याद पहिले १४ महिना, त्यसपछि १२ महिना र पछिल्लो पटक थपिएको ६ महिनाको अवधि आगामी असार १६ गते सकिँदैछ ।तर हालसम्म आयोजनाको भौतिक प्रगति जम्मा ६८ प्रतिशत मात्रै पुगेको छ । अझै ३२ प्रतिशत काम बाँकी रहेकाले चौथो पटक पनि म्याद थपिन सक्ने अवस्था देखिएको छ ।

पूर्वी खण्ड सडक योजना कार्यालयका प्रमुख निरज शाक्यका अनुसार ३९.४२ किलोमिटरमध्ये २४.५८ किलोमिटर सडक मात्रै कालोपत्रे भएको छ । यस्तै पश्चिमी खण्डका सूचना अधिकारी अनुपमकुमार साहका अनुसार ४७.४१ किलोमिटरमध्ये ३५.६१ किलोमिटर सडकमा मात्र कालोपत्रे सम्पन्न भएको छ ।

निर्माणमा भएको ढिलाइले राज्यलाई आर्थिक भारसमेत थप्दै गएको छ । सुरुवाती लागतभन्दा झण्डै ३ अर्ब रुपैयाँ बढी खर्च भइसकेको छ । कुल १५ अर्ब ६६ करोड रुपैयाँ लागत रहेको परियोजनामा एडीबीको ७१.२२ प्रतिशत ऋण र नेपाल सरकारको २८.७८ प्रतिशत लगानी रहेको छ ।

# के तराईमा उँट चढेर भेडा चराउने दिन आउँदै छ ?

**ब्लग :**



**श्यामसुन्दर शशि**

मुलुकका प्रथम राष्ट्रपति तथा चुरे बचाउ अभियन्ता डा. रामवरण यादव मसंगको अन्तर्वातामा भनेका थिए- 'चुरे विनाशलीला रोकिएन भने तिम्रो त होइन, तर तिम्रो नातीलाई साउदी-कतारजस्तै उँट चढेर भैंडा चराउनु पर्ने छ ।' लगत्तै उनी निरस हुँदै भनेका थिए- 'खाडी देशहरुमा त पेट्रोलियम पदार्थको खानी छ र उनिहरु जोगिएका छन् । नेपालीहरु के गरि बाँच्ने होला कुन्नी ??'

यद्यपि डा.यादवले व्यक्त गर्नु भएको चिन्ता एक सय वर्ष अघि नै अमेरिकी शोधकर्ता फ्रेडरिक एच. गेजले जनाई सकेका थिए । उनले त्यतिवेलै लेखेका थिए- 'चुरेलाई जोगाउन सकिएन भने तराई मधेशको मलिलो माटो बगर बन्ने छ ।' हालै केन्द्रीय कृषि प्रयोगशालाले गरेको अध्ययन प्रतिवेदनले यसलाई पुष्टी पनि गरेको छ ।

प्रयोगशालाको अध्ययन प्रतिवेदन अनुसार, मधेश प्रदेशको ५४ दशमलव ७ प्रतिशत माटोमा अम्लीयपना बढेर उत्पादकत्वमा गम्भीर ह्रास आएको छ । मुलुकको अन्नको भखारी मानिने तराई मधेशको लगभग ५५ प्रतिशत माटो विरामी भएपछि उत्पादन र उत्पादकत्वमा पर्ने प्रभाव सहजै अनुमान गर्न सकिन्छ । अर्कोतर्फ मधेशका ६ लाख २ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये ५१ प्रतिशत जग्गा अझै पनि सिचाइँ सुविधाबाट वञ्चित छ । जग्गा विरामी हुँदै छ । समयमा मल, बीउ, सिचाइँ तथा बाजार पाउन सकिएका छैनन् । कृषि मजदूरहरु विदेश पलायन हुँदैछन् । राज्य सृजित यी समस्याहरुका कारण आगामी दिन तराईको मलिलो माटो झन् बिरामी हुने अनि मुलुकमा खाद्यान्न संकट अझ् विकराल हुने पक्का हो ।

केन्द्रीय कृषि प्रयोगशालाको अध्ययनले मधेश प्रदेशको माटोमा प्रांगारिक पदार्थको मात्रा घटेर १ दशमलव ९४ प्रतिशतमा झरेको उल्लेख छ । माटो विशेषज्ञहरुका अनुसार, स्वस्थ माटोमा प्रांगारिकतत्वको मात्रा कम्तीमा ५ प्रतिशत हुनु पर्ने हो । सरकारको २० वर्षे कृषि विकास रणनीतिले माटोको प्रांगारिक पद्धार्थलाई सन् २०१५ देखि २०३५ सम्म १ दशमलव ९६ प्रतिशतबाट बढाएर ४ प्रतिशत पुऱ्याउने महत्वाकांक्षी लक्ष्य लिएको छ । जो हालसम्मको उपलब्धि हेर्दा असम्भव जस्तै लाग्छ । माटोमा बढ्दो अम्लियपनाको कारण माटोको पानी सोस्ने क्षमता घटेको छ । उत्पादकत्व पनि घटेको छ ।

फ्रेडरिक एच. गेज अमेरिकी अनुसन्धानकर्ता थिए । जो फुलब्राइड-हेज छात्रवृति योजना अन्तर्गत नेपाल तराईको अध्ययन गर्न आएका थिए । उनले नोभेम्बर १९६७ देखि मार्च १९६८ सम्म तत्काल कायम रहेका तराईका ६ हजार २ सय ५८ गाउँहरुमध्ये ९९ गाउँ र नगरको स्थलगत सर्वेक्षण गरेका थिए । उनको अध्ययन प्रतिवेदन सन् १९७५ मा 'रिजनालिज्म एण्ड न्यासनल युनिटी इन नेपाल' शीर्षकमा अंग्रेजीमा प्रकाशित भएको थियो । सन् २०२५ मा मोहन मैनालीद्वारा अनुदित 'क्षेत्रीयता र राष्ट्रिय एकता' शीर्षकमा यस पुस्तकको ५० औं वार्षिक संस्करण बाजारमा आएको छ ।

गेजका अनुसार, तत्कालीन राज्यसत्ताले राष्ट्रिय एकात्कता, राजस्व असुली, बसाई सराई मार्फत तराईमा प्रभुत्व जमाउने उद्देश्यले नियोजितरुपमा तराईको जंगल फडानी तथा चुरे अतिक्रमण गराएको थियो । जंगल फडानी र चुरे दोहनको दुष्परिणाम तराईमा जलशंकट, भूक्षय, वातावरण प्रदुषणको रुपमा देखापर्ने प्रक्षेपन उनले ६० वर्ष अघि नै गरी सकेका थिए । सन् १९५४ मा संयुक्त राष्ट्र संघका वन विशेषज्ञहरुले महाभारत पर्वतको अवस्थाबारे गरेको अध्ययन प्रतिवेदनबारे उनले लेखेका थिए- 'वन विनाश र भू-क्षयले गर्दा माटोको उत्पादकत्व र पानीको आपूर्ति घट्दै गएको तथा जलवायुको अवस्थासमेत परिवर्तन हुँदै गएको पाएका थिए ।' प्रतिवेदनको आलोकमा उनको टिप्पणी थियो- 'कृषि उत्पादनमा कमि आउने बित्तिकै यसले वन विनाश गराउँछ ।'

फ्रेडरिक एच गेजले लेखेका छन्- 'तराई भन्नाले होचो पहाडहरुको सृंखलाको दक्षिणतर्फ भारतको सिमानासम्म फैलिएको मैदानी भू- भागमात्र भन्ने बुझिन्छ । नेपालको कुल क्षेत्रफल ५४ हजार ३ सय ६३ वर्ग माइलमध्ये तराईको क्षेत्रपफल (शिवालिकभन्दा दक्षिणको भाग) ८ हजार २ सय ८२ अर्थात् १५ दशमलव २ प्रतिशत भू- भाग तराई हो । उनले अगाडि लेखेका छन्- शाहवंशी राजाले सेन राजासंग पूर्वी तराई खोसे र त्यहाँ केही मात्रामा बसोबास गर्न स्वीकृति दिए । तराईमा काठको व्यापार र कृषिमा विस्तार गरेर राजस्व सजिलै बढाउन सकिन्थ्यो । काठको व्यापारका लागि जंगल फडानी र खेतीका लागि जमिन आबाद गर्ने काम संगसंगै हुने भएकाले धेरै मानिसहरु जंगल भएका ठाउँमा बसाई सरे ।

गेज ऐतिहासिक घटनाको आलोकमा एउटा रोचक प्रसंग कोट्याएका छन् । उनी लेख्छन्-'सन् १९७२ मा पहाडमा बढी पानी परेकाले खेती लगाउन सकिएन । जसले गर्दा सधैंको भन्दा बढी खाद्यान्न संकट उत्पन्न भएपछि पहाडबाट धेरै मानिसहरु जंगल फाडेर जीविकोपार्जन गर्न तराई झरे । जंगल फरानी गर्ने बेला वन फडानी रोक्ने वन कर्मचारी र पुलिससंग वन फडानी गर्नेहरुको झडप भएको थियो । गोली चलेर मोरंग रमाइलो झोडाको गोली काण्ड प्रमुख हो । त्यहा ४ हजार भन्दा पहाडेमूलका सुकुम्बासीहरु बसोबास गरेका थिए ।



भनिन्छ, बिते ताहि बिसारिये । आगेका सुध लेत । अर्थात् हुने भइ सक्यो । अगाडिको सोच्नु श्रेयस्कर हो । जेठ १५ गते संघीय बजेट आएको छ । अर्को महिना प्रदेश र स्थानीय सरकारको बजेट पनि सार्वजनिक हुने छ । तीनै तहका सरकारले कृषि, स्वास्थ्य, शिक्षालगायतका विषयलाई प्राथमिकताका राख्दै आएको छ, तर अपेक्षित प्रगति भने हुन सकेको छैन ।

अतः अब आउने बजेटमा चुरे संरक्षणलाई उच्च प्राथमिकता दिनु अति आवश्यक छ । चुरे संरक्षणको न्युनतम सर्त भनेको चुरेमा विद्यमान अवैध बस्तीहरु खाली गराउनु र वृक्षारोपनमार्फत चुरेलाई पुनः पुरानै स्वरुपमा ल्याउनु हो । चुरे जोगाउन सकियो भने तराईको माटो जोगिने हो । पर्यावरण जोगिने हो । अनि नेपाल पनि जोगिने हो । अन्यथा डा.यादवले भने जस्तै हाम्रा सन्ततिहरु उँट चढेर भेडा चराउने दिन नआउला भन्न सकिन्न ॥

# सोनार समाजको धर्मशाला निर्माण

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडा नगरपालिका-५ शिवनगरस्थित शिव मन्दिर नजिक नेपाल सोनार समाज रौतहटले धर्मशाला निर्माण कार्य सुरु गरेको छ । मधेश प्रदेश सरकारको ५० लाख रुपैयाँ लागतमा निर्माण हुन लागेको धर्मशालाको शुक्रबार शिलान्यास गरिएको हो ।

नेपाल सोनार समाज रौतहटका अध्यक्ष कामेश्वरनाथ प्रसाद साहको अध्यक्षतामा सम्पन्न शिलान्यास कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघ मधेश प्रदेश अध्यक्ष रामजी साह प्रमुख अतिथिका रूपमा सहभागी थिए ।

हिन्दू परम्परा अनुसार ब्राह्मण द्धारा विधिवत रुपमा मन्त्रोच्चारण गरी भएको शिलान्यास समारोहमा समाजसेवी डा. किशुनदेव गिरी, समाजका पूर्वअध्यक्ष शिक्षक जयकिशोर प्रसाद साह, राष्ट्रसेवक कर्मचारी बबुनन्दन साह, रामप्रवेश साह, हेमलाल साह, शंकर साह, बासदेव साह, मुकेश कुमार साह, राजकुमार साह, उमेश साह तथा इन्जिनियर आलोक कुमार साहलगायतको उपस्थिति रहेको थियो ।

# दलित तथा मुस्लिमका लागि आवास




**टुडे समाचारदाता**

जनकपुरधाम । अति विपन्न दलित तथा मुस्लिम समुदायका लागि आवास, स्वास्थ्य, खानेपानी र शौचालय निर्माण सम्बन्धी विशेष योजना अघि सारिएको मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याणमन्त्री लखन दास तत्माले बताएका छन् ।

राष्ट्रिय तत्मा समाज नेपालद्वारा आयोजित सम्मान कार्यक्रममा बोल्दै मन्त्री दासले सरकारले प्रदेशका १० हजारभन्दा बढी दलित तथा मुस्लिम परिवारलाई लक्षित गरी आवास तथा आधारभूत पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन अघि सारिएको जानकारी दिए ।

उनले युवा शक्तिलाई वैदेशिक रोजगारीतर्फ पलायन हुनबाट रोक्न सीपमूलक तालिम, व्यवसायिक दक्षता तथा सहुलियतपूर्ण 'स्टार्टअप लोन' उपलब्ध गराउने तयारीसमेत भइरहेको बताउँदै महिला, दलित, पिछडिएका तथा आर्थिक रूपमा कमजोर समुदायलाई लक्षित गरी स्वरोजगारमूलक कार्यक्रम आगामी बजेटमा ल्याइने भने ।

कार्यक्रममा मन्त्री दासले दलित, मुस्लिम तथा अति विपन्न परिवारका लागि पक्की आवास निर्माण, बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा तथा खेलकुद क्षेत्रमा आकर्षक योजना समेटिएको उल्लेख गरे । उनले आवश्यक सरकारी प्रक्रिया पूरा गरी आगामी बजेट भाषणपछि कार्यान्वयन प्रक्रिया तत्काल सुरु गरिने समेत बताए ।

राष्ट्रिय तत्मा समाज नेपालका केन्द्रीय अध्यक्ष रामअशिष दासको अध्यक्षतामा सम्पन्न कार्यक्रममा दलित समुदायका अगुवा व्यक्तित्वहरूले प्रदेशमा दलित समुदाय अझै पनि राज्यका विभिन्न निकायबाट वञ्चित रहेको गुनासो गरेका थिए ।सहभागी वक्ताहरूले मधेश प्रदेशमा करिब १८ प्रतिशत जनसंख्या रहेको दलित समुदायलाई उपेक्षा गरिदै आएकाले ।ाज्यका हरेक तहमा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न माग गरेका थिए ।

# दुई सातामै ८१ फरार प्रतिवादी पक्राउ




**टुडे समाचारदाता**

रौतहट । लामो समयदेखि फरार रहेका प्रतिवादीहरूलाई कानुनी दायरामा ल्याउन जिल्ला प्रहरी कार्यालय रौतहटले सञ्चालन गरेको विशेष अभियान संचालन गरेको छ । सो अभियान अन्तर्गत जिल्ला प्रहरी कार्यालयले पछिल्लो दुई सातामै ८१ जना फरार प्रतिवादी पक्राउ परेका छन् ।

हिजो बिहीवार जिल्ला प्रहरी तथा मातहतका युनिटले ६ जना फरार प्रतिवादीलाई जिल्लाको बिभिन्न स्थानबाट पक्राउ गरेको थियो । पक्राउ पर्नेहरुमा लागूऔषध मुद्दाका देवाही गोनाही नगरपालिका-७ का बिरेन्द्र राम, फतुवा विजयपुर नगरपालिका-४ का रामाप्रवेश महतो, बहुविवाह मुद्दाका यमुनामाई गाउँपालिका-४ का मुन्ना राय भाँट, लेनदेन बिगो मुद्दाका देवाही गोनाही-७ का राम एकवाल बैठा, चेक अनादर मुद्दाका फतुवा विजयपुर-११ का दयानन्द चौधरी तथा बैंकिङ कसुर मुद्दाका चन्द्रपुर-८ का महेश चौधरी रहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी बसन्त गौतमले बताएका छन् ।

प्रवक्ता डीएसपी गौतमका अनुसार यस अघी जेठ १ गतेदेखि १३ गतेसम्म जिल्लाका विभिन्न स्थानमा लुकिछिपी बस्दै आएका अदालतबाट दोषी ठहर भएका ७५ जना फरार प्रतिवादीहरूलाई पक्राउ गरिएको हो ।

प्रहरीले जिल्लाभर सञ्चालन गरेको सुराकी तथा विशेष अपरेसनका क्रममा चेक अनादर, कुटपिट, लुटपाट, लागूऔषध, बहुविवाह, लेनदेन बिगो, बैंकिङ कसुर, कर्तव्य ज्यान, चोरी, हातहतियार तथा बालबालिका बेचबिखनजस्ता गम्भीर मुद्दाका फरार अभियुक्तहरूलाई नियन्त्रणमा लिएको जनाएको छ । डीएसपी गौतमका अनुसार पक्राउ परेकामध्ये एक जना बालबालिका बेचबिखन मुद्दाका मुख्य प्रतिवादी समेत रहेका छन् । पक्राउ पर्ने अधिकांश प्रतिवादी भने पछिल्लो समय तीव्र रूपमा बढिरहेको वित्तीय अपराध अन्तर्गतको चेक अनादर मुद्दासँग सम्बन्धित रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार विशेष अभियानमार्फत पक्राउ गरिएका ८१ जना प्रतिवादीबाट अदालतले फैसला गरेको ५ वर्ष २९ दिन कैद सजाय कार्यान्वयन गर्नुका साथै १ लाख २२ हजार २ सय रुपैयाँ जरिवाना समेत असुलउपर गरिएको छ । पक्राउ परेका सबै प्रतिवादीहरूलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी रौतहट जिल्ला अदालत मा बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# विभिन्न कार्यक्रम गरी मनाइयो गणतन्त्र दिवस

**टुडे समाचारदाता**

जनकपुरधाम । १९ औँ गणतन्त्र दिवस धनुषा र महोत्तरीमा विभिन्न कार्यक्रम गरी मनाइएको छ ।




जिल्ला समन्वय समिति धनुषाले विशेष कार्यक्रम आयोजना गरी दिवस मनाएको हो । कार्यक्रममा सहभागी वक्ताहरूले गणतन्त्रको आवश्यकता, यसको उपलब्धि तथा जनताका लागि यसको महत्वबारे चर्चा गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले विश्वका धेरै मुलुकमा अझै पनि नागरिकले खुला रूपमा आफ्नो अभिव्यक्ति राख्न नपाउने अवस्था रहेको उल्लेख गर्दै नेपालमा गणतन्त्र स्थापनापछि जनताले वाक स्वतन्त्रता, मौलिक हक तथा प्रेस स्वतन्त्रता जस्ता अधिकार प्राप्त गरेको बताए ।

उनले जनताकै छोरा देशको सर्वोच्च पदसम्म पुग्न सक्ने व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्रले सुनिश्चित गरेको उल्लेख गर्दै प्राप्त उपलब्धिको संरक्षणका लागि सबै पक्ष जिम्मेवार हुनुपर्ने धारणा राखे ।

वक्ताहरूले गणतन्त्रले नागरिकलाई अधिकारसँगै अवसरसमेत प्रदान गरेको उल्लेख गर्दै लोकतान्त्रिक मूल्य र मान्यतालाई संस्थागत गर्न सबैको सहकार्य आवश्यक रहेको बताएका थिए ।

यस्तै महोत्तरीमा प्रभातफेरीसहित विभिन्न कार्यक्रम आयोजना गरी दिवस मनाइएको छ । जिल्ला स्तरीय गणतन्त्र दिवस समारोह समितिको आयोजनामा शुक्रबार बिहान जलेश्वरमा प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको हो ।

जलेश्वरस्थित सदरमुकाम क्षेत्रको नगर परिक्रमा गर्दै निकालिएको प्रभातफेरीमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनार, मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डल लगायत विभिन्न स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकायका अधिकारी, सरकारी कार्यालयका कर्मचारी तथा स्थानीयवासीको उल्लेख्य सहभागिता रहेको थियो ।

प्रभातफेरी सम्पन्न भएपछि सहभागीहरूले शहीदहरूको शालिकमा माल्यार्पण गर्दै लोकतान्त्रिक आन्दोलनमा योगदान दिने सहिदप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए । गणतन्त्र दिवसको अवसरमा जिल्लामा अन्य सचेतनामूलक तथा औपचारिक कार्यक्रमहरू समेत आयोजना गरिएको आयोजक समितिले जनाएको छ ।

नेपालमा २०६५ साल जेठ १५ गते जननिर्वाचित पहिलो संविधानसभाबाट निरंकुश राजतन्त्रको औपचारिक अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था घोषणा गरिएको थियो । सोही ऐतिहासिक दिनको स्मरणमा हरेक वर्ष जेठ १५ गते गणतन्त्र दिवस मनाइँदै आएको छ ।

# प्रदेश र स्थानीयलाई कति अनुदान

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संघीय सरकारले ल्याएको बजेटमा प्रदेश र स्थानीय तहको लागि वित्तीय समानीकरण र समपूरक अनुदान छुट्याएको छ ।



राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ मा प्रदेशका लागि ६१ अर्ब ५० करोड र स्थानीय तहका लागि ९० अर्ब २० करोड वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ ।

त्यसैगरी, प्रदेश र स्थानीय तहमा पूर्वाधार आयोजना कार्यान्वयन गर्न सात प्रदेशका लागि ४ अर्ब ६० करोड र ७५३ वटा स्थानीय तहको लागि ८ अर्ब ९३ करोड समपुरक अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ ।

साथै, प्रदेश र स्थानीय तहमा क्रमशः ३ अर्ब ८२ करोड र ९ अर्ब ४० करोड विशेष अनुदान छुट्याएको बजेट वक्तव्यमा उल्लेख छ । संघीय सरकारका आयोजना कार्यान्वयनका लागि प्रदेशमा ३९ अर्ब ७२ करोड र स्थानीय तहमा २ खर्ब ६ अर्ब ८ करोड सशर्त अनुदान विनियोजन गरिएको छ । संविधानको धारा-६० अनुसार संघीय सरकारले प्रदेश र स्थानीय तहलाई अनुदान दिनुपर्ने व्यवस्था छ।

प्रदेश र स्थानीय तहलाई राजस्व बाँडफाँडबाट कूल एक खर्ब ७५ अर्ब हस्तान्तरण हुने अनुमान गरिएको बजेट वक्तव्यमा उल्लेख छ । आगामी आर्थिक वर्षमा राजस्व बाँडफाँड (रोयल्टी समेत) बाट र वित्तीय हस्तान्तरण गरी प्रदेश र स्थानीय तहमा ६ खर्ब भन्दा बढी परिचालन हुने प्रक्षेपण गरेको अर्थमन्त्रीले बताएका छन् ।

**बिल-बिजकको प्रयोग अनिवार्य गरौं।**

- हरेक खरिदमा अनिवार्य रुपमा बिल/रसिद मागौं,
- कानुनी रुपमा मान्य बिल-बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवारनागरिकभईइमानदारीपूर्वककरोबारगरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८